# धर्मराज अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

**शोधपत्र**

**शोधार्थी**

इन्दिरा कार्की
रोल. नं. : १७/०६७
परीक्षा रोल नं. : २२००१२
त्रि.वि. दर्ता. नं. : ६-१-३४१-१९-२००४

नेपाली विभाग
पाटन संयुक्त क्याम्पस
पाटनढोका, ललितपुर

२०७२

## शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत् पाटन संयुक्त क्याम्पसमा नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षमा अध्ययनरत छात्रा इन्दिरा कार्कीले **धर्मराज अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यमा म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारि गर्दछु ।

सह. प्रा. सुरेन्द्रवर सिं. थापा
शोधनिर्देशक

मिति : २०७२-१२-२४

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पाटन संयुक्त क्याम्पसकी छात्रा इन्दिरा कार्कीले स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनको लागि तयार पार्नु भएको **धर्मराज अधिकारीको जीवनी, व्यक्तित्व र कृत्तित्वको अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका निम्ति स्वीकृत गरिएको छ ।

**शोधपत्रको मूल्याङ्कन समिति**

**हस्ताक्षर**

**सह.प्रा. अच्युतराज पराजुली**

**संयोजक** ....................................

**सह.प्रा.सुरेन्द्रवर सिंह थापा**

**शोध निर्देशक** ....................................

**प्रा.डा. विश्वनाथ भण्डारी**

**विभागीय प्रमुख** ....................................

**प्रा.डा. नन्दीश अधिकारी**

**बाह्य परीक्षक** ....................................

मिति : २०७२।१२।२६

# कृतज्ञता ज्ञापन

धर्मराज अधिकारीको **जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र मैले आदरणीय गुरु सह.प्रा. सुरेन्द्रवर सिं थापाको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । आफ्नो अमूल्य समय खर्चेर बौद्धिक सहयोग, आवश्यक सल्लाह र सुझाव प्रदान गरी यो शोधकार्य सम्पन्न गर्न सघाउ पुऱ्याउनु भएकोमा उहाँप्रति हार्दिक आभार एवम् कृतज्ञता ज्ञापन गर्दछु । मलाई यस सोधकार्यका लागि आवश्यक राय, सल्लाह, सुझावका साथै आफूसँग भएका सामाग्री उपलब्ध गराई भेटघाटको समय उपलब्ध गराई सहयोग गर्ने आदरणीय शोधनायक डा. धर्मराज अधिकारी र उहाँको परिवारजन प्रति कृतज्ञता ज्ञापन गर्दछु । शोधकार्य तयार गर्ने कार्यमा सल्लाह सुझाव आर्थिक सहयोग साथै अरु आवश्यक सहयोग र सद्भावना प्रदान गर्नुहुने मेरा आदरणीय पिता गोविन्द बहादुर कार्की माता जमुना कार्की, श्रीमान शंकर बस्नेत र प्रिय मित्र मनिषा विष्टलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यस्तै आफ्नो कार्यव्यस्ततालाई पर्वाह नगरी अमूल्य समय निकालेर समय समयमा प्रत्यक्ष तथा परोक्ष रुपमा सुझाव तथा हौसला दिई उत्प्रेरित गर्नु हुने पाटन संयुक्त क्याम्पस, नेपाली विभागका अन्य गुरुहरुप्रति समेत कृतज्ञता ज्ञापन गर्दछु । साथै शोधपत्रको लागि आवश्यक सामग्री एवम् जानकारी प्रदान गर्नुहुने सबै महानुभावहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोधपत्रको छिटोछरितो रुपमा टंकण गरी सहयोग गर्ने A4 फोटोकपी एण्ड स्टेशनरी, लगनखेलका रविन्द्र महर्जनलाई पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मिति : २०७२।१२।२४

इन्दिरा कार्की

पाटन संयुक्त क्याम्पस

ललितपुर, पाटन

# विषयसूची

स्वीकृति पत्र

निर्देशकको मन्तव्य

कृतज्ञता ज्ञापन

सङ्क्षेपीकृत शब्दसूची

पृष्ठ

अध्याय एक

शोध परिचय

१.१ विषय प्रवेश १

१.२ शोधको समस्या २

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधको औचित्य र महत्व ७

१.६ शोधको सीमा ७

१.७ शोध विधि ८

१.८ शोधको रुपरेखा ८

अध्याय दुई

धर्मराज अधिकारीको जीवनीको अध्ययन

२.१ विषय प्रवेश ९

२.२ जन्म, जन्मस्थान र मातापिता ९

२.३ बाल्यकाल र चूडाकर्म ११

२.४ शिक्षादीक्षा १२

२.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति १५

२.६ बसोबास र आजीविका १६

२.७ आर्थिक अवस्था १७

२.८ जागिरे जीवन १८

२.९ प्रेरणा र प्रभाव १९

२.१० प्रथम प्रकाशित रचना र कृति २०

२.११ राजनीतिक अवस्था २१

२.१२ जेल जीवन २२

२.१३ अविष्मरणीय घटना २३

२.१४ समाजसेवा २४

२.१५ रुचि तथा स्वभाव २४

२.१६ सम्मान, पुरस्कार तथा भ्रमण २६

२.१७ साहित्यिक सङ्घसंस्थाको स्थापना र संलग्नता २६

२.१८ जीवन दर्शन २७

२.१९ निष्कर्ष २७

**अध्याय तिन**

**धर्मराज अधिकारीको व्यक्तित्व**

३.१ आन्तरिक वा चारित्रिक व्यक्तित्व ३०

३.२ बाह्य व्यक्तित्व ३१

३.२.१ शारीरिक व्यक्तित्व ३१

३.२.२ व्यवसायिक व्यक्तित्व/अध्यापन व्यक्तित्व ३२

३.२.३ साहित्यिक व्यक्तित्व ३३

३.२.३.१ कवि व्यक्तित्व ३३

३.२.३.२ निबन्धकार व्यक्तित्व ३४

३.२.३.३ अनुवादक व्यक्तित्व ३५

३.२.३.४ संस्मरणकार व्यक्तित्व ३५

३.२.३.५ कथाकार व्यक्तित्व ३६

३.२.३.६ समालोचक व्यक्तित्व ३७

३.२.३.७ भाषिक व्यक्तित्व ३८

३.२.४ सामाजिक व्यक्तित्व ३९

३.२.५ राजनीतिक व्यक्तित्व ४१

३.२.६ सम्पादक व्यक्तित्व ४२

३.२.७ पथप्रदर्शक व्यक्तित्व ४३

निष्कर्ष ४५

**अध्याय चार**

**धर्मराज अधिकारीको साहित्यिक तथा भाषिक कृतिहरुको अध्ययन**

४.१ धर्मराज अधिकारीको साहित्यिक यात्रा र चरण विभाजन ४५

४.१.१ साहित्यिक यात्रा ४५

४.१.२ चरण विभाजनको औचित्य र आधार ४५

४.१.३ विधागत साहित्यिक यात्रा ४७

४.२ समालोचकीय दृष्टि र पद्धति ५१

४.३ कृति विश्लेषणको आधार ५२

४.३.१ श्यामप्रसादः विश्लेषण र मूल्याङ्कनको अध्ययन ५८

४.३.२ आँखीभ्र्यालबाट हेर्दा श्यामप्रसाद शर्माको अध्ययन ६१

४.३.३ हङ्बु र नोल्बुको अध्ययन ६६

४.३.४ श्यामप्रसादको साहित्यिक योगदानको अध्ययन ६७

४.३.५ श्यामप्रसाद शर्माको जीवनी/व्यक्तित्वको अध्ययन ७०

४.३.६ श्यामप्रसादको प्रबन्धगत योगदान ७३

४.३.७ गुप्तवासको रहस्यको अध्ययन ७५

४.३.८ संस्कृत साहित्यको दर्पणको अध्ययन ७८

४.३.९ अनिवार्य नेपालीको अध्ययन ८२

४.१.३ समालोचकीय दृष्टि र पद्धति ८०

४.४ भाषाशैली ८५

**अध्याय पाँच**

**धर्मराज अधिकारीको साहित्यिक योगदानको अध्ययन**

५.१ धर्मराज अधिकारीको साहित्यिक योगदानको अध्ययन ८६

## अध्याय छ

## उपसंहार तथा निष्कर्ष


| | |
|---|---|
| ६.१ सारांश | ८८ |
| ६.२ निष्कर्ष | ९० |
| सन्दर्भ सामाग्री सूचि | ९३-९४ |
| परिशिष्ट | क |
| | ग |

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अ.ने.रा.स्ववियु | = | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन |
| उ.मा.वि. | = | उच्च माध्यमिक विद्यालय |
| गा.वि.स. | = | गाउँ विकास समिति |
| ने.क.पा. | = | नेपाल कम्युनिष्ट पार्टी |
| पं | = | पण्डित |
| प्र | = | प्रस्तोता |
| प्र.अ. | = | प्रधानाध्यापक |
| प्र.ले.स. | = | प्रगतिशील लेखक सङ्घ |
| प्रा | = | प्राध्यापक |
| प्रा.क. | = | प्रारम्भिक कमिटी |
| पृ. | = | पृष्ठ |
| वि.सं. | = | विक्रम संवत् |
| रा.बि.बैङ्क. | = | राष्ट्रिय विकास बैङ्क |
| रा.वि.से. | = | राष्ट्रिय विकास सेवा |
| सम्पा | = | सम्पादक |
| स्वं | = | स्वर्गीय |
| त्रि.वि. | = | त्रिभुवन विश्वविद्यालय |

# अध्याय एक
# शोध परिचय

## १.१ विषय प्रवेश

नेपाली साहित्यका विविध विधाहरु कविता, बालकथा, संस्मरण, अनुवाद, निबन्ध समीक्षा-समालोचना आदि विधामा कलम चलाए तापनि मूलतः नेपाली समालोचकको रुपमा सशक्त रुपले स्थापित प्रतिभा हुन्, धर्मराज अधिकारी । समालोचनासँगै नेपाली साहित्यका अन्य विधामा पनि उनको योगदान उल्लेखनीय छ । वि.सं. २०१८ सालमा स्व. पिता विष्णुप्रसाद अधिकारी र माता श्रीमती शोभना अधिकारीका कोखबाट चौथो सन्तानको रुपमा धर्मराज अधिकारीको जन्म भएको हो । हंसपुर गा.वि.स. २ दहपोखरी, अर्घाखाँचीमा जन्मेका अधिकारीको हालको बसोबास महालक्ष्मी नगरपालिका १७ इमाडोल बोजेपोखरी रहेको छ ।

सबै मानिससँग कुनै न कुनै प्रतिभा हुन्छ, त्यसलाई बाहिर ल्याउन सक्ने क्षमता भने सबैसँग हुँदैन । आफूसँग भएको प्रतिभालाई सबको सामु ल्याउन जुन परिश्रम आवश्यकता पर्छ त्यो पनि जो कोहीले गर्न सक्दैन । त्यस्तै आफूसँग भएको प्रतिभालाई सबैको सामु ल्याउन सक्ने अधिकारीलाई साहित्य लेखनमा प्रेरणा दिने काम भने रा.वि.से. शिक्षक यादव प्रसाद ढुङ्गानाले गर्नुभयो । उनकै प्रेरणा पाएर अधिकारीले आफूसँग लुकेर रहेको साहित्यिक प्रतिभालाई उजागर गरे र वि.सं. २०३१ सालमा **'जीवन एक अनुभव'** निबन्धबाट लेखन सुरु गरेका हुन् । अधिकारीको औपचारिक रुपमा साहित्य लेखनको यात्रा भने वि.सं. २०३८ सालमा गोरखापत्रमा प्रकाशित भएको **'सिद्धिचरण श्रेष्ठको काव्यकारिता'** बारे लेखिएको समीक्षाबाट भएको हो । त्यस पछि समीक्षा समालोचनाको क्षेत्रमा सक्रिय अधिकारीको प्रथम पुस्तककार कृति **श्यामप्रसादः विश्लेषण मूल्याङ्कन** (अनुसन्धानात्मक कृति २०४७) हो । त्यसपछि **अर्घाखाँचेली भाषिकाको अध्ययन** (विशेष अनुसन्धान प्रतिवेदन २०५१-२०५३), **आँखीभ्याल बाट हेर्दा श्यामप्रसाद शर्मा** (सन्दर्भकृति २०६३), **श्यामप्रसादको साहित्यिक योगदान** (अनुसन्धात्मक कृति २०६८), **श्यामप्रसाद शर्माको प्रबन्धगत योगदान** (अनुसन्धात्मक कृति, २०६९), **गुप्तवासको रहस्य** (खोजमूलक कृति, २०७०), **मेचे जातिको भाषिक एवं साँस्कृतिक अध्ययन** (विशेष अनुसन्धान प्रतिवेदन २०६९) **मैथिल ब्राम्हणको साँस्कृतिक अध्ययन** (अनुसन्धान प्रतिवेदन २०६९), क्रमशः प्रकाशित हुँदै आइरहेका छन् ।

समालोचनात्मक कृतिको प्रकाशन सँगसँगै उनको अन्य विधामा लेखन र सम्पादन वि.सं. २०४४ सालमा प्रकाशित बौद्धिक उपन्यास नूतन र पुरातन बाट हुन्छ । **हङ्बु र नोल्बु** (दक्षिण

कोरियाली बालकथा २०६४), **निसान कविता सङ्ग्रहको संयुक्त सम्पादन (२०६५)**, संस्कृत साहित्यको दर्पण (पाठ्यपुस्तक २०७०), **अनिवार्य नेपाली** (पाठ्यपुस्तक २०७१) र विविध पत्रपत्रिकामा समीक्षा - समालोचना, कविता, कथा, निबन्ध संस्मरणहरुको प्रकाशन गर्नुका साथै **अरुणोदय**, **विश्व उद्यान**, **झिसमिसे**, **असिम** पत्रिकाहरुको संयुक्त सम्पादन र **स्वीस प्रजातन्त्रः बहुसांस्कृतिक समाजमा द्वन्द्वका सम्भाव्य समाधान** भन्ने विषयको पुस्तकको सहसम्पादन स्रष्टा धर्मराज अधिकारीले गरे ।

धर्मराज अधिकारीले समीक्षा-समालोचना लेखनका क्रममा समाजवादी चिन्तन अनुरुप समसामयिक जीवनका सामाजिक राजनीतिक स्वरुपलाई आत्मसात गर्दै ऐतिहासिक द्वन्द्वात्मक, भौतिकवाद भित्रको प्रगतिवादी प्रवृत्ति अनुरुपको समालोचनाहरु लेखन गरेको पाइन्छ । यिनै विविधताभित्र रहेका धर्मराज अधिकारीको समग्र मूल्याङ्कन गर्ने र निजको साहित्यिक योगदानलाई सिङ्गो नेपाली साहित्यसँग जोड्ने प्रयास यस शोधकार्यमा गरिएको छ ।

## १.२ शोध समस्या

धर्मराज अधिकारीको जीवनी, व्यक्तित्व र कृत्तित्वको अध्ययन शीर्षकको शोधमा निम्न लिखित समस्याहरु रहने छन् ।

क) धर्मराज अधिकारीको जीवनी के कस्तो रहेको छ?

ख) धर्मराज अधिकारीको व्यक्तित्व के कस्तो छ ?

ग) धर्मराज अधिकारीका कृतिहरु के कस्ता छन्?

घ) नेपाली साहित्यको क्षेत्रमा धर्मराज अधिकारीको योगदान कस्तो रहेको छ?

माथि उल्लेखित समस्याहरुमा यो शोध केन्द्रित रहेको छ ।

## १.३ शोधको उद्देश्य

यस शोध कार्यको उद्देश्य निम्न रहेका छन् :

क) धर्मराज अधिकारीको जीवनीको अध्ययन गर्नु ।

ख) धर्मराज अधिकारीको व्यक्तित्वको अध्ययन गर्नु ।

ग) धर्मराज अधिकारीको कृतित्वको अध्ययन गर्नु ।

घ) नेपाली साहित्यको क्षेत्रमा धर्मराज अधिकारीले पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार धर्मराज अधिकारीको बारेमा हालसम्म कुनै विशेष रुपले अध्ययन गरिएको पाइँदैन तर पनि विभिन्न पत्रपत्रिका र पुस्तकहरुमा उनको बारेमा समीक्षक आलोचकहरुले निम्न अनुसार समीक्षा, टिप्पणी गरेको पाइन्छ ।

कुमार बहादुर जोशी (**२०४७**) ले **'श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन'** कृतिको मन्तव्यमा लेख्नुभएको छ । यस कृतिमा श्यामप्रसाद शर्माको जीवनी विवरण र कृति-विवरण सहित व्यक्तित्वको विस्तृत अध्ययनका साथै उनका कृतित्वको विश्लेषण मूल्याङ्कन गर्दै नेपाली साहित्यमा उनको स्थान र योगदान निरुपण गर्ने प्रयत्न गरिएको छ । साहित्यकार श्यामप्रसादको समग्र अध्ययनमा केन्द्रित एउटै पनि कृति यस अघि नभेटिएको र कुनै पनि शोधकर्ताको ध्यान यस क्षेत्रमा आकर्षित नभएको परिप्रेक्ष्यमा धर्मराज अधिकारीको यो पुस्तक एक ऐतिहासिक महत्वको प्रशंसनीय प्रयास ठहरिने छ भनेका छन् ।

जगदीश चन्द्र भण्डारी (२०४७) ले **'श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन'** कृतिमा आलोचक धर्मराज अधिकारी शीर्षकको लेखमा विचारहीन दृष्टिविहिन परम्पराका विरुद्धमा वैचारिक गहन विश्लेषणमा अग्रसर भएका आलोचक धर्मराज अधिकारीको उक्त कृति नेपाली साहित्य परम्परामा ठुलो आलोचना हो । प्रगतिवादी चिन्तनलाई धराशायी पार्दै जीवनधर्मी विचार तिव्र गराउँदै नयाँ मूल्य एवं मान्यताको स्थापना गर्नुपर्छ, भन्ने चिन्तनको धरातलमा लेखक उभिएका छन् । थोत्रा पोथाहरु भाटहरुबाट मात्र लेखिन्छन् तर यो कृतिले भाटहरुको गौरवगाथाको परम्पराका विरुद्ध चोटिलो चिन्तनको औँला उठाएको छ उल्लेख गरेका छन् ।

शिवकुमार श्रेष्ठ (२०४७) ले पहिलो कृतिको रूपमा लिखित धर्मराज अधिकारीको **श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन** कृतिमा श्यामप्रसादको साहित्यिक व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन अनुसन्धान गरिएको छ । श्यामप्रसादले आफ्नो जीवनमा भोगेका सङ्घर्षको बारेमा लेखिएको यस कृति वर्तमान परिप्रेक्ष्यमा उपयोगी सिद्ध ठहर्ने कुरा गरिएको छ ।

रमेश विकल (२०४७) ले **श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन** कृतिमा 'श्यामप्रसादः विश्लेषण र मूल्याङ्कनका सम्बन्धमा' भन्ने शीर्षकको लेखमा यस कृतिका लागि लेखकले धेरै नै मिहिनेत र लगनशीलताको उदाहरण प्रस्तुत गरेका छन् । साहित्यिक, समाजसेवी, राजनीतिक व्यक्तित्वलाई आफ्ना साहित्यको विभिन्न विधा मूलतः निबन्ध, समालोचना र सैद्धान्तिक लेखहरुद्वारा स्थापित गर्ने

श्यामप्रसाद शर्माको अध्ययन हुनु धेरै नै बाँकी छ । यो अत्यन्तै जरुरी पनि छ । यस्तो अवस्थामा आएर प्रस्तुत ग्रन्थ जनसमक्ष आउनु एउटा विशिष्ट योगदान मान्न सकिन्छ भन्दै श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन लेखकको एउटा गहकिलो कृति हो, यसले श्यामप्रसादको समग्र अध्ययनको मार्गलाई प्रशस्त बनाएको छ । त्यसैले प्रगतिशील नेपाली साहित्यको इतिहास लेखकप्रति ऋणी हुनुको साथै श्यामप्रसाद प्रति चासो राख्ने उनका पाठक वर्गहरु उनीप्रति कृतज्ञ हुनुपर्छ भनेका छन् ।

ज्ञानी (२०४७) ले **युगज्ञान (भदौ ३, पृ. २)** पत्रिकामा **"श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन"** भन्ने शीर्षकमा प्रगतिशील विचारका उननायक श्यामप्रसादबारे चर्चा छ । उनको जीवनी, व्यक्तित्व र कृतित्व पक्षबारे पनि दिइएको छ ।

शिवप्रसाद भट्टराई (२०४७ माघ १९) ले **गोरखापत्र** शनिवार परिशिष्टाङ्क (पृ. ख) मा **"श्यामप्रसाद विश्लेषण र मूल्याङ्कन"** शीर्षकमा उक्त कृतिका बारेमा परिचयात्मक टिप्पणी गरेका छन् । उनले विविध व्यक्तित्वका धनी श्यामप्रसाद र उनीबारे लेख्ने लेखकले सर्वप्रथम उनको समग्र पक्षलाई समेटेर गहकिलो कृति लेखेकोमा नेपाली साहित्यले ठूलो उपलब्धि हासिल गरेको र लेखकको खुबी कृतिमा प्रशस्त रहेको व्याख्या गरेका छन् ।

राजेन्द्र सुवेदी (२०६१) ले **नेपाली समालोचना परम्परा र प्रवृत्ति** भन्ने पुस्तकमा परम्पराको सापेक्षतामा विभिन्न क्षेत्रमा कलम चलाउँदै आएका समालोचकहरुको सूचीमा धर्मराज अधिकारीको नाम पनि सूचीकृत गरेका छन् । नेपाली समालोचनाको दोस्रो उठान शीर्षक भित्रको नेपाली समालोचनाको 'पछिल्लो चरणः प्रगतिवादी समालोचना' भित्र अधिकारीको समालोच्किय गुण प्रभावकारीता र मार्क्सवादी दृष्टिकोणलाई अवलम्बन गरेर समालोचना गर्ने व्यक्तित्वका रुपमा उनले स्पष्ट पारेका छन् ।

आनन्ददेव भट्ट (२०६३) ले **आँखीभ्यालबाट हेर्दा श्यामप्रसाद शर्मा** भन्ने कृतिको भूमिकामा श्यामप्रसादले जीवनमा भोगेका कुराहरुको टिप्पणी, आलोचना, विरोध गरेका छन् । नेपाली बौद्धिक समाजलाई भावुकता मनोगतता र अतिवादिताको बाटो नहिँडी वैज्ञानिक, वस्तुवादी, यथार्थवादी दिशातिर उन्मुख हुन यस कृतिले प्रेरित गर्छ भनेका छन् । उनले अधिकारीको यस कृतिमा मानव मात्रमा गुण पनि हुन्छन् र बैगुन पनि । मानव जीवनको विकास क्रममा ती गुण बैगुनको समीकरण कसरी विकसित भयो भनी जान्नु नै सबभन्दा यथार्थवादी अध्ययन हो भनी विवेचना गरेका छन् ।

सुमित्रा बाँस्कोटाले **दायित्व** (वर्ष २१, पूर्णाङ्क ६०, २०६४ फागुन) पत्रिकामा हङ्बु र नोल्बु दक्षिण कोरियाली भाषाबाट नेपालीमा अनुवाद गरिएको पहिलो बालकथा हो । असल कर्मको फल असल नै हुन्छ भन्ने सन्देश भएको यो कथाले वाल मस्तिष्कमा सकारात्मक प्रभाव पार्छ र पढुँपढुँ लाग्दालाग्दै रहरै रहरमा समाप्त हुने चर्चा गरेकी छिन् ।

सुमित्रा बाँस्कोटा (२०६५) बाट **जनमत साहित्यिक मासिक** अङ्क १३५, २०६५) पत्रिकामा 'धर्मराज अधिकारी साहित्यिक अक्षरहरुमा' भन्ने शीर्षकको लेख छापिएको छ । जसमा लोभी कन्जुस दाजुले सोझो सिधा भाइको सबै सम्पत्ति हडपेर बेघर बनाए तापनि भाइको सत्कर्म र परिश्रमले गर्दा धनी भएको लोभी दाजु चाहिँ दुष्कर्म र लोभको कारण गरिब भएको कुरालाई कथावस्तु बनाएको यो बालकथा मार्फत अधिकारीले वैगुनीलाई गुणले मार्नुपर्छ भन्ने सन्देश दिएको बताएकी छिन् ।

दीपक न्यौपाने (२०६५) ले **मधुपर्क** (अंक ११, २०६५) पत्रिकामा चालीस पछिको प्रभावपरक समालोचना शीर्षक लेखमा धर्मराज अधिकारीको श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन कृतिमा पाँच परिच्छेद रहेको पहिलो परिच्छेदमा श्यामप्रसादको जीवनी र अप्रकाशित कृति दोस्रोमा शर्माको बहुमुखी व्यक्तित्वको विविध पक्ष र आयामहरु माथि प्रकाश पारिएको छ भन्ने कुरा उल्लेख गर्दै अधिकारी एउटा सफल समालोचक हुन् भनिएको छ ।

गंगादास श्रेष्ठ (२०६८) ले **श्यामप्रसादको साहित्यिक योगदान** कृतिमा 'प्रकाशकको कलम' भन्ने शीर्षकको लेखमा भूमिगत रहेर पनि निरन्तर साहित्य साधनामा लाग्ने श्यामप्रसाद जस्ता आदर्श, सम्मानित अनुकरणीय व्यक्तिका बारेमा अध्ययन र शोध प्रबन्ध हुनु गौरवको कुरा हो । यस्ता ग्रन्थहरु बाहिर ल्याउन सकेमा मात्र सबै खाले पाठकको निम्ति र भावी पिँढीको निम्ति मार्ग निर्देशन हुने कुरा उल्लेख गरेका छन् ।

चूडामणि बन्धु (२०६८) ले **श्यामप्रसादको साहित्यिक योगदान** नामक कृतिमा श्याम साहित्य बारेका महत्वपूर्ण ग्रन्थ भन्ने शीर्षकको लेखमा नेपाली साहित्यको प्रगतिवादी धारालाई विकसित गर्नुमा श्यामप्रसाद शर्माको विशेष योगदान छ । नेपाली साहित्यको युग पुरुष श्यामप्रसादको योगदानलाई यस ग्रन्थमा अधिकारीले स्पष्ट पारेका छन् । समग्र श्याम साहित्यको अध्ययनका साथै उनका स्रष्टा पक्षको विश्लेषण गरेर प्रस्तुत गरेको यस शोधपूर्ण ग्रन्थ लेख्ने डा. धर्मराज अधिकारी हार्दिक बधाइका पात्र हुन् भनेका छन् ।

गंगाप्रसाद उप्रेती (२०६८) ले **श्यामप्रसादको साहित्यिक योगदान** कृतिको मन्तव्यमा प्रगतिवादी स्रष्टा श्यामप्रसादको समष्टिगत जानकारी नयाँ पुस्तालाई गराउन उनका मान्यता, सिर्जना र अन्य क्रियाकलापको एकमुष्ट अध्ययन गरिनु जरुरी थियो यो काम अधिकारीले गरेका छन् । श्यामप्रसादको योगदानको चर्चा नेपाली समालोचकले बहुल मात्रामा गरेको पाइन्छ । श्यामप्रसादको विभिन्न कृतिको विवेचनात्मक सूचना सहित व्याख्या र विश्लेषणको प्रस्तुति डा. अधिकारीको महत्वपूर्ण पक्ष हो । यस अर्थमा लेखन अरु उर्वर रहोस्  भन्ने कामना गरेका छन् ।

भैरव रिसाल (२०६८) ले **श्यामप्रसादको साहित्यिक योगदान** कृतिमा सरलता र सहजताका पर्याय श्यामजी भन्ने शीर्षकको लेखमा श्यामजीको कष्टकर भूमिगत जीवनको खोज अनुसन्धान गरेर उहाँको वास्तविक जीवनको गाँठो फुकाइ दिएर नेपाली साहित्यको एउटा उत्कृष्ट स्रष्टालाई पाठक सामु उभ्याइ श्यामजीको लोप हुन लागेको अस्तित्वलाई बचाइ दिएकोमा डा. धर्मराज अधिकारीलाई बधाइ छ भनी उल्लेख गरेका छन् ।

शेषमणि आचार्य (२०७०) ले **गुप्तवासको रहस्य** कृतिमा सत्यको खोजीमा चलेको पाइला भन्ने शीर्षकको लेखमा नेपाली समाजको रुपान्तरणको निम्ति अग्रसर धेरै व्यक्तिको निम्ति अग्रसर धेरै व्यक्तिहरु मध्येको महत्वपूर्ण व्यक्तित्व श्यामप्रसाद शर्माको जीवनको एक खण्डलाई धर्मराज अधिकारीले यस कृतिमा चर्चा गर्ने कामको थालनी गरेका छन् । श्यामजीको भूमिगत जीवन बारे उहाँका साथीहरुका अनुयायीहरु र शुभचिन्तकहरुका अनुभूति सहित यस कृतिमा नेपाली क्रान्तिको इतिहासमा लुकेको एउटा रहस्य वा किम्वदन्तीको रहस्योद्घाटन गर्ने काम अधिकारीले गरेका छन् भनिएको छ ।

विष्णु प्रभात (२०७०) ले सम्पादन गरेको र नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको **साहित्यकार र कलाकार परिचय कोश** नामक ग्रन्थको (पृष्ठ १५६) मा धर्मराज अधिकारीबारे छोटो परिचय दिइएको छ । यसबाट पनि नेपालका साहित्यकार र कलाकारहरुको माझमा उनको स्थान र योगदानका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

## १.५ शोधको औचित्य

धर्मराज अधिकारीको सिर्जनाको मूल विधा समालोचना हो । उनले कथा, कविता, निबन्ध, बालकथा, संस्मरण आदि जस्ता विधामा कलम चलाएका छन् भने उनको व्याकरण समीक्षा कृति समीक्षा पाठ्यपुस्तक र राजनीतिक लेखहरुले पनि स्थान पाएका छन् । अधिकारी नेपाली प्रगतिवादी

साहित्यका सर्जक हुन् । कृतिको सामाजिक मूल्यलाई हेरेर यथार्थपरक समालोचना गर्ने अधिकारीले क्रान्तिकारी ढङ्गबाट आफ्नो साहित्य यात्रालाई अगाडि बढाएका छन् । नेपाली साहित्यको समसामयिक धारासँगै साहित्य लेखनमा सक्रिय अधिकारीको योगदानलाई यस अघिको अध्ययनबाट प्रष्ट्याउन नसकिएको कुरा पूर्वकार्यको समीक्षा अन्तर्गत गरिएको अध्ययनबाट प्रष्ट हुन्छ । तसर्थ यस्ता सर्जक व्यक्तित्वको सामान्य अध्ययनमा मात्र सीमित नभएर उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु स्वत औचित्यपूर्ण छ । यही परिप्रेक्ष्यमा उनका बारेमा अज्ञात रहेका विभिन्न तथ्यहरुको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी प्रकाश पार्नु नै यस शोधकार्यको औचित्य हो ।

## १.६ शोधको सीमाङ्कन

धर्मराज अधिकारी मूलतः समीक्षक-समालोचक हुन् । उनले समीक्षा समालोचनाको विविध रुपहरुमा कलम चलाएका छन् भने बालकथा, कविता, संस्मरण, कथा, अनुवाद, निबन्ध जस्ता विधामा पनि कलम चलाएका छन् । साथै पाठ्यपुस्तक र राजनीतिक लेखहरुमा पनि आफ्ना प्रतिभालाई विस्तार गरेका छन् । प्रस्तुत शोधकार्य उनको जीवनी, व्यक्तित्व र कृतित्वको विविध पाटाका बारेमा प्रकाश पार्दै समकालीन नेपाली साहित्यमा उनको स्थान निरुपण गर्नु यस शोधकार्यको सीमा हो ।

## १.७ शोध विधि

प्रस्तुत शोधपत्रलाई विश्वसनीय, प्रमाणित एवम् पूर्णता दिने क्रममा सामग्री सङ्कलनका लागि अन्तवार्ता विधिलाई नै प्रयोग गरिएको छ । सामग्री संकलनको क्रममा सम्बद्ध पुस्तक र पत्रपत्रिकाहरुको अध्ययनको साथै अनुसन्धेय व्यक्तिसँगको भेटघाटबाट लिखित एवम् मौखिक सामाग्री सङ्कलन गरिएको छ ।

त्यस्तै अनुसन्धेय व्यक्तिको आफन्त परिवार एवम् निकटतम व्यक्तिहरुसँग मौखिक वा लिखित अर्न्तवार्ता गरिएको छ ।

शोधकार्यमा जीवनी, व्यक्तित्व खण्डका लागि सङ्क्षिप्त विवरणात्मक पद्धति एवम् कृतित्व खण्डका लागि परिचयात्मक एवम् विश्लेषणात्मक पद्धतिलाई नै मूल आधार बनाइएको छ । समग्र कृतिको संक्षिप्त समीक्षा वर्णनात्मक पद्धतिमा गरिएको छ । अन्त्यमा उनको योगदानको मूल्याङ्कन गर्दै वस्तुगत निष्कर्ष निकालिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

शोधपत्रलाई व्यवस्थित एवम् सु-सङ्गठित पार्नका लागि प्रस्तुत शोधकार्यलाई निम्नलिखित अध्यायमा विभाजन गरी आवश्यकता अनुसार शीर्षक उपशीर्षकमा समेत विभाजन गरी अध्ययन गरिएको छ ।

अध्याय एक - शोध परिचय

अध्याय दुई - धर्मराज अधिकारीको जीवनीको अध्ययन

अध्याय तिन - धर्मराज अधिकारीको व्यक्तित्वको अध्ययन

अध्याय चार - धर्मराज अधिकारीको कृतित्वको अध्ययन

अध्याय पाँच - नेपाली साहित्यमा धर्मराज अधिकारीको योगदान

अध्याय छ - उपसंहार

# अध्याय दुई
# धर्मराज अधिकारीको जीवनी अध्ययन

## २.१ विषय प्रवेश

धर्मराज अधिकारीले नेपाली साहित्य र वाङ्मयका क्षेत्रमा योगदान गरेका व्यक्तित्व हुन् । साहित्य क्षेत्रमा उनी कविता, बालकथा, कथा, निबन्ध, आत्मसंस्मरण, समीक्षा-समालोचना आदि लेख्न प्रवृत्त छन् । यसरी साहित्यको विविध क्षेत्रमा कलम चलाए तापनि मूलतः नेपाली समालोचकको रूपमा सशक्त रूपले स्थापित प्रतिभा हुन् धर्मराज अधिकारी । समालोचनासँगै नेपाली साहित्यलाई उर्वर बनाउन अन्य विधामा पनि उनी संलग्न रहेका छन् । जीवनको लामो यात्रामा विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिले ल्याएको संघर्ष र परिवर्तनलाई उनले आत्मसात गर्दै अगाडि बढेका छन् । कठिन परिस्थिति र अर्थाभावको अवस्थामा पनि जीवनलाई निरन्तर सक्रिय बनाउँदै अगाडि बढेका अधिकारीले लेखनको क्षेत्रमा धेरै संघर्ष गरेका छन् । उनले आफ्नो समालोचनाको किताबमा श्यामप्रसाद जस्तो प्रतिभावान् व्यक्तिको लुकेको प्रतिभालाई कठिन अवस्थाको बावजुत बाहिर ल्याउने काम गरेका छन् । उनले आफूलाई सक्रिय बनाउँदै सामाजिक, सांस्कृतिक परिवर्तनको निम्ति काम गर्ने अनि लेखनलाई पनि निरन्तरता दिने काम गरेका छन् । साहित्य, राजनीति र समाज सेवाको क्षेत्रमा उनको योगदान अनुकरणीय रहेको छ । चिन्तन र लेखनमा समन्वय पाइने उनको खुवी सम्पादन र अनुवाद कलामा समेत विद्यमान छ । उनको संघर्षपूर्ण जीवनी र व्यक्तित्वको विविध आयामले अरूको निम्ति प्रेरणा दिने छ । र त्यस्तो प्रेरणा मार्ग दर्शक पनि बन्न सक्नेछ । अतः यस शोधपत्रमा उनको जीवनी व्यक्तित्व र कृतित्वको विविध पक्षलाई देखाउने कार्य गरिएको छ ।

## २.२ जन्म, जन्मस्थान र मातापिता

नेपालको लुम्बिनी अञ्चलमा अवस्थित अर्घाखाँची जिल्लाका ४२ गा.वि.स. मध्ये सबैभन्दा ठूलो गा.वि.स. हंसपुरको वडा नं. २ दहपोखरी गाउँमा वि.सं. २०१८ साल कात्तिक १९ गतेका दिन आमा शोभना अधिकारी र बुबा पण्डित श्री विष्णु प्रसाद अधिकारीका चौथो सन्तान रूपमा जन्मिएका बालक नै आजका धर्मराज अधिकारी हुन् ।

अधिकारी समालोचक-समीक्षक, अनुवादक, कवि, कथाकार र निबन्धकार मात्र नभएर आफ्नो अथक संघर्षद्वारा समाजसेवामा पनि तल्लीन व्यक्तित्व हुन् । समाजमा बस्ने सबै खाले मानिसले समान

अवसर र माया पाउनुपर्छ । सबैले स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ भन्ने धारणा भएका अधिकारीको जन्म मध्यम वर्गीय परिवारमा तिन वटी दिदी पछि छोराको इच्छा पूर्ण गर्दै शोभना अधिकारीको गर्भबाट भएको हो । छोरी छोरी जन्मेकाले दुःखी भएका आमाबाबुको मनमा मलम लगाउन जन्मेका अधिकारी महत्वपूर्ण प्राप्ति भएका कारण सबैका आँखा माथिका रातगेडी समान हुन पुग्छन् । उनी माथि तिनवटी दिदी भएतापनि अहिले उनको एकमात्र दिदी लिली छिन् भने दुई बहिनी कमला र मैयाँ छन् साथै एक भाइ टिकाराम अधिकारी रहेका छन् । उनकी आमा अर्घाखाँची औनल रिपाहाको (चुँडाली) ब्रामण परिवारको हुनुहुन्थ्यो । उनको जन्म ब्रामण परिवारको चोखोनितो गर्ने, बिहान नित्य चण्डी वाचन गरी शङ्ख घण्टा बजाएर पूजापाठ गर्ने माहोल बिच भएको हो । मध्यम वर्गको आर्थिक हैसियत भए तापनि उनको हजुरबुबा जीवन बाचुन्जेल सौखले जिउनुपर्छ भन्नु हुन्थ्यो । उनको हजुरबुबा नरेश्वर अधिकारी काठमाडौंमा तह्विलदारमा जागिरे हुनुहुन्थ्यो । त्यहीँ जागिरको क्रममा कुपन्डोलमा घर बनाएर त्यहीँ बसोबास गर्दै आउनुभएको थियो । अधिकारीका बुबा हजुरबुबा नरेश्वरका साहिला छोरा हुनुहुन्थ्यो । पछि हजुरबुबा कुपन्डोलको घर दश रूपैयाँमा बेचेर रिटाएर जीवन बिताउन अर्घाखाँचीको घरमा जानुभयो । त्यहाँ गएपछि घर जग्गा नजोडेर जग्गा धेरै भयो भने दुःख हुन्छ भनेर दाङबाट घरघरमा बेच्न ल्याउने तिल्की चामल किनेर खाने गर्नुहुन्थ्यो । तर बिडम्बना उहाँको मृत्यु घर फर्केको दुई वर्ष भित्रै भयो । हजुरबुबाको मृत्यु भएको एक वर्षमा गरिने बरखीको लागि टपरी गाँस्न पात टिप्न जाँदा हजुरआमाको पनि रूखबाट खसेर मृत्यु भयो । अधिकारीका ठूलोबुबा र काका क्रमशः आ-आफ्नो जीविकोपार्जनको लागि आफ्नो परिवार लिएर छुट्टा छुट्टै बस्न थाले । अधिकारीका पिता संस्कृतका प्रकाण्ड विद्वान्का साथै आयुर्वेद र ज्योतिषशास्त्रका ज्ञाता हुनुहुन्थ्यो । उहाँ यज्ञयज्ञादिमा निपुण हुनुहुन्थ्यो । त्यसैले अतिरिक्त काममा पुरेत्याइँ पनि गर्नुहुन्थ्यो । बाल्यावस्थामा अधिकारीलाई आर्थिक समस्याको भारमा भने पर्नु परेन, त्यसबेला आर्थिक स्रोत भने बुबाको जजमानी र खेतिपाती नै थियो (शोधनायकबाट प्राप्त जानकारी) ।

पढाइको क्रममा अधिकारी एक अर्को ठाउँ जाँदा जाँदै दिदी र काँइली बहिनीको विवाह पनि भयो । पछि भाइ पनि पढ्न भनी काठमाडौंको ल क्याम्पसमा भर्ना हुन्छन् भने बहिनी पनि त्यहीँको पद्मकन्या क्याम्पसमा पढ्न थाल्छिन् । भाइ बहिनीलाई संरक्षण गर्दै बाबुले पठाएको खर्चमा आफूले समेत पढ्ने काममा अधिकारी प्रवृत्त हुन्छन् । भाइ टिकारामले बी.एल पास गरेपछि घर फर्केर विहेवारी गरी घर गृहस्थी सम्हाल्छन् । बहिनी मैयाँको पद्मकन्या क्याम्पसमा बी.ए. पढ्दा पढ्दै दाङमा खनाल थरका ब्राम्हणसँग विवाह सम्पन्न हुन्छ ।

अधिकारीका परिवारको जीवनमा २०६५ को चैत्रमा ठुलो शोक पर्छ । ६५ वर्षको उमेरमा ममतामयी माता शोभनाको जीवनलीला एकाएक समाप्त हुन्छ । पहाडबाट एकाएक बिरामी भएर काठमाडौं ल्याई वीर अस्पतालमा जचाउँदा ब्रेन ट्यूमर भएको र अन्तिम अवस्थामा पुगेको भन्ने डा. उपेन्द्र देवकोटाको ठहर पछि घरमै फर्काएको चार महिनाभित्रै उहाँको मृत्यु हुन पुग्छ । उता स-सानो कार्यमा अल्मलिएर आफ्नो परिवार पालनपोषण गर्दै आएको भाइको परिवार वृद्ध पिता जो ब्रोनकाइस्टिक्सका रोगी हुनुहुन्थ्यो । हेरविचारमा लाग्दालाग्दै उहाँको पनि ८१ वर्षको उमेरमा २०६० सालमा निधन हुन्छ । उहाँको मृत्युले गाउँले इस्टमित्रदेखि धेरै व्यक्तिको चित्त दुखाउँछ । कारण विना महत्वकांक्षा डाह, ईर्ष्या, लोभ लालच नगरी पुरेत्याइँ गर्ने, सबैसँग समान र सुमधुर व्यवहार गर्ने, निःशुल्क आयुर्वेदिक उपचार (झारफुक देखि औषधी मूलो सम्म) गरेर धेरै दीर्घ रोगीलाई समेत नयाँ जीवन प्रदान गरेका सम्मानित पिताको मृत्युले अधिकारी परिवारमा ठुलै हलचल पैदा गऱ्यो। आखिर जीवन क्षणभङ्गुर छ नै । तर कसैको मृत्यु पहाड भन्दा पनि गहिरो हुँदो रहेछ । उहाँको मृत्युले धेरैलाई झस्का दियो (शोधनायकको कथनमा आधारित) ।

यसपछि शोधनायक अधिकारीको काठमाडौंमा जागिर (अध्यापन) हुँदै थियो । उनले लोकन्थली भक्तपुरमा घर निर्माण गरेर सपरिवार बस्न थाले । भने २०५७ देखि बोजोपोखरी, इमाडोल ललितपुर स्थायी रूपमै बस्दै आएका छन् । उता भाइ टिकारामको परिवार त्यहाँबाट बसाइँ सरेर हाल भालुवाङको सातमारा (अर्घाखाँची)मा व्यवसाय गरेर बस्दै आएका छन् ।

## २.३ बाल्यकाल र चूडाकर्म

अधिकारीको जन्म मध्यम वर्गीय शिक्षित परिवारमा भएको हो । उनको हजुरबुबा नरेश्वर अधिकारी काठमाडौंमा तहविलदारमा जागिरे हुनुहुन्थ्यो । उनको पिता खेतिपाती र पुरेत्याइँ गर्नुहुन्थ्यो । त्यसैले उनको बाल्यकाल सुखमय वातावरणमा नै बितेको देखिन्छ । त्यसबेला उनलाई कुनै किसिमको अभावको सामना गर्नुपरेन । तिनवटी दिदी पछिको छोरो भएकोले पनि आवश्यक भन्दा बढी पुलपुलाएर राखिएको थियो । सानो गाँठीको शरीर भएका कारण उनी बेलाबेलामा बिरामी भइराख्थे । आमाले खुबै माया गरेर स्याहार सुसार गरेर तङ्गार्नु हुन्थ्यो । घरमा बुबाको कडा अनुशासनमा बस्नु परे तापनि बुबाले उनलाई ज्यादै माया गर्नुहुन्थ्यो । अधिकारीले सानो उमेरमा बालसुलभ विभिन्न खेल खेल्थे र आफूसँग खेल्ने साथीसँग ज्यादै मिल्थे । उनको बाल्यकालमा खेल्ने खेलहरूमा डण्डिवियो, कपर्दी आदि मुख्य हुन् । भने गाउँका डाँडापाखाहरूमा गुँरास टिप्न जाने खेतबारी खोलाहरूमा साथीहरूसँग दौडने आदि हुन् ।

ब्राम्हण कुलमा जन्मेका हुनाले त्यसबेलाको समय परिस्थिति अनुसार पनि उनको घरको नियम अनुशासन कडा थियो । घरमा बस्दा ब्राम्हण परिवारमा गरिने सम्पूर्ण नियमको पालना गर्नुपर्थ्यो । उनको बुबाको छोराको चूडाकर्म सानैमा गरिदिनुपर्छ भन्ने मान्यता पनि भएकाले अधिकारी ८ वर्षको हुँदा घरमै विधिविधान पूर्वक गायत्री मन्त्र आफ्नै पिताबाट लिएर जनै धारण गरेका थिए । पिता संस्कृतका विद्वान्, पुरान भागवत् लगाउने आमा पनि ब्राम्हण कुलकी छोरी भएको कारण आमाबुबा दुबैको धार्मिक स्वभावको प्रभाव उनमा पनि परेको पाइन्छ । जतिसुकै अध्ययन अनुसन्धान गरेर प्रकाण्ड विद्वान भए तापनि आधुनिक जीवनशैली व्यतीत गरे पनि आफ्ना परिवारले पछिल्ला दिनमा दिएको संस्कारलाई आत्मसाथ गर्दै आफ्नो पुरातन हिन्दु धर्म अनुसारको परम्परालाई मान्दै आएका छन् जस्तो लाग्दैन भौतिकवादमा अधिक विश्वास भएका अधिकारीले आफ्नो आँखा अगाडिको यथार्थलाई बढी महत्त्व दिन्छन् । अदृश्य शक्तिको पछाडि लागेर जीवनलाई वर्वाद गर्नुहुन्न भन्ने मान्यतामा उनीमा रहेको छ ।

## २.४ शिक्षादीक्षा

पढ्नु र पढाउनुपर्छ भन्ने भावनाका धनी ब्राम्हण परिवारमा जन्मेका अधिकारीको अक्षरारम्भ उनकै पिता विष्णुप्रसाद अधिकारीबाट भएको थियो । अधिकारीका पिता विष्णुप्रसाद अधिकारी संस्कृतका प्रकाण्ड विद्वान हुनुहुन्थ्यो । रहरको छोरो भएकाले बाबुको छोरालाई बिद्वान् बनाउने खुब इच्छा थियो । त्यसैले बाबु बिष्णुप्रसाद अधिकारीले बोली फुटेदेखि नै धर्मराज अधिकारीलाई आफ्नो पिठ्यूमा लेखेर वर्णहरू सिकाउनुहुन्थ्यो । उनी तिन वर्षको भएदेखि नै घरमा शिक्षक गुरूप्रसाद राखेर बाह्रखरी सिकाए पश्चात् बुबाले नै कौँमुदी र अमरकोशका ज्ञान मौखिक रूपमा गराइ सक्नुभएको थियो । त्यतिबेला स्कुल नजिक थिएन। रतनमारे भन्ने ठाउँमा छिमेकको दाइसँग स्कुल जान थालेका थिए । पढ्न जाँदा बाटामा उग्र स्वभावका केटाहरूले वेफ्वाँकमा कुटेपछि उनी स्कुल जान छोडेका थिए । जसरी भए पनि छोरालाई पढाउनुपर्छ भन्ने सोच भएका उनका बुबाले उनलाई सँस्कृत पढाउन भनी स्वर्गद्वारी आश्रम प्युठानमा लैजाने निधो गरे । ब्रतवन्ध गरिदिएर आफै पढ्न लिएर गएका पिताले फर्काएर ल्याउनुपऱ्यो । कारण उमेर अवस्था र सानो गाठीको शरीर भएको कारणले त्यहाँको महन्तले आश्रममा बस्दा वनमा गएर दाउरा खोजेर ल्याइ खाना पकाउनु पर्ने भएकाले दुई वर्षपछि मात्र ल्याउनु भनेर आग्रह गर्नुभयो । त्यसपछि मावलमा स्कुल अलि नजिक भएकाले मावल (सानो औवल) मा औपचारिक शिक्षा तिन कक्षा पास गरे पछि फेरि उनी रतनमारे मै पढ्न आए । त्यसपछि उनी घरबाट एक घण्टा हिँडेर जानुपर्ने ठाउँमा भएको स्कुल मेहेल पानी

प्राथमिक स्कुल सौतामारेमा गएर केही दिन पढे पछि रतनमारे कै श्री मास्किङ मिडिल स्कुलमा प्राथमिक शिक्षा अध्ययनको लागि कक्षा चारमा भर्ना भए र कक्षा चारमा दोश्रो भएर कापी, कलम र अन्य पुरस्कार समेत पाएका थिए । त्यो स्कुलमा कक्षा पाँचसम्म अध्ययन सकेपछि त्यहाँ पढ्ने अनुकूल वातावरण नभएको, भौगोलिक विकटताले र बुबाको आधुनिक शिक्षा (अंग्रेजी) बाट पनि बञ्चित गराउनु हुन्न, जुग जमाना अनुसार चल्नुपर्छ भन्ने उच्च विचारले गर्दा समेत तिन दिन पैदल हिँडेर पुगिने कपिलवस्तु जिल्लाको तौलिहवा सदरमुकाममा पर्ने तौलेश्वरनाथ संस्कृत मा.वि.मा गई कक्षा ६ मा भर्ना भई पठन पाठन सुरू गरे । विदाको बेलामा घरमा आउँदै घरबाट आफूलाई अर्को विदा नभएसम्म पुग्ने सामल खर्च (पैसा) बोकेर तिन दिनको बाटो हिँडेर जाँदा आउँदा उनकी आमा आफ्नो दुब्लो पातलो छोरो आफूभन्दा ठूलो झोला बोकेर आउने जाने गर्दा धुरूधुरू रूनुहुन्थ्यो । जीवनमा केही पाउन केही गुमाउनुपर्छ भन्ने मान्यता बोकेका उनका पिता सानातिना संघर्षदेखि डराउनु हुन्न भन्दै पढ्न पठाउनु हुन्थ्यो । यस क्रममा उनले सोही विद्यालयबाट २०३४ मा फस्ट डिभिजनमा एस.एल.सी. पास गरे । गोरखापत्रमा उनको मात्र सिम्बोल नम्बर थियो । उनी अचम्मित भए । सहपाठी यदु पन्थी समेतको नाम नदेखेर अकमकाए पनि पछि सोही स्कुलमा गई बुझ्दा उनी सहित चार जना अङ्ग्रेजीमा फेल भएका रहेछन् पछि गेस नम्बर पाएर पास भए तर उनीहरूलाई नै पास भएको थाहा भएन । त्यसैले गर्दा ३ जनाको पढाइ एक वर्षपछि पऱ्यो । तीक्ष्ण बुद्धि भएका उनी पढाइमा तेज थिए नै जीवनमा पढाइको जति महत्व अरू कुराको हुँदैन भन्ने कुरा उनले आफ्नो पारिवारिक वातावरणबाट समेत बुझेका थिए । त्यसैले उनी अध्ययनमा विशेष रूचि राख्थे । त्यसबेला त्यहाँ उच्चशिक्षाका लागि अध्ययन गर्ने ठाउँ नभएकाले काठमाडौं गई राम्रो विषय लिएर पढ्ने धोको थियो । जसले गर्दा आफ्ना गुरू युवराज पन्थीका छोरा माधव पन्थी जो काठमाडौंको क्याम्पसमा अध्ययन गर्थे । गुरूको नेतृत्वमा उनलाई आ.वा पठाएर इन्जिनियरिङ क्याम्पसमा भर्ना गरिदिन भनिएको थियो । खबरको आशमा उनी तौलिहवा मै २ महिनासम्म बसे । तर उत्तर केही आएन अब त शैक्षिक सत्र पनि गुज्रने भयो त्यो गर्नु हुन्न भनेर गुरूहरूले नै अर्ती दिए अनि भर्नाको निम्ति सहज हुने ठाउँ दाङमा जान भनी गुरूले सलाह दिए सँगै एस.एल.सी. दिएका तर ग्रेस नम्बरबाट पास भएका साथी नारायण पाण्डेसँगै आई. पढ्न दाङ गए । त्यहाँको जनता क्याम्पसमा भर्ना भई २०३६ सालमा आई.ए. पास गरे । त्यहाँ पनि उनले आफ्नो तहमा सबैभन्दा राम्रो अङ्क ल्याएका थिए । उनलाई सानैदेखि काठमाडौं आएर पढ्ने ठूलो धोको थियो । त्यसैले उनी बि.ए. पढ्नका लागि काठमाडौं आए र डेरामा बसेर बाल्मीकि क्याम्पसमा बी.ए.मा भर्ना भए । यसको साथै उनी त्रिचन्द्र क्याम्पसमा पनि भर्ना भएका थिए ।

बाल्मीकिमा रू २०० छात्रवृत्ति पाइने र राजनीति (अखिलको) गर्ने काम उनको थपियो । त्यहीँबाट बी.ए. पनि उत्तीर्ण गरे । त्यति अध्ययनले मात्र उनको उच्च शिक्षा हासिल गर्ने सपना पुरा भइसकेको थिएन । त्यसैले उनी आफ्नो इच्छा र सपना पुरा गर्न कीर्तिपुर बहुमुखी क्याम्पसमा मूल विषय नेपाली लिएर एम.ए.मा भर्ना भए र एम.ए.मा उच्च प्रथम श्रेणीमा पास गरे । एम.ए. पास गरेपछि २०४४ सालमा विस्तार क्याम्पसबाट एक. वर्षे बी.एड. पनि पास गरे । अध्ययनलाई नै आफ्नो जीवन ठान्ने जीवनको सही अर्थ खोज्न अध्ययन नै गर्नुपर्छ भन्ने धारणा भएका अधिकारीले २०६६ मा आएर त्रि.वि. मा भर्ना भए । त्यहीँबाट विद्यावारिधि (पिएच.डी) गरे ।

यसरी उनले विभिन्न संघर्ष गर्दै आफ्नो शिक्षालाई अगाडि बढाउँदै लगे र पि.एच.डी. सम्मको अध्ययन पुरा गरे । अध्ययनको लागि आफ्नो आमाको न्यानो कोखबाट पिताको वात्सल्यबाट र पारिवारिक सुखबाट बञ्चित भएर औपचारिक रूपमा गरिने अध्ययन पुरा गरे तापनि अहिलेसम्म पनि उनी विविध विषयमा अध्ययन अनुसन्धान भने गरि नै रहेका छन् ।

## २.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति

धर्मराज अधिकारीको पारिवारिक पृष्ठभूमि उदाहरणीय छ । उनका बाजे पण्डित नरेश्वर उपाध्याय संस्कृतका प्रकाण्ड विद्वान् मात्र नभएर नेपाल (काठमाडौं) मा बसेर जागिर (तहविलदार) खाने प्रतिष्ठित व्यक्तिभित्र पर्दछन् । त्यस्तै पिता विष्णुप्रसादको छवि पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ । पुरेत्याइँ, आयुर्वेदिक उपचार, ज्योतिषी र समाजसेवामा जुटेका पिताको अनुशासनमा हुर्के बढेका अधिकारी अनुशासित, लगनशील, सुशील, भद्र, नम्र हुनुमा पुर्खाकै विरासतको रूपमा लिन सकिन्छ । तिन दिदी-बहिनीपछि जन्मेका अधिकारीले बाल्यकालमा प्रशस्त पारिवारिक माया पाएका छन् । 'साना' उपनामबाट बोलाइने उनी अहिले पनि गाउँघरका बाआमा पुस्तामा 'साना' नामले नै चिनिन्छन् । यद्यपि उनको न्वारनको नाम पिता आफैले राखिदिएका हुन् - धनीश्वर भनेर । पूर्वषाढा नक्षत्रको दोश्रो पाउमा जन्मेका धनीश्वरले आफ्नो नाम तौलेश्वर सं.मा.वि., तौलिहवामा कक्षा ६ मा पढ्दा परिवर्तन गरी धरणीधर भनेर राखे । यो नाम राख्दा उनको बुबाको पनि सहमति थियो । तर त्यो वर्ष उनले त्यस स्कुलमा पढाइलाई निरन्तरता दिन सकेनन् । कारण पिता स्वयंले गाउँले दाइ गंगारामलाई अभिभावकत्व दिएर घर फर्केकोमा उनले त्यो दशैंमा घर नल्याउनुपर्ने थियो तर जवर्जस्ती घर ल्याए । उनी पूरै विरामी परे । घाउ खटिरा निको हुन समय लाग्यो । त्यो वर्ष उनको पढाइ पनि रोकियो । कक्षा ९ फेल गरेर बतुराएका गंगाराम प्रेमनारायण (ठाडाखोले जिम्मावाल) ले बनाएको ठाँटी (दहखोला) मा स्थानीय बाल बच्चालाई पढाउन थाल्छन् । सोही ठाउँमा अधिकारी

पनि संलग्न बन्छन् । त्यही उनीहरूले एउटा नाटक मञ्चन गरेर देखाउँछन् । अर्को वर्ष तिनै गङ्गारामका भाइ छविलालसँग अधिकारी तौलिहवाको सोही स्कुलमा कक्षा ६ मा भर्ना भई अध्ययनलाई निरन्तरता दिन्छन् । त्यतिखेर उनले आफ्नो नाम धर्मराज भनी लेखाउँछन् । यसपछि उनी सोही नामबाट व्यवहृत हुन थाल्छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

मध्यम वर्गीय परिवारमा जन्मिएका धर्मराज अधिकारीलाई अर्थाभावले गर्दा अध्ययनमा अप्ठ्यारो कहिल्यै परेन । बेसरी सुझबुझ भएका पिताले खेतबारी बेचेरै भए पनि उनलाई पढाए । तर पनि एकपटक उनलाई बैंक मार्फत पठाएको पैसा प्राविधिक कारणले गर्दा उनको हात पर्न ढिलो भयो । भर्खर काठमाडौं आएका थिए, चिनजानका मान्छे र साथीभाइ पनि थिएनन् । सँगै बस्ने जिल्लावासी शंकर घिमिरेका आफन्त प्रशस्त थिए र ऊसँग पैसा पनि थियो । तर उनले पैसा देखाएनन्, आफन्तकहाँ जाँदै खाँदै गरे । अधिकारीले भने तिन छाकसम्म मुखमा अन्नको दाना हाल्न पाएनन् । यो उनको जीवनमा अहिले पनि खड्केर रहेको दुःखद पल हो । जेहोस् अध्ययनमा रूचि भएका, बाहिरी वा अतिरिक्त क्रियाकलापमा समेत कउम्दा लाग्ने अधिकारीको पारिवारिक अवस्था सम्पन्नतातर्फ उन्मुख देखिन्छ ।

अधिकारीको वैवाहिक जीवन पछि मात्र सुरू हुन्छ । कारण सुरूसुरूमा पढाइमै समर्पित बन्नु र पछि पनि बढी ध्यान अध्ययन-अध्यापनमै दिनुले गर्दा यसो हुन पुगेको हो । उनको विवाह २०४८ मा लक्ष्मीदेवी शर्मासँग काठमाडौंमा भएको हो । बर्माबाट खेदिएर आएका नेपाली मूलका बलराम शर्मा जो ललितपुरको झम्सिखेलमा बस्थे, उनकै छोरीसँग सुसम्पन्न भएको हो । उनका दुई छोरी जन्मे २०४९ र ०५३ मा । प्राइभेटतर्फ स्वास्थ्य क्षेत्रमा कार्यरत श्रीमती लक्ष्मीदेवी कुशल गृहिणीका रूपमा पनि देखापर्छिन् । उनको अर्को पहिचान फूलको राम्ररी हेरचाह गर्नु पनि हो । छोरीहरू उच्चशिक्षा अध्ययनमा सरिक भएर लागेका छन् । यही सरल, सानो र अनुकरणीय परिवारभित्र अधिकारी दम्पत्ती खुसी भएर रहेका छन् ।

## २.६ वसोवास र आजीविका

हंसपुर गा.वि.स. २ दहपोखरी, अर्घाखाँचीमा जन्मेका अधिकारीको यो पुर्ख्यौली थलो भएकोले उनले आफ्नो बाल्यकाल त्यहीँ बिताएपछि अध्ययनको क्रममा कक्षा ६ देखि एस.एल.सी. सम्म कपिलवस्तुको सदरमुकाम तौलिहवामा आई.ए. पढ्दा दाङमा बी.ए. देखि एम.ए. सम्मको पढाइको क्रममा काठमाडौं र भक्तपुर जिल्लाको विभिन्न ठाउँहरूमा डेरा लिएर बस्दै आएका थिए । वि.सं. २०५४ देखि वि.सं. २०६४ सम्म मध्यपुर ठिमी नगरपालिका वडा नं.१६ लोकन्थलीमा घर बनाएर

बसेका थिए । त्यो घरमा बसोबास गर्न कठिन भएको महसुस भएपछि घर बेच बिखन गरेर वि.सं. २०६५।०६६ सम्म सिर्जना नगर भक्तपुरमा डेरा लिएर बसे । त्यसपछि हालको महालक्ष्मी नगरपालिका १७, इमाडोल बोजेपोखरीमा ४ आना घडेरी किनेर त्यहीँ पक्की घर बनाए । अहिले उनी बोजेपोखरी स्थित त्यही घरमा वसोवास गर्दै आएका छन् ।

मध्यम वर्गको आर्थिक हैसियत भएको परिवारमा जन्मेका हुनाले एम.ए. सम्मको अध्ययन पुरा गर्दा लाग्ने सम्पूर्ण खर्च बुबाले घरबाटै बेहोरेर सम्पन्न गरेपछि अध्यापन गरेर आफ्नो कमाइमा रहे तापनि पछिसम्म पनि बुबाले काठमाडौंको ठाउँमा खर्च धेरै लाग्छ भनेर घरीघरी खर्च पठाउनुहुन्थ्यो जसले गर्दा पनि अधिकारीलाई आफ्नो आजीविका चलाउन केही सहज भएको थियो । हाल उनको खेतीपाती वा आय आर्जनको माध्यम भने प्राध्यापक पदको तलब मात्र हो । सोही तलबबाटै उनले आफ्नो परिवारको दैनिकी चलाउँदै आएका छन् । लेखपढमा निरन्तर लाग्ने उनले पुस्तक र फुटकर लेख घरीघरी त प्रकाशित गर्ने गर्छन् तर यस्ता साहित्यिक कृतिहरूको पारिश्रमिक दिन संबद्ध निकाय हिच्किचाउँछ । त्यसैले उनी सित्तैमा भए पनि लेख रचना छापेर उनीहरूलाई नै पोस्ने काम गरि रहन्छन् । त्यसैमा उनी सन्तुष्ट देखिन्छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.७ आर्थिक अवस्था

मध्यम वर्गीय परिवारमा जन्मेका अधिकारीको हजुरबुबा नरेश्वर अधिकारी तहबिलदार हुनुहुन्थ्यो । पुर्ख्यौली जमिन र जङ्गल पुग्दो थियो । हजुरबुबा, हजुरआमाको मृत्युपश्चात् बुबा र काका, ठुलोबाको अंशबण्डा भयो । अंशबण्डा हुँदाखेरि पनि अधिकारीको परिवारको भागमा आफूलाई पुग्ने जग्गाजमिन पऱ्यो । त्यसमाथि पनि उनको पिता संस्कृतका विद्वान् भएकाले पुराणवाचन गरेर पनि पैसा कमाउनुहुन्थ्यो । उहाँको अतिरिक्त आम्दानी ज्योतिषी पनि थियो । अधिकारी सानैदेखि पढ्नका लागि विभिन्न ठाउँमा गएर बसे । एम.ए. पढ्ने बेला समेतमा बुबाले नै खर्च गरेर अधिकारीलाई पढाउनुभयो । अधिकारीले एम.ए. को पढाइ सकेपछि पनि उनको बुबाले काठमाडौं बस्न गाह्रो हुन्छ भनेर घरबाट पैसा पठाउँदै गर्नुहुन्थ्यो । अधिकारीलाई घडेरी किन्न समेत बुबाले २०४३ सालतिर रू एक लाख दिनु भएको थियो । घडेरी किन्न भनेर दलाललाई दिँदा दलालले सबै पैसा खाइदियो । अधिकारीले जागिरबाट प्राप्त गरेको आम्दानी घरमा पठाउन आवश्यक थिएन, त्यसैले पनि केही धन सञ्चय भएको हो भने अर्कोतिर उनलाई पनि धन कमाइ गरेर सम्पत्ति आर्जन गर्नुपर्छ भन्ने कहिले लागेन । यति बेलासम्म अधिकारीले बोर्डिङ स्कुल र कलेजमा अध्यापन गर्न प्रारम्भ गरेका थिए । वि.सं. २०४३ देखि उनले अध्यापनको थालनी गरे । उनले भाइलाई काठमाडौं

ल्याएर पढाए, बहिनीलाई पढाए । यतिमात्र नभएर काकाका छोराछोरी दाइका छोराछोरीदेखि लिएर गाउँका अरू भाइबहिनीहरूलाई पनि काठमाडौं ल्याएर पढाउने चाँजो मिलाइदिए । यो क्रम धेरे वर्षसम्म रह्यो । बुबाको मृत्युपश्चात् उनको भाइ दाङको सिमामा पर्ने अर्घाखाँचीकै सातमारेको घरमा बस्दै आएका छन् । अधिकारीले शिक्षण पेसामा रहेर स्वावलम्बी भएपछि पिएच.डी. गरेका हुन् । आर्थिक आय र रोजगारीको स्रोत नै शिक्षण पेसा बनाएका अधिकारी हाल पाटन संयुक्त क्याम्पसमा प्राध्यापक पदमा कार्यरत छन् । यसरी आफ्नै परिश्रम र मेहेनतमा बाँच्न चाहने अधिकारी लोकन्थलीमा १३ वर्ष घर बनाई बसेर हाल महालक्ष्मी नगर पालिका १७ इमाडोल बोजे पोखरीमा बनाएको घरमा सपरिवार वसोवास गर्दैछन् । परिश्रम गरे जे पनि हुन्छ, मेहेनतले लक्ष्य प्राप्ति हुन्छ भन्ने अधिकारी उदाहरण बनेका छन् । श्रीमती लक्ष्मीदेवी अधिकारी जागिरबाट र उनको तलव नै आम्दानीको श्रोत हो । उनको मानसिक र बौद्धिक विकासमा अर्थको कारणले कुनै धक्का लाग्न पाएको छैन । कारण उनी पैसाको पछाडि कहिल्यै दौडेको पाइँदैन ।

## २.८ जागिरे जीवन

धर्मराज अधिकारीको जागिरे जीवनको सुरूवात वि.सं. २०३८ मा २०३५।३६ को विद्यार्थी आन्दोलनले गर्दा एम.ए. अध्ययन गर्न नपाएकोले स्वइच्छामा रसुवाको धैबुङ कालिकास्थान नि.मा.वि. मा सात महिनासम्म शिक्षण पेसा अँगालेर सुरूवात गरेका हुन् । त्यहाँ स्कुलमा उनले आफूभन्दा उमेरमा पाका विद्यार्थीलाई पढाए, राजनीति सिकाए, भलिबल खेलको प्रशिक्षण दिने जिल्लाका र इतर जिल्लाका विभिन्न स्थानमा लगेर प्रतिस्पर्धा गराए । साथै राति राति जनताको बीचमा (गाउँ गाउँमा) गएर राजनीति गर्ने काम समेत गरे । तर हेडमास्टर कृष्णलाल मुनाकमीले उनलाई कुनै महिनाको पनि तलब दिएनन्, उल्टै पुलिस लगाएर व्यवस्था विरोधीको उजुरी हाली पक्राउने चक्रव्यूह रचे । यो सबै व्यूह उनलाई थाहा भएन । एक रात गाउँबाट फर्केका उनलाई होटलकी दिदीले गुपचुप रूपमा अवस्था अवगत गराइन् । उनी तत्कालै होटल र लजको बाँकी पैसा तिरेर रातारात भागे । पञ्चायती कालभरि उनी त्यो जिल्लामा कालो सूचीमा परेका थिए । त्यसपछि २०४३ बैशाखबाट बालकुमारी सेकेन्डरी हाइस्कुल, पुतली सडकमा, मा.वि. शिक्षकको रूपमा अध्यापन गर्न थालेपछि उनको जागिरे जीवनको वास्तविक सिलसिला सुरू भयो । उनले क्रमशः २०४४ कार्तिक १५ देखि भक्तपुर बहुमुखी क्याम्पसमा सहायक प्राध्यापक (अस्थाइ) को रूपमा काम पनि गरे । २०४५ असारदेखि विश्व निकेतन उच्च मा.वि.मा पनि अध्यापन गरे । २०४७ साल देखि २०५१ सम्म नेपाल कमर्श क्याम्पस, मीनभवनमा आंशिक शिक्षकको रूपमा अध्यापन गरे ।

त्यसपछि ठिमीको जन आदर्श क्याम्पसमा २०५० देखि २०५२ सम्म अध्यापन गरे । त्रिपुर एकडेमी उच्च मा.वि. (त्रिपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित) लोकन्थलीमा शिक्षक + प्रिन्सिपल भई अध्यापन गरे । त्यसपछि ख्वप उच्च मा.वि. र ख्वप कलेजमा २०५८ देखि २०६३ सम्म अध्यापन गरे । त्यसपछि आफूले पाएको शिक्षाको ज्योतिलाई बाँड्ने क्रममा आदर्श आजात उच्च मा.वि.मा अध्यापन गरी कलेज स्थापनाको लागि पहल गर्ने काम समेत गरे । त्यसपछि त्रि.वि. केन्द्रीय विभागमा रहेर २०६१ देखि २०६३ सम्म र २०६७ देखि सानोठिमी क्याम्पसमा आंशिक रूपमा अध्यपन गर्दै रहे । हाल उनी पाटन संयुक्त क्याम्पसमा प्राध्यापकको रूपमा अध्यापनरत रहँदै आएका छन् ।

यसको अलावा उनी पि.टि.ए. कर्मचारी प्रशिक्षण केन्द्रमा स्रोत व्यक्तिको रूपमा समेत रहेका छन् । बेलाबेलामा ट्रेनिङ सम्बद्ध कक्षाहरू लिँदै आएका छन् । टुरिष्ट गाइडको ट्रेनिङ लिएको कारणले गर्दा स्पेनिस, फ्रेन्च तथा अंग्रेजी भाषाको गाइड गर्ने काम पनि उनले बेलाबखत गरेकै हुन् । त्यसबाहेक पनि उनी विभिन्न संघसंस्थामा आबद्ध भई काम गरिरहेका छन् । जस्तै साहित्यिक संस्था, नेपाल बाल साहित्य समाजको सदस्य, युद्ध प्रसाद मिश्र स्मृति प्रतिष्ठान सदस्य, नागार्जुन साहित्य प्रतिष्ठानको आजीवन सदस्य समेत रहेर उनले आफूसँग भएको खुबी र सीपलाई निरन्तर पस्किरहेका छन् ।

## २.९ प्रेरणा र प्रभाव

धर्मराज अधिकारी आफ्नो पारिवारिक वातावरणबाटै प्रेरणा पाएर साहित्य सिर्जनातिर अग्रसर भएका हुन् । साहित्यशास्त्रीहरूले सिर्जनात्मक कार्यका मूलमा प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई मानेका भए तापनि प्रत्येक साहित्यकारले बाह्य प्रेरणा पाएको हुन्छ । त्यसैले धर्मराज अधिकारीलाई प्रतिभाको वरदान मिलेको भए तापनि उनलाई बाह्य प्रेरणा र घरको वातावरणले पनि साथ दिएको पाइन्छ । उनका पिता संस्कृत भाषाको प्रकाण्ड विद्वान्, आर्युवेद र ज्योतिष विद्याका निपुण थिए । बिहान स्नान पश्चात् उनको पिता मन्त्र स्तोत्र भट्याउनु हुन्थ्यो । संस्कृत पढेको व्यक्ति शिष्ट, नम्र, उदार, आज्ञाकारी कार्यपालक हुन्छ भन्नुहुन्थ्यो । सानै उमेरमा बुबाले कौंमुदी र अमरकोश, रूद्री, वेदका केही ऋचाहरू मुखाग्र गराउनुभएको थियो ।

उपर्युक्त तथ्यको आधारमा घरको वातावरणले अधिकारीलाई संस्कृत भाषाप्रति मोह जगाएको र त्यस भाषासँग सम्बन्धित विभिन्न लेखरचना गर्न प्रभावित गरेको देखिन्छ भने अर्कातिर नेपाली भाषा र साहित्यको विकास चरमोत्कर्षमा पुगेको र आफ्नो पनि साहित्य साधनाको प्रथम

चरण भएको हुँदा यस्तो सम्पर्कले पनि उनको प्रतिभाको संमरणलाई प्रेरणा प्रदान गरेको पाइन्छ । रा.वि.से. शिक्षक यादव प्रसाद ढुङ्गानाको साहित्यिक प्रेरणा र लेखनबाट पनि उनलाई थप प्रेरणा मिलेको देखिन्छ । यसका साथै नेपाली साहित्य सम्बन्धी विभिन्न पत्रपत्रिकामा लेखरचना प्रकाशित हुनु र जनसमक्ष पुग्नु पनि उनको साहित्य सिर्जनाप्रति रूचि जाग्नु हो ।

उनी तल्लो कक्षामा पढ्दा स्कुलमा हुने विविध कार्यक्रमहरू, नाटकहरू धेरै मञ्चित हुन्थे । उनको स्कुल भएको ठाउँ रतनमारे लोकगीत र भ्याउरेमा अग्रणी भूमिका खेल्न सफल थियो । त्यहाँ सोरठी दोहरी चल्थ्यो । छड्के नाचहरू र सोरठी नृत्य नाचिन्थे । विद्यालयमा हुने यस्ता पात्रहरू ओम गैरे (हाल मुख्य अधिकृत रा.वि. बैङ्क) र खुमराज पुँजाली (हाल नेपाल सरकारको सचिव) हरू नाटकका सदावहार पात्र थिए । त्यस्ता पात्रबाट पनि उनी प्रभावित थिए । अधिकारीमा भएको प्रतिभालाई यिनै प्रेरक तत्वहरूले साहित्यिक लेखनतर्फ प्रेरित गरेको पाइन्छ ।

अधिकारीको संस्कृत साहित्यको दर्पण र अन्य पाठ्यपुस्तकहरू लेखनमा उनको पिताको सम्मान र विद्यार्थीहरूको सामूहिक आवाजले प्रेरित गरे जस्तै रा.वि.से. शिक्षक यादव ढुङ्गानाबाट साहित्य लेखनमा प्रेरणा पाएर निबन्ध लेखनतर्फ क्रियाशील बनेको अनुभूत हुन्छ तत्पश्चात् नेपाली भाषा र साहित्यका कुहाल अंघोता हुनुले गर्दा उनी क्रमशः समीक्षा, अनुवाद, अनुसन्धान, समालोचना लेखनतर्फ सक्रिय बन्दै जान्छन् ।

त्यसैले अधिकारीको सिर्जनामा प्रभाव पार्ने तत्त्वहरू घरको वातावरण, पिता वहुप्रतिभाशाली व्यक्तित्व हुनु, रा.वि.से. शिक्षक यादव प्रसाद ढुङ्गाना विभिन्न ठाउँको भ्रमण, पत्रपत्रिका को पठन र टिप्पणी आदि हुन् । उपर्युक्त प्रेरक तत्त्वलाई बाह्य तत्व र उनमा भएको प्रतिभालाई आन्तरिक तत्वका रूपमा लिन सकिन्छ ।

## २.१० प्रथम प्रकाशित रचना र कृति

धर्मराज अधिकारीको लेखनको आरम्भ गद्यबाट भएको हो । उनले वि.सं. २०३० सालमा 'जीवन एक अनुभव' निबन्धबाट लेखन सुरू गरेका हुन् । अधिकारीको औपचारिक साहित्य लेखन वि.सं. २०३८ सालमा **गोरखापत्रमा** प्रकाशित भएको सिद्धिचरण श्रेष्ठको काव्यकारिताबारे लेखिएको समीक्षाबाट भएको हो । उनको प्रथम प्रकाशित समालोचना चाहिँ **'छद्मनामक** धनी श्यामप्रसाद शर्मा' भन्ने शीर्षकको **'लहर'** (अंक २३, २०४६) को समालोचना नै हो । यस समालोचनामा अधिकारीले श्यामप्रसादको भूमिगत जीवनको विविध अवस्थाका बारेमा लेखेको पाइन्छ ।

अधिकारीको पुस्तककार रूपमा पहिलो प्रकाशित कृति **'श्यामप्रसाद: विश्लेषण र मूल्याङ्कन'** हो । यो वि.सं. २०४७ सालमा नेपाल मैत्री प्रकाशनबाट प्रकाशित भएको हो । अधिकारीले एम.ए. दोश्रो वर्षको आठौँ पत्रको प्रयोजनको लागि तयार पारेको श्यामप्रसादको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन सम्बन्धी शोधपत्रलाई 'श्यामप्रसाद: विश्लेषण मूल्याङ्कन' शीर्षकमा पुस्तककार रूप प्रदान गरेको पाइन्छ । उनको यो कृति पाँच परिच्छेदमा विभाजित छ । पुस्तकमा श्यामप्रसादको जीवनी विवरण, कृति विवरण, व्यक्तित्वबारे विस्तृत अध्ययन साथै उनका कृतित्वको विश्लेषण र मूल्याङ्कन गर्दै नेपाली साहित्यमा उनको स्थान र योगदानको निरूपण गर्ने प्रयत्न गरेको पाइन्छ । यस कृतिले अधिकारीलाई अनुसन्धानात्मक कृति लेख्ने लेखकको रूपमा समेत स्थापित गरेको पाइन्छ । अर्कोतर्फ यस कृतिले उनलाई प्रगतिवादी लेखन परम्पराको इतिहासमा स्थापित गरेको छ । त्यसपछि पनि उनका यस सम्बन्धी आधा दर्जन बढी कृति र तीन दर्जन जति फुटकर लेखरचना प्रकाशित भएका छन् ।

## २.११ राजनीतिक अवस्था

धर्मराज अधिकारीको राजनीतिक जीवनको प्रारम्भ स्कुल पढ्दादेखि नै भएको थियो । किशोरावस्थादेखि नै सचेत र सुधारात्मक भावना भएका उनमा स्कुले जीवनमा नै प्रतिबन्धित कम्युनिष्ट पार्टीसँग निकट रहेका गुरू पुत्र माधव पन्थीद्वारा तौलिहवामा दिएको सामान्य प्रशिक्षणको प्रभाव थियो । आई.ए. पढ्दा सोही राजनितिक विचारधारालाई अवलम्बन गर्दै विद्यार्थी संगठनमा आबद्ध भई काम गरेको साथै २०३६ सालको विद्यार्थी आन्दोलनमा सानोतिनो भूमिका निर्वाह गरेको पाइन्छ । बी.ए. पढ्न काठमाडौं आएपछि पूर्ण रूपमा ने.क.पा. माले सम्बद्ध राजनीतिक पार्टीको विद्यार्थी संगठन अ.ने.रा.स्व.वि.यु. सँग आबद्ध भई विभिन्न प्रा.क.हरूमा सम्बद्ध भएर राजनीति गरेका थिए । २०३७ साल चैत्र १४ गते नेपालको इतिहासमा पहिलो नेपाल बन्द गर्ने संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनले आव्हान गरेको नेपाल बन्द कार्यक्रम सफल पार्नको निम्ति दुई महिना अगिदेखि बालाजु औद्योगिक क्षेत्र एरियामा संलग्न हुँदा चैत्र १४ गतेको बिहान पक्राउ परी उनलाई महेन्द्र पुलिस क्लव लगेर पुलिस प्रशासनमा दिनभर मुर्गा बनाएर राखेको थियो पछि पछि पुलिस क्लव हुँदै जेल हालियो । यसैगरी कालिकास्थान नि.मा.वि.मा ७ महिनासम्म अध्यापन गर्दा इतर समयमा जनताका बिच राजनीति गरेका हुनाले सोही क्रममा कृष्णलाल मुनकर्मी प्रधानाध्यापक तत्कालीन व्यवस्थाका पक्षपाती हुँदा र त्यसको विपरित राजनीतिमा (कम्युनिष्टमा) लागेको हुँदा उनैद्वारा सि.आइ.डी. लगाई पक्राउ गर्न खोज्दा भागेर ज्यान बचाएको, जसले गर्दा

सात महिना पढाएको तलब समेत नलिई काठमाडौँ पसेर बाँचेका थिए । उनी पञ्चायत काल भरि त्यस जिल्लामा वारेन्टेड थिए । यसका साथै उनले लुम्बिनी अञ्चल सम्पर्क कमिटी र पछि अर्घाखाँची जिल्ला सम्पर्क कमिटीमा समेत रहेर धेरै समयसम्म काम गरेको पाइन्छ । यसरी उनले जनता र राजनीतिप्रतिको आफ्नो झुकाउ र उत्तरदायित्वपूर्ण भूमिकालाई सम्पन्न गरेका छन् । पछि बुद्धिजीवी परिषद्को सदस्य क्याम्पस एकाइ तहको सविच हुँदै अनेक संघ सङ्गठनका मातहतमा रहेर काम गरेका छन् । अहिले पनि पाटन संयुक्त क्याम्पसका प्राध्यापक संघको प्रा.क.का. अध्यक्ष छन् । प्रगतिशील लेखक संघका साधारण सदस्यमा रहेका उनी युद्धप्रसाद मिश्र पुरस्कार गुठीका सदस्य, नेपाल बाल साहित्य समाजको सदस्य, नागार्जुन साहित्य प्रतिष्ठानको आजीवन सदस्य समेत भएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१२ जेल जीवन

संवैधानिक राजतन्त्रभित्र रहेर जनताको प्रतिनिधित्व सहितको शासन प्रणाली लागु गर्ने उद्देश्यबाट प्रेरित भएर विद्यार्थी हुँदाको समयमा राजनीतिमा लागेका अधिकारी विभिन्न राजनीतिक कार्यक्रममा सहभागी भएको अभियोगमा जेल पर्छन् । अधिकारी पहिलो पटक वि.सं. २०३७ साल चैत्र १४ गते आफू संलग्न रहेको विद्यार्थी संङ्गठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, एकताको पाँचौले नेपाल बन्द कार्यक्रमको आयोजना गरेको थियो । उनी र उनका साथीहरू बालाजु औद्योगिक क्षेत्रभित्र कार्यरत थिए । बन्दको कार्यक्रम नजिकिँदै गर्दा निगरानी पनि कडा बन्दै गयो । १४ गते बिहान मोटर नचलाउन भनी अनुरोध गर्न हिँडेको बेला पुलिसको पक्राउमा पर्छन् । पुलिसले उनलाई कुट्दै महेन्द्र पुलिस क्लब पुऱ्याउँछन् । त्यहाँ उनीहरूलाई पुलिसले ज्यादै कुटपिट गर्छन् । त्यसपछि उनीहरूलाई भद्रगोल जेलमा लगियो । त्यस जेलमा अधिकारी लगायत ६६ जना साथीहरू पनि थिए । उनीहरूका साथमा मदन कोइराला, कृष्णगोपाल श्रेष्ठ पनि थिए । जेलमा उनी र उनका साथीहरूले राष्ट्रप्रेमका गीत र जनताका गीत गाएर बस्थे । ४० दिन बितेपछि उनी जेलबाट मुक्त भए ।

दोश्रो पटक धर्मराज काठमाडौँको छात्रावासबाट वि.सं. २०४२ सालमा पक्राउ  पर्छन् । त्यसबेला रामराजा प्रसाद सिंहले काठमाडौँ उपत्यकामा बम पड्काएको पुष्टि भएको थियो तर तत्कालीन सरकारले वेफ्वाँकमा अभियुक्त बनाएर छात्रावासबाट पक्राउ गरी ४ दिन सम्म डि.एस.पी. कार्यालय हनुमान ढोकामा थुनामा राखिएका उनलाई बयानपछि मात्र छोडिन्छ ( शोधनायकको कथनमा आधारित) ।

तेस्रो पटक धर्मराज २०४६ सालमा फेरि जेल पर्छन् । २०४६ चैत्र ३ गते वहुदलीय व्यवस्थाको माग गर्दै कालो पट्टी बाँधेर लेखक, कलाकारहरूका साथमा पारिजातको नेतृत्वमा भएको धर्ना कार्यक्रममा सरस्वती सदन, घण्टाघर अगाडिबाट सामूहिक गिरफ्तारीमा पर्छन् । उनीहरूलाई ट्रकमा कोचेर बग्गी खानामा लगिन्छ र बयानपछि राति छुट्छन् । यसरी अधिकारी आफ्नो विद्यार्थी कालमा देश र जनताका हक, हितमा लड्न खोज्दा पटक पटक जेल पर्छन् । तेस्रो पटकको जेल नै उनको अहिलेसम्मको अन्तिम जेल जीवन हो ।

## २.१३ अविष्मरणीय घटना

मानिसको जीवनमा राम्रा नराम्रा अनेक घटनाहरू घट्दछन् । कुनै घटना यस्ता हुन्छन् जसले हाम्रो मस्तिष्कमा सधैँ डेरा जमाएर बसेको हुन्छ । त्यस्तै धर्मराज अधिकारीको जीवनमा पनि यस्ता अविस्मरणीय घटनाहरू घटेका छन् । अधिकारी तौलिहवामा कक्षा आठमा पढ्दा नजिकैको भारत देश हेर्ने र सिनेमा पनि हेर्ने भनेर अग्रज दाईहरूसँग सिद्धार्थ जिल्ला सोहरतगढ (उत्तर प्रदेश) गएको बखत गौतमबुद्धको जन्म नेपालमा नभई बिहारको कपिलवस्तु नगरीमा भएको र त्यहाँ जान यसरी सकिन्छ भनी निर्दिष्ट गरेको नक्सा रेल्वेको प्लेट फारममा देखेपछि सारै चित्त दुखेको त्यसपछि सँगै गएको दाइहरूसँग जिज्ञासा राखेको, उनीहरूबाट उपयुक्त उत्तर नआएकोले अर्को दिन कक्षामा संस्कृत पढाउने शास्त्री गुरूसँग सोध्दा उनले अवधि भाषामा गाली गर्दै नेपाल र भारतमा के फरक छ भनी बुद्धको जन्म उतै भएको आशयको कुरा गर्दा मन ज्यादै दुखी भएको घटना उनको अविष्मरणीय घटना हो (शोधकर्ताबाट प्राप्त जानकारी) । साथै अधिकारीले आफ्नो एम.ए. दोश्रो वर्षको आठौँ पत्रको लागि श्यामप्रसादको जीवन, व्यक्तित्व र कृतित्वको शोधपत्र लेखन गर्दा धेरै नै दुःख गरेका छन् । उनले यो प्रस्ताव पास गराउन एक वर्ष लगाउनु परेको थियो । अधिकारीले धेरै संघर्ष गरेर श्यामप्रसादको बारेमा खोज अनुसन्धान गरेर उनलाई जनताको माझमा ल्याउने काम गरे । धेरै बर्षपछि (२०४७) अधिकारीले श्यामप्रसादलाई भेट्ने अवसर पाए । त्यो दिन उनको लागि सबैभन्दा अविस्मरणीय क्षण भएको छ । त्यसैगरी अधिकारी अध्ययनको क्रममा कमलपोखरी स्थित डेरामा बस्दा राती चोरले सबै लुगा चोरेर लगेको बिहान उठ्दा आफूसँग लगाउनलाई स्यान्डो गन्जी र अन्डरवेयर मात्र भएको, पछि एउटै घरमा डेरा गरेर बस्ने साथीको लुगा मागेर लगाएको घटना पनि अधिकारीको जीवनको फरक खालको घटना हो (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१४ समाजसेवा

समाज सेवाको क्षेत्रमा धर्मराज अधिकारीको पनि धेरथोर योगदान रहेको छ । विभिन्न संघसंस्थाहरूसँग उनको संलग्नता देखिन्छ । उनले नेपालका दुर्गम क्षेत्रमा गएर मानिसहरूलाई शिक्षा, स्वास्थ्य, घरेलु हिंसा, बालश्रम शोषण महिला शिक्षाको बारेमा घरदैलो कार्यक्रमहरू गर्ने गरेका छन् । साथै पिछडिएका निमुखा वर्गहरूका लागि पनि विभिन्न जनचेतना कार्यक्रम गर्ने गरेका छन् भने समाजमा हुने विविध घटनामा परेका मानिसहरूलाई समेत सहयोग र राहत दिने कार्यमा सक्दो प्रयास गरेको पाइन्छ । पहिले उनले चलाएको 'विमन विथ विमन' नामक संस्थाबाट यो कार्य सम्पन्न गरेका थिए । पछिल्ला दिनमा माथि उल्लिखित शैक्षिक, सामाजिक र बालकल्याणसँग सम्बन्धित मञ्च, फोरम, संघ एवं संस्थामार्फत जनचेतना अभिवृद्धि गर्ने, साहित्य शिक्षण गर्ने, लेखन र समीक्षण गर्ने कार्यमा समेत संलग्न बनेका प्रशस्त उदाहरण भेटिन्छन् ।

## २.१५ रूचि तथा स्वभाव

रूचि प्रत्येक व्यक्तिमा भिन्न भिन्न हुन्छ र त्यसले व्यक्तिको व्यक्तित्वको निर्माण गर्दछ । अधिकारीको पनि आफ्नो प्रकारको रूची छ । उनी बाल्यकालदेखि नै सफा सुग्घर भएर बस्न मन पराउने कपडाहरू फेरी फेरी लगाउन मन पराउने भएकाले बुबासँग मागेर कपडा किन्ने र कपडामा स्त्री लगाएर टल्काउने लत थियो । अहिले पनि उनी कपडा सफा र मिलाएर लगाउन मन पराउँछन् । साथै गाउँका हरिया वन पाखामा पैदल हिड्न, त्यहाँको जीवनशैली, वस्तुस्थिति बुझ्न उनलाई निकै मन पर्छ । यसै सिलसिलामा उनले मुलुकको थुप्रै जिल्लाहरू पैदल घुम्न सकेका हुन् र तिनलाई लेख रचनामा उतार्न उनलाई सम्भव भएको हो । अहिले पनि उनी र उनका मिल्ने साथीहरूको टोली हाइकिङ जाने उकाली ओराली गर्दै मनुष्य जीवनसँग साक्षात्कार गर्ने कार्यक्रममा सक्रिय छन् (लेखकसँगको अन्तक्रियामा व्यक्त धारणा) । बुबाले बिहान भट्याउने गरेका मन्त्रका श्लोकहरू बुबाले वाचन गरेका वेदका ऋचाहरू पनि उनलाई पढ्न मन पर्नुका साथै स्वदेशी कवि, समालोचक र विदेशी लेखकहरूका लेखहरू पढ्न पनि उनी रूचाउँछन् । साथै नित्य नयाँ प्रकाशित भएका कृतिहरूको बारेमा आफ्ना साथीहरूसँग बसेर छलफल गर्न पनि उनी मन पराउँछन् । जुन कृतिको सामाजिक मूल्य छ र साहित्यिक महत्व छ तिनको खोजी गरेर पढ्ने रुचि उनमा अहिले पनि देखिन्छ । खास गरी हिन्दीमा लेखिएका रसियाली लेखकका गहकिला कृतिहरु हिन्दी र अङ्ग्रेजी भाषाका त्यस्तै रचनाहरु एवं मार्खेजका कृतिहरु समेत अध्ययन गरेका उनले तिनको सङ्कलन गर्ने काम गरेका छन् ।

उनको रूचि पठन पाठन, अध्ययन, अध्यापन र सिर्जनातर्फ बढी रहेको देखिन्छ । खेल मनोरञ्जन तर्फ पनि उनको बढी नै रूचि पाइन्छ । उनी भलिबल, टेबल टेनिस र ब्याडमिन्टनका राम्रा खेलाडी हुन् भने उनी रेडियो, मोवाइलमा समाचार सुन्दै हिँड्न पनि रूचाउँछन् । आफ्ना विद्यार्थीहरूलाई लिएर भ्रमण जान विद्यार्थीहरूसँग बसेर चिया पिउँदै गफ गर्न पनि अधिकारी रूचाउँछन् । साना ठुला सबै खाले मानिसहरूसँग बसेर कुराकानी गर्न सबै मानिस समान हुन्छन् भन्दै सबैलाई समान व्यवहार गरेर समान सहयोग र माया गर्न उनी हिचकिचाउँदैनन् ।

अधिकारीलाई नयाँ ठाउँ घुम्न सबैभन्दा बढी मनपर्छ । नयाँ-नयाँ मान्छेसँग भेट्ने नयाँ कुरा सिक्ने र सिकाउने मित्रता गाँस्ने उनको बानी छ । नयाँ ठाउँ गएर त्यहाँको वस्तुस्थितिलाई चित्र र अक्षरमा उतार्न र पुराना सामानहरूलाई माया गरेर राख्न उनी मन पराउँछन् । समाज सेवाका विविध कामहरू गर्न समेत उनलाई मन पर्छ । साथै अरूलाई सहयोग गर्ने मात्र होइन आर्थिक सहयोग गर्न पनि उनी रूचाउँछन् । घरमा बस्दा पनि सर्ट पाइन्ट नै उनी बढी लगाउँछन् । उनलाई घरमा बस्दा सफासँग चिनी बिनाको कफी र कालो चिया पिउन मनपर्छ । साथै साथीहरूसँग दुःखी मानिसको सहयोगका लागि मलम पट्टी लगाउन पनि उनलाई असाध्यै मनपर्छ । त्यहाँको भूगोल वस्तुस्थिति त्यहाँको जनजीवनसँगको साक्षात्कारमा आफूलाई खुसी लाग्ने भएकाले साथै महत्वपूर्ण ठाउँको वस्तुस्थिति आदिको बारेमा लेखेर पत्रपत्रिकामा प्रकाशन गर्ने कामना पनि उनको प्रशस्त रूचि छ । उनले नेपालका साथै भारतका कतिपय ठाउँको र भुटानको समेत भ्रमण गरेका छन् ( शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१६ सम्मान, पुरस्कार तथा भ्रमण

धर्मराज अधिकारी मानसम्मानको भोको नभएकाले त्यसको पछि लाग्दैनन् तर पनि उनले पाएका पुरस्कारको बारेमा खुलाउनु पर्दा सर्वप्रथम अधिकारीले कक्षा ४ मा पढ्दा कक्षामा दोस्रो भई कापी, कलम र अन्य पुरस्कार पाएका थिए । स्कुल पढ्दा स्कुलमा हुने हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध, कविता, वादविवाद प्रतियोगिताका साथै भलिबल, टेबुल टेनिस खेलेर कापी, कलम, पुस्तक लगायत खेलकुद सामाग्रीहरू पुरस्कारको रूपमा पाएका थिए । उनले नेपाल राष्ट्रिय मानव तथा जीवमण्डल समितिद्वारा विश्व वातावरण दिवस (जून ५, १९८५) को उपलक्ष्यमा आयोजित निबन्ध प्रतियोगितामा सान्त्वना पुरस्कार पाएका थिए । पण्डित राज सोमनाथ शतवार्षिकी समारोह समितिको आयोजनामा सोमनाथ सिग्देलको व्यक्तित्व र योगदान विषयमा अधिराज्य ब्यापी अन्तर क्याम्पस निवन्ध प्रतियोगितामा उनले प्रथम पुरस्कार (२०४१) पाएका थिए । त्यसैगरी नागार्जुन

साहित्य प्रतिष्ठानबाट नागार्जुन वार्षिक रचना पुरस्कार २०६२ बाट उनी सम्मानित भएका छन् । उनले नेपाल विद्याभूषण पदक (क श्रेणीको) प्राप्त गर्नुका साथै दीर्घ सेवा पदक समेत प्राप्त गरेका छन् ।

शिक्षण क्षेत्रमा हुने अति व्यस्तताका बाबजुद पनि अधिकारीले स्वदेश तथा विदेशको भ्रमण गरेका छन् । उनले स्वदेशका सत्सठ्ठी जिल्लाको भ्रमण गरेका छन् । उनको भ्रमण थोरै मात्र जागिरको प्रकृतिसँग सम्बन्धित छन् भने कतिपय भ्रमण स्वेच्छिक छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१७ साहित्यिक संङ्घसंस्थाको स्थापना र संलग्नता

अधिकारीले साहित्यिक संघसंस्था र पत्रपत्रिका सम्पादन प्रकाशनमा विभिन्न प्रकारको सहयोग गर्दै आएका छन् । सर्वप्रथम उनले अरूणोदय, विश्वउद्यान, भिलसमिसे, असीम पत्रिकाको संयुक्त सम्पादन गरेका थिए । त्यसपछि २०६२ सालमा स्वीस प्रजातन्त्र बहुसाँस्कृतिक समाजमा द्वन्द्वका सम्भाव्य र समाधान भन्ने विषयको पुस्तकको संयुक्त सम्पदान गरे । त्यसको साथै नेपाल बालसाहित्य समाजको सदस्य, युद्ध प्रसाद मिश्र स्मृति प्रतिष्ठानको आजीवन सदस्यको रूपमा रहेर काम गरिरहेका छन् । साथै कीर्तिपुर बहुमुखी क्याम्पसको सह प्रा.क. मा रहेर, प्रगतिशील प्राध्यापक संगठन भक्तपुर क्याम्पस एकाइ समितिको सचिव भएर काम गरेका छन् भने बुद्धिजीवी परिषद् लगायतको संस्थामा उनी संलग्न रहेका छन् । हाल पाटन संयुक्त क्याम्पसको इलाका प्रा.क. को अध्यक्ष भई काम गरेको देखिन्छ । यसबाट उनले विभिन्न संघसंस्थाको महत्त्वपूर्ण जिम्मेवारी लिएर सामाजिक उत्तरदायित्वलाई सफलतापूर्वक सम्पन्न गरेका छन् ।

## २.१८ जीवन दर्शन

समाजमा विभिन्न खाले मान्छे हुन्छन् । जीवनको बारेमा सबैको आ-आफ्नो विचार, धारणा हुन्छ । त्यसैगरी अधिकारीको पनि आफ्नै मान्यता र आस्था छ । उनमा ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादप्रतिको आस्था र लेखनमा प्रगतिवादी मान्यता रहेको छ । व्यवहार र सिद्धान्तलाई समन्वय गर्नुपर्छ भन्ने मान्यता उनमा देखिन्छ । उनमा प्रकृति मात्रलाई माया गर्ने प्रवृत्ति, मान्छेको उन्नति प्रगतिप्रति खुसी हुने आदत रहेको छ । व्यक्ति र समाजको उन्नति, प्रगतिको निम्ति आफू सक्दो सहयोग गर्ने प्रवृत्ति र लेखनमा समेत त्यस किसिमको मान्यता रहनुले गर्दा अधिकारीको मार्क्सवादी जीवनदर्शन व्यवहारमा परिस्कृत भएको छ ।

## २.१९ निष्कर्ष

धर्मराज अधिकारीको जीवनको बारेमा निम्न निष्कर्ष निकालिएको छ :

धर्मराज अधिकारीको जन्म वि.सं. २०१८ साल कार्तिक १९ गते ब्राम्हण परिवारमा भएको हो । उनको बाल्यकालको थोरै समय बाहेक अरू समय आफ्नो जन्मथलोबाट वञ्चित भएर बिताउनु पर्‍यो । पढाईको सिलसिलामा उनले आफ्नो बाल्यकालको तिन वर्ष मामाघर (साना औवल) मा बिताएपछि एक बर्ष हंसपुर घरमा नै बसी रतनमारेको श्री मास्किङ प्राइमरी स्कुलमा पढेपछि उनको पिताले संस्कृत सँगै अंग्रेजी पनि पढ्नुपर्छ भन्ने विचारले तौलिहवामा पढ्न पठाउनुभयो । त्यहाँको स्कुलमा एस.एल.सी.सम्म अध्ययन गरे । दाङबाट आई.ए., काठमाडौँबाट बाँकी सबै अध्ययन पुरा गरेका अधिकारी कहिल्यै दोश्रो नभएका मेधावी विद्यार्थी सावित हुन्छन् । सुरूदेखि नै आफ्ना पिताको बहुमुखी प्रतिभा र सहयोगी व्यवहारको प्रभाव परेको अधिकारीलाई पढाइको क्रममा विभिन्न ठाउँमा जाँदा साथीभाइ शिक्षकहरूको सानिध्यले राजनीतितिर समेत आकर्षित गर्छ । स्वदेशभित्रकै प्रजातन्त्रिक लहरले उनलाई आन्दोलित गर्छ । यसै क्रममा उनी पटक पटक जेल पर्छन् । जेलमा बस्दा विभिन्न राजनीतिक संगठनका नेताहरू र साहित्यकारसँग उनको निकटता पनि बढ्छ । उनको पढाइ सुचारू भइरहेको कारण पछि उनी पढाइलाई नै निरन्तरता दिन थाल्छन् । यसै क्रममा उनले रा.वि.से. शिक्षक यादवप्रसाद ढुङ्गानाको साहित्यिक प्रेरणा लगायत अन्य साहित्यकारका साहित्यहरू पढ्ने अवसर पाउँछन् । उनकै प्रेरणा पाएर सर्वप्रथम २०३१ सालमा 'जीवन एक अनुभव' नामक निबन्धको रचना गर्छन् । त्यसपछि उनी लेखनतर्फ पहल गर्न थाल्छन् । त्यसपछि २०३८ मा सिद्धिचरण श्रेष्ठको काव्यकारितामा लेखिएको समीक्षाबाट उनको औपचारिक साहित्यलेखन सुरू हुन्छ । यो लेख गोरखापत्रमा छापिन्छ । त्यसपछि उनको 'पहिलो पुस्तककार कृतिमा 'श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन' देखा पर्छ । यसरी उनले समालोचनात्मक लेखन र अनुवाद, कथा, कविता, आदिको लेखन, प्रकाशन गर्न थाल्छन् ।

मध्यम वर्गको परिवारमा जन्मिएका अधिकारीलाई आर्थिक समस्याबाट भने त्यति गुज्रिनु परेन । पिता संस्कृतका प्रकाण्ड विद्वान् हुनु, ज्योतिष र आयुर्वेदको ज्ञाता समेत भएकाले गर्दा पनि आम्दानीको जोहो केही न केही हुन्छ । अधिकारीलाई पनि एउटा सफल व्यक्ति अर्थात् आफूजस्तै विद्वान् बनाउने पिताको धोकोले गर्दा उनलाई एम.ए. पढ्दा सम्मको खर्च सबै पिताले नै बेहोरेका हुन्छन् । पीएच.डी. चाहिँ उनले आफैले कमाएर अध्ययन गरेको पाइन्छ । एम.ए. सम्मको अध्ययन सुरूवात भएसँगै विभिन्न साहित्यकारहरूको समीक्षा समालोचना र अन्य सिर्जनाहरूतर्फ अध्ययन, लेखन र प्रकाशन गर्न थाल्दछन् । साहित्य, अध्यापन र समाजसेवालाई सँगै हाँकेर अघि बढ्दै गरेका

अधिकारीले पत्रपत्रिकामा कथा, कविता, निबन्ध, समीक्षा र समालोचना एवं यात्रा संस्मरण प्रकाशित गराउँछन् ।

वि.सं. २०४८ सालमा लक्ष्मीदेवी शर्मासँग दाम्पत्य सम्बन्ध गाँसेका अधिकारीको २०४० को दशकदेखि साहित्य सिर्जनामा सक्रिय भएर लाग्छन् । अध्यापन, समाजसेवा, साहित्य संस्कृतिलाई सँगसँगै जस्तो लिएर गएका उनले सक्रिय जीवन बिताउने प्रयत्न गरेका छन् । राजनीतिमा लागेर तीन पटक जेल परेका भए तापनि उनको राजनीतिक जीवन सफल भएन । उनी एउटा सफल अध्यापक र सफल समालोचकका रूपमा देखा पर्छन् ।

उनले दिएको साहित्यिक एवं सामाजिक सांस्कृतिक योगदानको कदर गर्दै विभिन्न संघसंस्थाबाट पुरस्कृत भएका अधिकारी विविध संघसंस्थामा सदस्यको र अध्यक्षको रूपमा समेत संलग्न हुँदै आएका छन् । आफ्नो अनुसन्धात्मक लेखहरूलाई निरन्तरता दिँदै अहिले उनी आफ्नो अध्यापन पेसालाई समेत अँगाल्दै विभिन्न समाज सुधारका काममा समेत सक्रिय हुँदै नयाँ नयाँ पुस्तकहरूको अध्ययन, लेखन, अनुसन्धान र प्रकाशन गर्दै आएका  छन् । उनमा रहेको ज्ञानको सुधा कहिले नमेटिने जस्तो प्रतीत हुन्छ । कारण उनी सधैँ किताबसँगै र लेखन सँगसँगै भेटिन्छन् । उनमा तास खेल्ने, धुम्रपान गर्ने र अन्य तामसी प्रवृत्तिका कार्य गर्ने बानी नहुनुले पनि यो सबै सम्भव भएको हुन सक्छ ।

## अध्याय तिन

# धर्मराज अधिकारीको व्यक्तित्वको अध्ययन

व्यक्तिको जीवनमा विभिन्न पक्षहरूले व्यक्तित्वको निर्माण गर्दछन् । व्यक्तित्वको दुई पाटा हुन्छन् - आन्तरिक र बाह्य । आन्तरिक व्यक्तित्व व्यक्तिका आन्तरिक गुणसँग सम्बन्धित हुन्छन् भने बाह्य व्यक्तित्व चाहिँ व्यक्तिको शारीरिक पक्षसँग सम्बन्धित हुन्छन् । यस परिच्छेदमा धर्मराज अधिकारीको आन्तरिक वा चारित्रिक र बाह्य व्यक्तित्वको अध्ययन गरिएको छ ।

## ३.१ आन्तरिक वा चारित्रिक व्यक्तित्व

धर्मराज अधिकारीमा निहित गुण,शील, स्वभाव, आचरण र प्रवृत्तिलाई अध्ययन गरी आन्तरिक वा चारित्रिक व्यक्तित्वको रूपमा विवेचना गर्न सकिन्छ ।

### (गुण, शील, स्वभाव, आचरण र प्रवृत्ति)

अधिकारीको स्वभाव अत्यन्त सराहनीय खालको छ । उनमा मिलनसार, मृदुभाषी, वाकपटु र उचित व्यवहार गर्ने विशेषता पाइन्छ । उनी स्वभावैले पनि यथार्थको पक्षपाती छन् । त्यसैले कहिलेकाहीँ यथार्थको विपरीत हुँदा उनी रिसाएको पनि देखिन्छन् । उनी मूलतः रिसाहा होइनन् । अयथार्थको चाहिँ विरोधी हुन् ।

उनको जीवनशैली अत्यन्त सरल छ तथापि विचारमा उच्चता छ । लुकाउनु पर्ने कुरा खासै नभएका खुला दिलले आफूलाई देखाइ दिने प्रवृत्ति उनमा विद्यमान छ । उनमा देखेको कुरा सत्यतथ्य बोल्ने, रोमान्टिक जीवनलाई आत्मसात् गर्ने, कल्पनामा रम्ने जस्ता प्रवृत्तिहरू पनि पाइन्छन् । सरलता, स्वच्छन्दता, स्पष्टता, विनयी, पारदर्शिता, पक्षपात विहिनता आदि उनका जीवनशैलीमा पाइने मुख्य पक्ष हुन् । साथीहरूप्रति उनको धारणा सकारात्मक, सहयोगी र सहानूभूतिपूर्ण छ । उनी साथीभाइ र आफ्ना विद्यार्थीहरूलाई मार्ग निर्देशन र सपार्नेतर्फ होस्टेमा हैँसे गर्न सदा तत्पर रहन्छन् । प्रायः सबैसँग उनको व्यवहार भद्रतापूर्ण र सक्दो नरम खालको हुन्छ । सबैको दुःखमा सहभागी बन्ने प्रवृत्ति भएकाले समाजमा उनको स्थान उच्च भएको र अन्यायसँग नदब्ने हुनाले उनी न्यायप्रेमी पनि भएको महसुस हुन्छ । सांस्कृतिक परिवेशलाई स्वच्छ पार्न खोज्ने तर परम्परागत रूढीमा नअलमलिने तथा सबै विचारलाई मान्यता दिने गरेको पाइन्छ ।

सबैसँग हाँसेर बोल्ने, सहयोगको भावना राख्ने, देखेको कुरालाई मनमा नराखी स्पष्ट भन्ने कसैलाई पनि भेदभाव नगर्ने, सत्यको पक्ष लिने प्रवृत्ति उनका सदावहार गुण हुन् । देशभक्तिको भावना, देश निर्माणको धारणा, वर्गहीन समाजको कल्पना, जातीय गौरव, मिहिनेत र परिश्रमबाट भाग्यको निर्माण गर्नुपर्छ भन्ने सोचतर्फ उनी आकर्षित देखिन्छन् ।

## ३.२ बाह्य व्यक्तित्व

### ३.२.१ शारीरिक व्यक्तित्व

धर्मराज अधिकारी शारिरीक रूपमा मझौला आकृतिका/ कदका देखिन्छन् । उनको उचाइ पाँच फिट छ । शरीरको वजन ५५ किलोको हाराहारी छ । ठुल्ठुला आँखा, ठुलो निधार, ठूलो नाक केश परेकोले पातलो केश भएको लाम्चो अनुहार भएका अधिकारी भित्री रूपमा प्रसन्न, उज्याला र हँसिला देखिन्छन् । तापनि बाहिरी तहमा गम्भीर प्रकृतिका देखिन्छन् । उनी सधैँ दाह्री काटेर अनुहार सफा बनाउँछन् । घरमा बस्दा उनी सर्ट पाइन्ट र मौसम अनुसार सुइटर, ज्याकेट आदि लगाउँछन् भने बाहिर हिँड्दा पनि सर्ट पाइन्ट, क्याप, टोपी, काला जुत्ता तथा स्पोर्ट सुज र समय अनुसार अरू स्यान्डिल आदि पनि लगाउँछन् । हिँडेर जान मिल्ने ठाउँमा हिँडेरै र प्रायजसो मोटर साइकलमा उनलाई हिँडेको देखिन्छ । एक्लै हिँड्दा उनको हिँडाइ कुनै लक्ष्यमा पुग्न हतारिएझैं छिटोछिटो खालको छ । साथीसँग हिँड्दा उनी कुरा गर्दै हँसिलो मुख लगाएर हिँड्छन् ।

कक्षामा शिक्षण गर्दा उनी हाउभाउका साथ प्रस्तुत हुन्छन् । कहिलेकाहिँ आफ्ना दुबै हात गोजीमा राखेर पनि अध्यापन गराई रहेको देखिन्छ । शिक्षणका क्रममा विषयवस्तुलाई विश्लेषण गर्दा उनी निकै गम्भीर र उदाहरण दिएर स्पष्ट पार्दा सरल र हँसिला देखिन्छन् । अधिकारी कक्षाका सबै विद्यार्थीहरूको नाम एक पटकमै याद गर्छन् । विद्यार्थीहरूलाई नामबाट बोलाएर आफूले पढाएको विषयमा बोल्न लगाउँछन् । अधिकारीले कक्षाका विद्यार्थी तथा कक्षा बाहिरका मान्छेहरू कसैलाई पनि धनी, गरिब, सानो, ठुलो भनेर भेदभाव गरेको पाइँदैन । उनी सबैसँग समान व्यवहार गर्छन् ।

### ३.२.२ व्यावसायिक व्यक्तित्व/ अध्यापन व्यक्तित्व

धर्मराज अधिकारीको व्यवसाय शिक्षण पेसा हो । शिक्षण पेसा जस्तो पवित्र र उत्तरदायित्वपूर्ण पेसामा लागेका अधिकारी काठमाडौंमा आएर स्नातकोत्तर तहको अध्ययन पुरा गरेदेखि नै शिक्षण पेसामा औपचारिक रूपमै लागेको जानकारी पाइन्छ भने स्नातकको पढाइ

सकेपछि स्नातकोत्तर पढ्नको लागि विद्यार्थी आन्दोलनले गर्दा नपाएकोले कालिकास्थान (रसुवा जिल्ला) को नि.मा.वि.मा सात महिनासम्म शिक्षण गरेदेखि उनको शिक्षक पेसाको थालनी भएको पाइन्छ ।

एक वर्ष (२०४३) सम्म बालकुमारी मा.वि. पुतली सडकमा मा.वि. शिक्षकको रूपमा काम गरेपछि उनले क्याम्पसमा पढाउन थालेको पाइन्छ । तिन वर्षसम्म भक्तपुर बहुमुखी क्याम्पसमा अस्थाई प्राध्यापकको रूपमा र विश्वनिकेतन उच्च मा.वि.मा. समेत आंशिक रुपमा काम गरेका उनले चार वर्ष कमर्श क्याम्पस मिनभवनमा दुई वर्ष, जन आदर्श क्याम्पसमा चार वर्ष, त्रिपुर एकेडेमीमा पाँच वर्ष, ख्वप कलेजमा दुई वर्ष, त्रि.वि. नेपाली केन्द्रीय विभागमा समेत शिक्षण पेसा गरेका छन् । यी ठाउँमा गरेको उनको आंशिक रूपमा हो भने स्थायी रूपमा उनले त्यतिखेर भक्तपुर बहुमुखी क्याम्पसमा निरन्तर पढाइरहेकै छन् । पाटन संयुक्त क्याम्पसमा सरूवा भइ आएपछि त्यही २०७१ सम्म सह प्राध्यापकको रूपमा काम गरे भने २०७१ को चैत्रदेखि पदोन्नति भई त्यही पाटन संयुक्त क्याम्पसमै प्राध्यापकको रूपमा कार्यरत छन् ।

माध्यमिक विद्यालय तह र क्याम्पसमा रहँदा उनले केवल शिक्षक मात्र नभएर अभिभावक साथै कलेज स्थापना गर्नको लागि आवश्यक सहयोग समेत गरेको बुझिन्छ । उनले अध्यापन गरेका विद्यार्थीमा अधिकारीको गहिरो प्रभाव भेटिन्छ । एक वर्ष मात्र विद्यालय स्तरमा काम गरेपछि अधिकारी क्याम्पसको शिक्षक भएका हुन् भने भक्तपुर बहुमुखी क्याम्पसमा तीन वर्ष शिक्षण गरेपछि उनले आफ्नो शिक्षक व्यक्तित्वलाई अझ स्पष्ट र प्रौढ बनाएका छन् । नेपाली भाषा र साहित्यको शिक्षण गर्ने क्रममा प्रवीणता प्रमाणपत्र तह हुँदै स्नातक र स्नाकोत्तर तह प्रथम वर्ष र द्वितीय वर्षलाई पनि नेपाली पठाएका छन् । उनले शिक्षण गर्दा पहिले सिद्धान्त र त्यसपछि कृतिको विश्लेषण गर्छन् । जसले गर्दा विद्यार्थीहरूलाई बुझ्न सजिलो हुन्छ । उनको शिक्षण गर्ने तरिका प्रभावकारी भएकोले उनको कक्षामा बस्दा विद्यार्थीहरू आलस्य होइन जाँगर बढेको अनुभव गर्छन् । त्यसो त उनले प्रसङ्ग मिलाएर अरू बाहिरी ज्ञानगुनका कुरा पनि बारम्बार शेयर गरिरहेका हुन्छन् । त्यसो हुनुमा उनको प्राध्यापन गर्ने खुबी र अन्य क्षेत्रमा समेत रहेको ज्ञानले पनि सहयोग गरेको हो जुन आकर्षक छ ।

अतः अधिकारीको व्यावसायिक व्यक्तित्वको रूपमा रहेको शिक्षण पेसाले अठ्ठाइस उनान्तीस वर्ष पार गरिसकेको छ । करिव डेढ वर्ष जति विद्यालय तहमा पढाएका अधिकारीले पूर्ण रूपमा २९ बर्षसम्म क्याम्पस तहमा अध्यापन गरेका छन् । यति धेरै वर्षसम्म निरन्तर अध्ययन, अध्यापन र अनुसन्धानमा जुटेका अधिकारीसँग लिने कुरा धेरै छन् ।

### ३.२.३ साहित्यिक व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी अधिकारी सशक्त समीक्षक एवं स्थापित समालोचक हुन् । उनी कवि, निबन्धकार, अनुवादक, कथाकार र भाषाका गहन अध्येता पनि हुन् । उनी अधिकारीले सम्पादकको रूपमा पनि आफ्नो कुशल र प्रखर प्रतिभा देखाएका छन् । यसको प्रमाणको रूपमा विद्यालय, विश्व विद्यालयबाट निस्कने पत्रपत्रिकाको सम्पादन र अन्य क्षेत्रबाट निस्केको पुस्तकको समेत कुशल सम्पादन हो । अधिकारी साहित्यका विविध क्षेत्र अध्ययन, लेखन र अनुसन्धानमा जुटेका छन् । उनले कविता, निबन्ध, कथा, समालोचना आदि विधामा कलम चलाएका छन् भने भाषा विषयक पुस्तक, पाठ्यपुस्तक र सम्पादन समेत गरेका छन् । उनको रूचिको विषय समालोचना एवं अनुसन्धानात्मक कृतिहरू सिर्जना गर्ने भए तापनि उनले सर्वप्रथम आफ्नो कलम निबन्ध विधामा चलाएको पाइन्छ । त्यसपछि उनले साहित्यका विविध विधालाई एकैसाथ अवलम्बन गरे पनि परिणात्मक र गुणात्मक दुबै रूपमा समालोचनालाई निकै अगाडि बढाएका छन् । यो विविध विधाका सर्जकको साहित्यिक व्यक्तित्वलाई निम्न बुँदामा हेरिएको छ ।

#### ३.२.३.१ कवि व्यक्तित्व

अधिकारीको साहित्यिक व्यक्तित्व भित्रको कवि व्यक्तित्व पनि एक हो । विभिन्न स्रष्टाहरूको कविताको अध्ययनले गर्दा उनमा कविता लेखनप्रतिको मोह जागृत हुन्छ । उनको 'त्यो सम्झना सुन्दर' नामक कविता प्रथम प्रकाशित भएको पाइन्छ । यद्यपि उनले विद्यालय तह र क्याम्पस तहको अध्ययनमा थुप्रै कविता लेखेका छन् । वाचन गरेका छन् र पुरस्कार समेत हात पारेका छन् । प्रकाशनका दृष्टिले उनको 'शिवपुरी' कविता वि.सं. २०४५ को विश्व उद्यान (अङ्क ८) पत्रिकामा प्रकाशित हुन्छ । पुनः एक वर्ष पछि २०४६ को दायित्वमा 'भाइ तिहार', २०४७ को नयाँ बिहानीमा दसैं, २०५० को स्मारिकामा भक्तपुर छ र नौलो कोसेलीमा बहुदलको जन्म नामक कविता प्रकाशन गरेपछि उनी कविता लेखनलाई कम गर्दै समालोचना, कथा लेखनमा र प्रकाशनमा लागेको पाइन्छ । त्यसपछि तिन वर्ष पछि २०५३ को कसुममा **'मनोकामना'** नामक कविता प्रकाशन भएको देखिन्छ । भक्तपुर स्मारिका र मजदुर दैनिक पत्रिकामा प्रकाशित ३० वटा भन्दा बढी फुटकर कविताले उनको कवि प्रतिभाको उच्च परिचय दिन्छ साथै भक्तपुर, शीर्षकका १८ वटा जति कविता दुई वर्षको बिचमा प्रकाशित भएका छन् ।

उपर्युक्त उनका प्रकाशित कविताहरू बेग्लाबेग्लै भावभूमिमा संरचित देखिन्छन् । पहिलो कविता 'त्यो सम्झना सुन्दर' मा आफ्नो अतीतको सम्झनाको बारेमा साथै अरू कवितामा समाजमा

विद्यमान अन्याय, अत्याचार, राजनीतिक विकृतिलाई व्यङ्ग्य र दसैं तिहारका बारेमा लेखिएको पाइन्छ । विभिन्न समयमा रचिएका उनका यी रचनाहरू सरल भाषाका माध्यमबाट निम्नवर्गीय जनताका पीरमर्का, विरह, वेदना र धुकधुकीलाई छाम्न सफल छन् । अधिकारीले आफ्ना ती कविताहरूमा देखेभोगेका अनुभव र अनुभूतिलाई भावानूकुल शब्दशिल्प टिपेर प्रस्तुत गरेका छन् ।

### ३.२.३.२ निबन्धकार व्यक्तित्व

अधिकारीले २०३१ मा 'जीवन एक अनुभव' निबन्धबाट निबन्ध लेखन सुरू गरेको पाइन्छ । अधिकारीले आफ्नो साहित्यिक यात्राको थालनी निबन्धबाटै गरेका हुन् । अधिकारीको विभिन्न व्यक्तित्वहरूमध्ये निबन्धकार व्यक्तित्व पनि एक हो । उनको पहिलो प्रकाशित निबन्ध वि.सं. २०४७ को नौलो कोसेलीमा प्रकाशित **'डेरावाल'** हो । त्यसपछि उनी निबन्ध प्रकाशनलाई कम गर्दै समालोचनातिर बढी लागेको देखिन्छ । त्यसैले 'डेरावाल' प्रकाशित भएको दश वर्षपछि मात्र वि.सं. २०५७ को झिसमिसेमा **'जेलमा बिताएको बीस दिन'** नामक निबन्ध प्रकाशन भएबाट थाहा पाउन सकिन्छ । पुनः चार वर्षपछि वि.सं. २०६१ मा **'पिपल दनदन बलिरहेछ'** निबन्ध खोपृङ अङ्क १२ मा र आठ वर्षपछि वि.सं. २०६९ मा **'हाम्रो गौरव'** शीर्षकको निबन्ध गम्भीर समुद्र सेतु उ.मा.वि. बाट प्रकाशित भएको छ । यसरी उनका जे जति निबन्धहरू छन् फुटकरमा नै सीमित छन् । यसका साथै उनका यात्रा संस्मरणसँग सम्बन्धित पच्चिसवटा जति निबन्धहरू **दैनिक पत्रिका, नयाँ पत्रिका नेपाल समाचार पत्र** र **राजनधानी**मा समेत प्रकाशित छन् । नयाँ पत्रिकामा त उनी स्तम्भ लेखककै रूपमा रहेका छन् । सप्ताहान्तमा उनी र साथीहरूको समूहले गरेका विभिन्न ठाउँको यात्रा वर्णन, वस्तुस्थिति, जीवनशैली र अन्य पक्षहरूलाई समेटेर लेखिएका लेख रचनाहरूको लोकप्रियता पनि प्रशस्त रहेको पाइन्छ ।

उनका निबन्धहरू, आत्मपरक र वस्तुपरक दुबै शैलीमा रचिएको पाइन्छ । उनका ती निबन्धहरूमा तत्कालीन समयमा डेरावालको अवस्था, जेलको वास्तविक रूप, देशप्रेमको भावना आदि पाइन्छ । खास गरी सरल, भाषाको माध्यमबाट जीवनको वास्तविक रूप देखाउन सक्नु नै उनको निबन्धकार व्यक्तित्वको खुबी हो ।

### ३.२.३.३ अनुवादक व्यक्तित्व

धर्मराज अधिकारीको दक्षिण कोरियाली भाषा माथिको दखल कोरियाली भाषाको ट्रेनिङ र तत्सम्बन्धी लेखन अभ्यासबाटै भएको हो । अधिकारी विशेष गरी दक्षिण कोरियाली भाषाकै

अनुवादक हुन् । उनले वि.सं. २०६४ मा दक्षिण कोरियाली भाषाबाट नेपालीमा पहिलो बालकथा **'हङ्बु र नोल्बु'** प्रकाशित गरेको पाइन्छ । दक्षिण कोरियाली भाषाबाट नेपालीमा प्रकाशित यस कथामा दुई दाजुभाइको तितोमिठो सम्बन्धलाई देखाइएको छ । कोरियाली भाषाबाट नेपालीमा स्पष्ट र नेपालीपन युक्त सरल, सहज र रोचक अनुवाद गर्नु नै उनको अनुवादक व्यक्तित्वको खुवी हो । त्यसको साथै उनका केही फुटकर लेखहरू पनि कोरियाली भाषामा अनुवाद भएका छन् । त्यस्तै, नेपाली भाषा-साहित्य र संस्कृतिसँग सम्बन्धित लेख-रचना, आफ्ना विद्यार्थी जोन मार्फत कोरियाली पत्रिकामा समेत प्रकाशित भएका छन् ।

### ३.२.३.४ संस्मरणकार व्यक्तित्व

धर्मराज अधिकारीको योगदान विविध साहित्यिक रचनाको साथै संस्मरणका क्षेत्रमा पनि रहेको छ । उनको अहिलेसम्म प्रकाशित संस्मरणहरू थुप्रै रहेका छन् । ती फुटकर रूपमा रहेका छन् । वि.सं. २०४७ देखि यस क्षेत्रमा हात हालेका अधिकारीले २०५६ मा रमला सायमीः **'सम्झनाको तरेलीमा'** नामक संस्मरण, २०५८ मा **'काफल गेडी कुटुक्क'** र २०६६ मा **'जन्ती र मलामीको संकट'** नामको संस्मरण रचना गरेको पाइन्छ । उनका अरू पनि संस्मरणहरू गोविन्द भट्ट, आनन्ददेव भट्ट, शान्तदास, भवानी घिमिरे, मोदनाथ प्रश्रित, श्यामप्रसाद, केवलपुरे किसान, कमलमणि दिक्षित आदि व्यक्तित्वसँग सम्बन्धित छन् जो **गरिमा, मधुपर्क, दायित्व, श्रृङ्खला, झिसमिसे, भानु, अभिव्यक्ति**, आदि पत्रपत्रिकाका विभिन्न अङ्कमा प्रकाशित भएका छन् । उनका यी रचनाहरू आफ्नो जीवन भोगाइका साथै विविध व्यक्तिहरूसँगको भेटघाट कुराकानी उनीहरूको जीवन र साहित्यिक यात्रासँग र दुर्गम ठाउँका मानिसले भोग्नु परेको कठिन परिस्थितिहरूको अनुभव अनुभूतिसँग सम्बन्धित छन् । सरल भाषा, रोचक प्रस्तुति र संस्मरणात्मक शैलीमा रचिएका ती रचनाले समाज उपयोगी विचार एवम् चिन्तनलाई अघि सारेका छन् ।

### ३.२.३.५ कथाकार व्यक्तित्व

धर्मराज अधिकारी कथा लेखनमा पनि सक्रिय रहेका छन् । समालोचना, समीक्षा, संस्मरण लेख्दा लेख्दै उनलाई कथा लेखनमा मोह जाग्छ । फलस्वरूप उनले वि.सं. २०४६ को 'विश्व उद्यान' अङ्क ९ मा **'पाना नं. ८४ बाट'** नामक कथा प्रकाशन गर्छन् । त्यसपछि वि.सं. २०५७ मा नौलो कोसेली पत्रिकामा **'खरिदार लक्ष्मी भक्त'** र २०६८ मा हाम्रो बाल बगैंचाबाट बालकथा **'कमला माईको कृपा'** नामक कथा प्रकाशन गरेका छन् जो फुटकर रूपमा रहेका छन् । यसका साथै उनले

वि.सं. २०६४ मा दक्षिण कोरियाली भाषाबाट नेपाली भाषामा प्रकाशित '**हङ्बु र नोल्बु**' नामक पुस्तकाकार कृति समेत प्रकाशित गरेका छन् । जुन बाल मनोविज्ञानसँग सम्बन्धित छ । पुस्तकाकारका रूपमा प्रकाशित यो उनको पहिलो कृति हो । बालकको मनलाई सजिलै पढ्न सक्ने बाल मनोविज्ञान बुझेर उनीहरूको अन्तरमन छाम्न सक्ने खुबी भएका अधिकारीका कथामा बाल सुलभ प्रवृत्ति समाजको यथार्थ चित्रण, लोभ लालचमा फसेका मानिसको वास्तविक रूपलाई देखाउन खोजेको पाइन्छ । उनका कथा सरल, सहज, मनोरञ्जनात्मक, कौतुहलपूर्ण र रोचक भएको पाइन्छ । यसरी हेर्दा उनको कथाकार व्यक्तित्व त्यति चर्चित नदेखिए तापनि पाठकलाई मनोरञ्जनका माध्यमबाट जीवनका बहु आयामका बारेमा दिन सक्नु नै उनको कथाकार व्यक्तित्वको खास बैशिष्ट्य हो । उनका कथाले समाजमा विद्यमान अंश सम्बन्धी कुदृष्टिलाई समेत छर्लङ्ग पार्ने प्रयत्न गर्नुका साथै कुविचार कुकर्मको फल क्षणभरका लागि मिठो भए तापनि दिगो हुँदैन । कुकर्म गर्ने व्यक्तिको अन्त्य सदा दुखद नै हुन्छ । सत्कर्म गर्ने मानिसलाई सुरूमा दुःख भए तापनि पछि गएर उसको जीवन सुख र शान्तिमय हुन्छ भन्ने सन्देश दिएका छन् ।

नेपाली बालबालिका, युवा, बृद्धबृद्धा, नेता, ज्यामी, किसान, मजदुर, हली, बुद्धिजीवी, कार्यकर्ता जस्ता थुप्रै वर्गका मानिसका समस्या पहिचान गरी त्यसलाई मनमोहक ढङ्गले प्रस्तुत गरेर जनसमक्ष सन्देश प्रवाह गर्न सक्नु नै उनको कथाकार व्यक्तित्वको मूल उद्देश्य हो ।

### ३.२.३.६ समालोचक व्यक्तित्व

धर्मराज अधिकारीको अनेक व्यक्तित्वमध्येको सबभन्दा प्रतिभाशाली व्यक्तित्व समालोचक व्यक्तित्व हो । अधिकारीको यस क्षेत्रमा वि.सं. २०३८ सालको 'गोरखा-पत्र' मा प्रकाशित 'सिद्धिचरण श्रेष्ठको काव्यकारिता' फुटकर समालोचना प्रकाशित भएपछि औपचारिक रूपमा देखा परेका छन् । यसपछि उनका फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुने क्रममा 'जनमत' मा २ वटा, 'स्वर्णद्वार' मा एउटा, 'गरिमा' मा एउटा, 'संस्कृति' अङ्क ६ मा एउटा, 'उपासना' मा एउटा, 'ज्ञानगुन' साहित्यमा २ वटा, 'लोकभावना' मा एउटा, 'शब्दसंयोजन' मा एउटा, 'संज्ञान' मा एउटा, 'दायित्व' मा एउटा, 'लहर' मा एउटा, 'नौलो कोसेली' मा एउटा, 'प्रलेस' मा एउटा श्रृखला ६४, ३५, ६९ मा ३ वटा, 'कम्युनिष्ट' मा एउटा, 'आलोचना' मा एउटा, 'सार्दुल स्मारिका' मा एउटा 'भृकुटी' मा एउटा 'सूर्य ४' मा एउटा, 'अस्मिता' मा एउटा र 'युग सन्देश' मा एउटा गरी जम्मा छब्बीस वटा प्रकाशित भएका छन् ।

वि.सं. २०४७ मा उनले **श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन** नामक समालोचनात्मक कृति प्रकाशित गरेका छन् । यो उनको समालोचनाको पहिलो कृति हो । यसपछि २०६३ मा **'आँखीझ्याल बाट हेदौ श्यामप्रसाद'**, २०६८ मा **श्यामप्रसादको साहित्यिक योगदान**, २०६९ मा **'श्यामप्रसादको जीवनी/ व्यक्तित्व'** २०६९ मा **'श्यामप्रसादको प्रबन्धगत योगदान'** र २०७० मा **'गुप्तबासको रहस्य'** गरी जम्मा ६ वटा समालोचनात्मक कृतिहरू प्रकाशित गरेका छन् । यी कृतिहरू उनको तेईस बर्षे लामो समालोचना क्षेत्रमा गरेको योगदानको मुख्य उपलब्धि हो । समालोचना सम्बन्धि कृतिहरूमा श्यामप्रसादको भूमिगत जीवनको रहस्योद्घाटनको साथै उनको कष्टसाध्य जीवन, उनको उच्च व्यक्तित्व र साहित्यिक, सामाजिक व्यक्तित्वको बारेमा यथार्थ प्रस्तुत गरेको पाइन्छ । ती कृतिहरूमा अधिकारीले समालोचनाको पूर्ववर्ती विश्लेषण पद्धतिका राम्रा पक्षलाई ग्रहण गरेका र नराम्रा पक्षलाई छाड्नाका साथै विश्लेषणका नयाँ सिद्धान्त एवं पद्धतिहरू अपनाएको पाइन्छ । उनका यस कृतिले समालोचनात्मक विश्लेषण, विवेचना, व्याख्या र मूल्याङ्कनलाई ज्यादै गहिरो यथार्थवादी र उत्तरदायित्वपूर्ण कार्य तुल्याएको छ ।

अधिकारी यस क्षेत्रमा आएर सैद्धान्तिक र प्रायोगिक दुवै समालोचनातर्फ सक्रिय छन् । उनका समालोचनाहरूमध्ये केही समालोचनाहरू सैद्धान्तिक समालोचनासँग सम्बद्ध छन् भने अरू समालोचनात्मक कृतिहरू प्रायोगिक समालोचनासँग सम्बद्ध रहेको पाइन्छ । कुनै पनि कृतिको समालोना गर्नुअघि सम्बन्धित कृतिको विषयवस्तु, उद्देश्य र भाषाशैलीको अध्ययन गरी सो कृतिले सामाजिक यथार्थताको चित्रण गर्न सके-नसकेको तर्फ इङ्गित गर्नुपर्छ भन्ने उनको मान्यता छ । समालोचकको काम लेखकको दार्शनिक आधारलाई छुट्याउनु र लेखकलाई न्याय दिनु पनि हो भन्ने उनको धारणा छ । कुनै पनि कृतिको समालोचना गर्नु अघि सो कृतिको लेखक कस्तो विचार र दर्शनबाट प्रभावित छ र उसमा देशभक्ति र विश्व बन्धुत्वको भावना झल्किन्छ कि झल्किदैन भन्ने सवालमा ध्यान पुऱ्याउनुपर्छ । पुराना थोत्रा विचारलाई पन्छाउँदै नयाँ मान्यताको स्थापनाको निम्ति अग्रसर हुनुपर्छ भन्ने उनको राय रहेको छ । समालोचनामा वैचारिक रूपले पक्षपात नगर्ने, असल र जनहितका पक्षमा वकालत गर्ने रचनाहरू छन् भने तिनको सम्मान गर्ने परिपाटी उनले अवलम्बन गरेका छन् । यसरी आफ्ना पूर्ववर्ती, समकालीन एवं पश्चवर्ती लेखकहरूका विद्यमान कमजोरीलाई सुधार गर्दै सही मार्गनिर्दिष्ट गर्नु र वस्तुनिष्ठ प्रवृत्तिका आधारमा कुनै पनि लेखक र उसका रचनाको लेखाजोखा र मूल्याङ्कन गर्नु उनको समालोचक व्यक्तित्वको धर्म हो ।

### ३.२.३.७ भाषिक व्यक्तित्व

धर्मराज अधिकारी बहुभाषाका ज्ञाता हुन् । स्वदेशभित्र बोलिने नेपाली बाहेकका, अवधि, मैथिली, भोजपुरी, मेचे, धेरथोर नेवारी अनि तामाङ भाषामा पनि उनको पहुँच रहेको पाइन्छ । यस बाहेक पनि उनले संस्कृत भाषा, साहित्य र ब्याकरणको आचार्य तह सम्मको अध्ययन गरेका हुनाले पनि होला संस्कृत भाषामा समेत उनको प्रशस्त ज्ञान रहेको पाइन्छ । साथै नेपाल बाहिरका युरोपेली भाषाहरु स्पेनिस, फ्रेन्च, इटालियन, अंग्रेजी र कोरियाली भाषाको समेत ज्ञान उनमा देखिन्छ ।

अधिकारीको व्यक्तित्व स्रष्टा र द्रष्टामा मात्र सीमित नभएर भाषाका क्षेत्रमा पनि उल्लेख्य र महत्त्वपूर्ण बनेको छ । उनले वि.सं. २०५१-२०५३ मा अर्घाखाँचेली भाषिकाको अध्ययन (विशेष अनुसन्धान प्रतिवेदन), २०६९ मा मेचे जातिको भाषिक एवं साँस्कारिक अध्ययन (विशेष अनुसन्धान प्रतिवेदन) र २०६९ मा मैथिल ब्राह्मणको सांस्कारिक अध्ययन (अनुसन्धान प्रतिवेदन) समेत तयार गरेको पाइन्छ । साथै वि.सं. २०७० मा संस्कृत साहित्यको दर्पण' नामक पुस्तक तयार गरेका छन् । जुन पुस्तकले एम.ए. दोश्रो वर्षमा अध्ययन गर्ने विद्यार्थीलाई धेरै सहयोग पुगेको छ । 'अनिवार्य नेपाली' प्रमाणपत्र तह 'नर्सिङ र सामान्य चिकित्सा' का लागि तयार पारेको पुस्तकमा भने उनी एक्लैले कलम चलाएका छैनन् । यस पुस्तकलाई उनी र सुमित्रा बाँस्कोटाले तयार पारेका हुन् । यस पुस्तकले निकै लोकप्रियता पाएकोले दोस्रो संस्करण २०७० भाद्रमा मकालु प्रकाशन गृह, डिल्लीबजार, काठमाडौंबाट प्रकाशित भएको हो ।

अधिकारीको प्रस्तुत प्रतिवेदनमा अर्घाखाँचेली भाषा, मेचे जातिको भाषा र मैथिल ब्राह्मणको भाषा के कस्ता छन् ? यसको भाषिक स्थिति र यो भाषीहरूको बारेमा तथ्यहरू के छन भनी प्रस्तुत गरेको पाइन्छ भने उनको संस्कृत साहित्यको दर्पणमा संस्कृत साहित्यको आधारभूत विषयवस्तु, संस्कृत साहित्यको इतिहास, संस्कृत साहित्यको आर्षयुग, संस्कृत कलात्मक महाकाव्य परम्परा, संस्कृत नाटक र गद्य साहित्य लगायतका भाषिक विषयवस्तु समेटिएका छन् भने अनिवार्य नेपालीमा व्याकरण साथै बोध अभिव्यक्ति आदि विषयवस्तुलाई समेटेर लेखिएको हुँदा यी पुस्तकहरू र भाषिक प्रतिवेदन अधिकारीको भाषिक व्यक्तित्वलाई उच्च पार्न सहयोगी बनेका छन् ।

### ३.२.४ सामाजिक व्यक्तित्व

लामो समयदेखि समाजसेवामा समर्पित धर्मराज अधिकारी सुन्दर, स्वस्थ्य र विज्ञानसम्मत समर्पित धर्मराज अधिकारी सुन्दर स्वस्थ्य र विज्ञानसम्मत समाजको निर्माण गर्न सदा सक्रिय रहेका

छन् । सामाजिक प्रचलनमा विद्यमान अनेक रूढि र अन्धपरम्परालाई फेर्नुपर्छ भन्ने उद्देश्य राखेर जनताका घरदैलो चहार्ने अधिकारीमा सादा जीवन र उच्च विचारको भावना पाइन्छ । उनले समाजको विभिन्न पक्षको अध्ययन गरेका छन् । मानिसका सुख दुःख एवं पिरमर्कालाई नजिकबाट नियालेका छन् । सर्वप्रथम उनले स्कुल पढ्दाको समयमा आफ्नै गाउँमा केटाकेटीलाई साक्षर बनाउने कार्यक्रममा साक्षरता सम्बनधी नाटक देखाएर समाजसेवाको आरम्भ गरेका थिए । ख्वप कलेज भक्तपुरमा २०५८ मा अध्यापन गराउँदा कलेज बनाउनको लागि सहयोग गरेका छन् । बुद्धिजिवी परिषद्मा रहेर शिक्षा सम्बन्धी कार्यक्रममा सल्लाह, सुझाव र सहयोग गरेका छन् । 'नेपाल बालसाहित्य समाज' को सदस्य बनेर बालबालिकालाई अध्ययन र लेखनमा प्रेरित गर्दै उनीहरूको आधारभूत आवश्यकताहरूको परिपूर्ति गरिदिने काम गरेका छन् । पि.टि.ए.को स्रोत व्यक्ति समेत बनेर काम गरेका छन् । २०७२ साल बैशाख १२ गते र २९ गते भूकम्पका भूकम्प पीडितलाई आफू र अन्य संघसंस्था सँग आबद्ध भएर आर्थिक र अन्य आवश्यक सहयोग गरेको पाइन्छ । त्यतिखेर उनी दोलखा, सिन्धुपाल्चोक र काभ्रे जिल्ला थुप्रै ठाउँमा राहत सामग्री बाँड्न समेत पुगेका छन् ।

भ्रमणमा विशेष रूचि भएका उनले नेपालका विभिन्न ठाउँको भ्रमण गरेका छन् । उनले यस्ता ठाउँको भ्रमण गर्दा त्यस्ता ठाउँको वस्तुस्थितिबारे नजिकबाट नियाल्ने अवसर पाएका छन् । यस्तो भ्रमण गर्दा उनले थुप्रै सामाजिक कार्यहरू गरेको पाइन्छ । साथै त्यस्ता ठाउँको बारेमा लेखेर पाठक वर्गलाई त्यस ठाउँको बारे जानकारी लिने अवसर समेत दिएका छन् । त्यसका साथै उनले घरदैलो कार्यक्रम गरेर महिला शिक्षा, बालबालिका बेचबिखन, बालश्रम शोषण, बालबालिकालाई शिक्षाको अवसर, रोजगारीको अवसर सम्बन्धी जनचेतना फैलाउने काम गरेको पाइन्छ । कैयौं विद्यार्थीहरूलाई मार्ग निर्देशन गर्ने, पारिवारिक झै झगडा मिलाइदिने, छरछिमेकसँग असल सम्बन्ध कायम गरिदिने, परिवार समिति चलाइदिने, असमझदारी र अज्ञानताले निम्त्याउने गरेको जटिलतालाई सम्याइदिने र समाजका मानिसहरूलाई साक्षर बनाउन हरतरहबाट सघाउने क्रियामा उनले आफूलाई समर्पित गरेका छन् । राम्रो विचार लिएर मात्र पुग्दैन । विचार लिए अनुसारको व्यवहार पनि गर्नुपर्छ भन्ने उनले आफ्नै टोल र वडामा समाजसेवा सम्बन्धी काममा सक्रिय रहनपर्छ भनेका छन् (शोधनायकको कथमा आधारित) ।

उनले नेपाल बाल साहित्य समाजको सदस्य, युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानको सदस्य, नागार्जुन साहित्यिक प्रतिष्ठानको आजीवन सदस्य, पि.टि.ए. (स्रोत व्यक्ति), भक्तपुर बहुमुखी क्याम्पस एकाइ समिति सचिव, पाटन संयुक्त क्याम्पस प्रा.क.को अध्यक्ष र अन्य संघसंस्थामा समेत

रहेर सामाजिक क्रियाकलापलाई निरन्तरता दिँदै आएका छन् । यसरी हेर्दा उनको सामाजिक व्यक्तित्व अनुकरणीय छ ।

### ३.२.५ राजनीतिक

सुरूमा गुरू पुत्र माधव पन्थीद्वारा तौलिहवामा दिएको प्रशिक्षणबाट प्रभावित भएका धर्मराज अधिकारीको राजनीतिक व्यक्तित्वको प्रारम्भ विद्यार्थी जीवन देखि नै भएको हो । सङ्गठनात्मक हिसाबले सुरूमा कम्युनिष्ट पार्टीसँग निकट रहेका यिनी आई.ए. पढ्दा सोही राजनीतिक विचारधारालाई अवलम्बन गर्दै विद्यार्थी संगठनमा आबद्ध भई काम गर्छन् । त्यसपछि २०३६ सालको विद्यार्थी आन्दोलनमा सहभागी हुन्छन् । स्ववियुसँग आबद्ध भई विभिन्न प्रा.क.हरूमा काम गर्छन् । वि.सं. २०३७ सालमा नेपाल बन्द गराउन सक्रिय रूपमा लागि रहँदा पहिलो पटक यिनी जेल पर्छन् । त्यसपछि २०४२ सालमा दोस्रो पटक र २०४६ मा तेस्रो पटक जेल पर्छन् । जेलमा उनले विभिन्न राष्ट्रभक्तिका गीत गाएर सांस्कृतिक कार्यक्रम गरेको पाइन्छ भने सामन्ती पूँजीवादी नेतृत्वको विरूद्धमा आवाज उठाएको पाइन्छ । लुम्बिनी अञ्चल र अर्घाखाँची जिल्ला सम्पर्क कमिटीमा समेत उनले काम गरेको पाइन्छ ।

उनी जनवादी व्यवस्थाको निम्ति संघर्ष गरेमा मात्र अधिकांश समस्याको स्थायी समाधान हुने मान्यता राख्छन् । उनी जनवादी आन्दोलनदेखि बहुदलीय प्रजातान्त्रिक आन्दोलन र लोकतन्त्र प्राप्तिको निम्ति उर्जा बन्छन् । राष्ट्रियता र लोकतन्त्रलाई बल पुऱ्याउने कार्यमा जुटेका अधिकारी अहिले पनि बुद्धिजीवी संगठन र प्राध्यापक संगठनसँग संबद्ध छन् र माथिल्लै पोष्ट (अध्यक्ष) मा कार्यरत छन् अनि सोही पार्टीका सक्रिय सदस्य छन् जो मासिक लेवी तिर्छन् र पार्टीको गहन काम गर्छन् । तर यस्तो लामो इतिहास भएका निरन्तर राजनीतिमा सक्रिय व्यक्ति भएर पनि पार्टीले कुनै मूल्याङ्कन नगर्नु उनलाई कुनै पनि नामको पदमा नलैजानु दुःखदायी काम हो । यसले जनताको पार्टी भनिए पनि सही मान्छेको उपयुक्त मूल्याङ्कन नहुने रहेछ भन्ने ज्वलन्त उदाहरण पेस गर्छ । उनकै समर्थक पार्टीको राज्यमा यत्रो हाली मुहाली छ तर उनी कसैबाट पनि नोटिसमा पर्दैनन् । आसेपासे, आगन्तुक नवप्रवेशी, छिरलो विचारका निम्छराहरू सरकार र पद प्रतिष्ठामा पुगेर प्रशस्त धन सम्पत्ति, सान कमाएका छन् तर उनी भने सरल व्यवहार र कर्म गरेर एकसरो जीवन बाँचिरहेका छन् (शोधनायकको कथनमा आधारित) ।

### ३.२.६ सम्पादक व्यक्तित्व

धर्मराज अधिकारीले विविध क्षेत्रमा हात हालेर सफलता प्राप्त गरिसकेका छन् । ती सफल कार्यक्षेत्रमध्ये सम्पादन क्षेत्र पनि एक हो । अधिकारीको लेखन जीवनको आरम्भ सँग सँगै सम्पादन जीवनको पनि सुरू भएको मान्न सकिन्छ भने सम्पादन जीवन सँगसँगै समालोचक, कवि, कथाकार, निबन्धकार जीवन पनि थालिहाल्नु पर्ने अवस्था आइ परेको देखिन्छ । आफ्नो विविध फुटकर र पुस्तकाकार कृतिहरूको रचनाको क्रममा विविध पत्रपत्रिकाका साथै अन्य कृतिहरू पनि सम्पादन गर्दै रहेको पाइन्छ । उनले सम्पादन कार्य अरूणोदय, विश्वउद्यान, भिसमिसे, असीम नामक पत्रिकाहरूको संयुक्त सम्पादन गरेर सुरूवात गरेका हुन् । यही पत्रिकाहरूको सम्पादनबाट उनले सम्पादन कार्यमा दक्षता पनि हासिल गरेको पाइन्छ ।

अधिकारीले वि.सं. २०६२ मा स्वीस प्रजातन्त्रः बहुसांस्कृतिक समाजमा द्वन्दका सम्भाव्य समाधान भन्ने पुस्तकको संयुक्त सम्पादन गरेको पाइन्छ भने तीन वर्ष पछि आएर वि.सं. २०६५ मा निसान कविता संग्रहको संयुक्त सम्पादन गरेका अधिकारीको सम्पादन व्यक्तित्व आकर्षक रहेको छ । उनको पहिलो सम्पादित कृति वास्तवमा बहुमूल्य छ । यो सर्वोच्च अदालतका पूर्व न्यायधीश टोपबहादुर सिंहद्वारा अनुवाद गरिएको कृतिको सम्पादन हो । यसले हाम्रो जस्तो बहुभाषिक र बहुसांस्कृतिक मुलुकमा द्वन्द्व व्यवस्थापन गर्न उपयोगी सामग्री, सुझाव र निर्देशन दिन सक्छ । त्यसैले यसको सम्पादन दश वर्षे माओवादी जनयुद्धको बैठानको बेला गरिएको थियो । यसले केही मात्रामा अवश्य सघाएको छ ।

अधिकारीको विचारमा सम्पादन गर्दा प्रजातान्त्रिक र वैज्ञानिक भावना भएका कुराहरूको मात्रा बढाउँदै लैजान खोज्नुपर्छ भने अप्रजातान्त्रिक र अवैज्ञानिक विचार भएका सामग्रीहरूको मात्रा घटाउँदै लानुपर्छ एवं स्वस्थ्य कुराको मात्र प्रचार हुनुपर्छ भन्ने रहेको छ । सम्पादक भएर काम गर्दा उनले रचनाको गुण-दोष छुट्याएर तिनको राम्ररी पारख गरेर मात्र अस्वीकृत गरेको बताएका छन् । त्यसरी नै कवि लेखकहरूसँग लेख रचनाहरू कसरी जाच्नुपर्छ भन्ने विषयमा समेत छलफल हुने गरेको, जसले गर्दा समालोचात्मक दृष्टिकोणको विकासमा आफूलाई सघाउ पुगेको उनले ठानेका छन् । यसरी सम्पादन कार्यमा लामो अनुभव सँगालेका अधिकारीले धेरै जनालाई सम्पादन गर्न पनि सिकाएका छन् । यसरी उनमा विद्यमान कुशल, सफल र उत्तरदायीपूर्ण सम्पादन कार्यले नेपाली भाषा, साहित्य र पत्रपत्रिकाको क्षेत्रमा ठूलो योगदान पुऱ्याएको छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### ३.२.७ पथप्रदर्शक

धर्मराज अधिकारीका विभिन्न व्यक्तित्वहरूमध्ये पथप्रदर्शक व्यक्तित्व पनि महत्त्वपूर्ण व्यक्तित्वका रूपमा रहेको छ । उनको उचित मार्ग निर्देशनबाट आफ्नो जीवनलाई सही दिशातर्फ उन्मुख गराउनेहरू हाम्रो समाजमा धेरै छन् । विभिन्न विचारधाराका थुप्रै व्यक्तिहरूलाई साहित्यिक, राजनीतिक, शैक्षिक र अन्य सरसल्लाह दिएर, प्रेरणा हौसला दिएर उनले तिनीहरूको भविष्य निर्माणमा सहयोग पुऱ्याएका छन् । यसरी उनका उचित निर्देशन र बौद्धिक सहयोगद्वारा प्रशस्त मात्रामा अभिभूत भएका व्यक्तिहरू आज पनि विभिन्न क्षेत्रमा क्रियाशील छन् । साहित्यिक मात्र होइन वैचारिक र शैक्षिक रूपमा पनि पथप्रदर्शन गर्ने अधिकारीको जीवनशैली, भनाइ र गराइ बिचको तादात्म्य र व्यवहार कुशलताले समेत यो व्यक्तित्व अत्यन्त प्रभावशाली रहेको पाइन्छ । उनका साहित्य सम्बन्धी उपयोगी सुझाव, सल्लाह र मूल्याङ्कनबाट नेपाली लेखकहरूले आफ्नो लेखनीलाई निखार्दै लगेको उदाहरणहरू प्रशस्त छन् । वास्तवमा असल बानी बेहोराको बारेमा सूचना दिने, प्रशंसा गर्ने, उदाहरण बनाउने अधिकारीको प्रवृत्ति पनि उनका विद्यार्थीहरूका लागि ठूलो प्रेरणा बनेको छ । उनका यिनै व्यवहारले गर्दा उनका कैयौँ विद्यार्थीहरूले आफ्नो अध्ययनलाई समेत सफलतापूर्वक पूरा गरेका प्रशस्त उदाहरणहरू भेटिन्छन् । अधिकारीका कतिपय भनाइहरू व्यावहारिक छन् । कुनै पनि काम गर्नुभन्दा पहिले कार्ययोजना बनाउनुपर्छ र पूरा तयारी गर्नुपर्छ । बिचमै चटक्क छोड्दिन हुन्न भन्ने उनको राय छ । उनले विभिन्न घर परिवारका झैँ -झगडा मुद्दा - मामिला मिलाउनेदेखि उचित सरसल्लाह र निर्देशन दिने काम गरेका छन् । यसरी उनको न्यानो स्नेह र अभिभावकत्वको छहारीभित्र विभिन्न वर्ग, तह, तप्का र उमेर समूहका मानिसहरू समेटिएर रहेका छन् ।

यसका अतिरिक्त अधिकारीसँग अर्कै छुट्टै व्यक्तित्व पनि छ । वस्तुतः उनी टुरिष्ट गाइड पर्यटक हुन् । स्पेनिस र अंग्रेजी भाषाका ज्ञाता उनले दुबै क्षेत्रमा फ्रिलाइन्स गाइडको रूपमा टुर गाईड अर्थात् सिटी गाइड गर्छन् । तर यो उनको सिजनल साइड जब मात्र हो । यसो गर्दा उनलाई छुट्टै आनन्द आउँछ । कारण उनी हाम्रो देशको संस्कृति, रीतिरिवाज, जीवनशैली, हिमाल, नेशनल पार्क, सङ्लो पानीको राफ्टिङ र संस्कृतिक सम्पदाको बारेमा आधिकारिक अध्येता हुन् र तिनै कुरालाई उनी विदेशीहरू समक्ष पस्किन्छन् । आफ्नो देशको सम्पदा र गौरवलाई विश्वसामु चिनाउने र पुऱ्याउने माध्यम हो यो पेसा । त्यसैले उनी सबैभन्दा बढी गर्व यस पेसामा गर्छन् ( शोधनायकबाट प्राप्त जानकारी) ।

## निष्कर्ष

अधिकारी सरल एवं सादा जीवन र उच्च विचारका धनी हुन् । कुण्ठाहीन, महत्वकाङ्क्षाहीन, आशावादी र जीवनप्रति सकारात्मक सोच भएका अधिकारीका विभिन्न व्यक्तित्वहरूमध्ये साहित्येतरमा सामाजिक र पथप्रदर्शक व्यक्तित्व बढी मात्रामा प्रभावकारी देखिन्छ । उनका ती क्षेत्रमा देखापर्ने अनेकौं क्रियाकलापको असर विभिन्न व्यक्तिहरूको जीवनमा प्रत्यक्ष रूपमा परेको पाइन्छ । कुशल सम्पादक र सरल भाषाशैलीका प्रयोक्ता अधिकारी दक्षिण कोरियाली भाषाबाट नेपाली भाषामा अुनवाद गर्ने पहिलो अनुवादक पनि हुन् । साहित्यिक व्यक्तित्व अन्तर्गत प्रायोगिक समालोचक व्यक्तित्वमा उनी अगाडि रहेका छन् । उनको निबन्ध, कथा, संस्मरण, कविता, सम्पादन, भाषिक अध्ययन मा रहेको योगदान पनि प्रशंसनीय छ । अन्य साहित्यकारले ध्यान नपुऱ्याएको विधामा सक्रियतापूर्वक लागेर अधिकारीले अनुसन्धानको क्षेत्रमा रहेको लेखनको कमीलाई बढवा दिएका छन् । तत्कालीन उपयोगी तथ्यसित पाठकलाई साक्षात्कार गराएका छन् । उनको भाषा व्याकरणकार व्यक्तित्व पनि सशक्त देखिन्छ । नेपाली भाषा लगायत संस्कृत भाषा, मैथिल भाषा, मेचे जातिको भाषा र अर्घाखाँचेली भाषाको अध्ययन गरी तयार पारेको प्रतिवेदन र पुस्तकले नेपालमा रहेका यस्ता विविध भाषाहरूको स्तर उन्नति हुन पुगेको छ । यसरी हेर्दा उनको सक्रिय जीवनयात्रा र असल कर्म धेरैको निम्ति अनुकरणीय बनेको छ । उनमा विद्यमान गुण, कार्यशैली, भाषाप्रतिको दख्खल, विचारको प्रष्टता र अभिव्यक्तिको कुशलताले गर्दा प्रशस्त प्रभावित भएकाले उनी आफ्नो क्षेत्रका अत्यन्त प्रभावशाली व्यक्तित्वका रूपमा प्रतिष्ठित हुन पुगेका छन् । प्रतिभाशाली अनेक व्यक्तित्वले उनलाई श्रद्धेय गुरू मानेको पाइएबाट उनको व्यक्तित्वको गरिमा स्वतः स्पष्ट हुन्छ ।

# अध्याय चार

# धर्मराज अधिकारीको साहित्यिक तथा भाषिक कृतिहरुको अध्ययन

## ४.१ धर्मराज अधिकारीको साहित्यिक यात्रा र चरण विभाजन

### ४.१.१ साहित्यिक यात्रा

विद्यार्थी जीवनदेखि नै विभिन्न साहित्यिक गतिविधिमा सहभागी हुन रुचि राख्ने धर्मराज अधिकारीले वि.सं. २०३८ देखि नै आफ्ना कविता तथा समालोचनाहरु प्रकाशन गर्न थालेको चर्चा पहिलो र दोस्रो परिच्छेदमा नै गरिसकिएको छ । वि.सं. २०३८ मा काठमाडौंबाट प्रकाशित हुने 'गोरखापत्रमा' सिद्धिचरण श्रेष्ठको काव्यकारिता' नामक समीक्षा लिएर नेपाली साहित्य आकाशमा देखा परेका अधिकारीले हालसम्म साहित्यिक क्षेत्रमा अनवरत रुपमा सेवा गर्दै आफ्नो साहित्यिक साधनाको तिन दशक लामो समय पार गरिसकेको देखिन्छ । लामो समयदेखि प्राध्यापन पेसामा संलग्न रहँदै आए पनि साहित्यिक कृतिहरुको रचनातर्फ पनि अधिकारीको निरन्तरता उल्लेखनीय छ । निबन्ध लेखन र समीक्षा विधाबाट आफ्नो औपचारिक लेखन प्रारम्भ गरी नेपाली साहित्यका समालोचना, कविता, कथा, निबन्ध, अनुवाद, पाठ्यपुस्तक लेखन जस्ता विविध विधामा कलम चलाएका अधिकारी हाल नेपाली साहित्यका फाँटका कुशल तथा सफल समालोचक तथा पाठ्यपुस्तकका लेखक हुन पुगेका छन् । वस्तुतः यस शीर्षकको उद्देश्य साहित्य साधनाको यति छोटो समयमा पनि यति ठुलो प्रगति गरेका अधिकारीको साहित्यिक यात्रा तथा साहित्यिक प्रवृत्तिहरुको विश्लेषण र विवेचना गर्नु एवम् उनको साहित्यिक यात्राको निरुपण गर्नु हो ।

### ४.१.२ चरण विभाजनको औचित्य र आधार

कुनै पनि साहित्यकारको साहित्यिक यात्रामा विभिन्न मोड र घुम्तीहरु आउँछन् । यस्ता मोडहरुले स्रष्टाका सिर्जना र प्रवृत्तिमा पनि परिवर्तन ल्याउन सक्छन् । त्यस्ता मोडहरुको पहिचान तथा वर्गीकरण गरी ती प्रत्येक मोडले साहित्यकारको रचनात्मक दृष्टिकोणमा ल्याएको अन्तर र मोड परिवर्तनका आधारभूत कारणसँग विभिन्न समयावधिमा लेखिएका कृतिहरुको अन्तः सम्बन्ध केलाएर मात्र साहित्यकारको मूल्याङ्कन गर्न सकिन्छ ।

कुनै पनि साहित्यकारको साहित्यिक यात्रामा विभिन्न मोडहरु देखा पर्नाका विविध कारणहरु हुन सक्छन् र यस्तो हुनामा साहित्यकार उभिएको परिवेश र उसले भोगेको जीवनको महत्वपूर्ण

स्थान रहन्छ । जीवनको आरम्भिक साहित्यिक यात्रा र प्रौढावस्थाको साहित्यिक यात्रामा प्रायः सबै साहित्यकारहरुमा परिष्कार, परिमार्जन र दृष्टिकोणमै पनि परिवर्तन हुन सक्छ । यस्तो परिवर्तन गराउन सामाजिक अवस्था, समय, परिस्थिति, राजनीतिक परिवर्तन, उमेरको परिपक्वता, साहित्यकारको चिन्तनमा गहनता आदि तत्वहरुको भूमिका खेलेका हुन्छन् । यस्ता विविध कारक तत्त्वहरुले स्रष्टाका सिर्जनामा परिवर्तन ल्याए भने उसका ती साहित्यिक कृतिहरुको विश्लेषण गर्न चरण विभाजन गर्नुपर्ने हुन्छ ।

साहित्यकारको साहित्यिक यात्राको समग्र अध्ययन गर्न विभिन्न परिवर्तनहरुले अप्ठ्यारो पारेमा उसको चरण विभाजन गर्नुपर्ने हुन्छ । त्यस्तै साहित्यिक रचनाको परिणाम, गुणस्तरमा परिवर्तन, साहित्यिक धारागत प्रवृत्तिको अर्न्तविकास, साहित्यिक रचनाहरुको कृतिगत सामग्रीको प्रकाशन आदिको आधार लिएर चरण विभाजन गर्नुपर्ने हुन्छ । यी आधारहरुमा धर्मराज अधिकारीको तिन दशक लामो साहित्यिक यात्रामा खासै प्रवृत्तिगत परिवर्तन देखाउन सकिँदैन । उनले सुरुमा लेखेका समालोचनामा प्रयुक्त विषयवस्तुमा केही भिन्नता देखिए तापनि प्रवृत्तिगत परिवर्तन भने देखिँदैन । तथापि फुटकर रचना र पुस्तकाकार कृतिको रचनाकालका आधारमा उनको साहित्यिक यात्राको चरण विभाजन गर्दा दुई चरणमा गर्न सकिन्छः वि.सं. २०३८ देखि २०४६ सम्म फुटकर रचनाको चरण र वि.स. २०४७ देखि हालसम्म पुस्तकाकार कृतिको प्रकाशनको चरण हुन्छ । तर यसलाई आधार मानेर चरण विभाजन सान्दर्भिक देखिँदैन । त्यस्तै उनका कृतिहरुको परिष्कार, परिमार्जनका आधारणमा चरण विभाजन गर्दा वि.सं. २०३८ देखि २०४६ सम्म अभ्यासिक चरण र वि.सं. २०४७ देखि हाल सम्मको लेखनलाई परिष्कार, परिमार्जन वा परिपक्वताको चरण भन्न सकिन्छ ।

उपर्युक्त आधारमा साहित्यिक यात्राको चरण विभाजन गर्नु त्यति सान्दर्भिक भने होइन । पहिले लेखेका कृतिहरुलाई परिष्कार र परिमार्जन गरिरहनुलाई नयाँ चरण भन्न त्यति नसकिएला । त्यसकारण साहित्यकारको साहित्यिक यात्राको चरण विभाजन साहित्यिक प्रवृत्तिको आधारमा गर्नु नै उपयुक्त हुने देखिन्छ । यहाँ साहित्यकार अधिकारीको साहित्यिक यात्रालाई कुनै पनि विभाजनको सीमा नलगाएर उनका साहित्यिक कृतिहरुको विधागत काल क्रमिक रुपमा चर्चा गर्नु नै औचित्यपूर्ण ठानेर तिनै कृतिहरुका आधारमा कृतिगत विशेषताको निरुपण गर्ने प्रयास गरिएको छ ।

### ४.१.३ विधागत साहित्यिक यात्रा

साहित्यकार अधिकारीको साहित्यिक यात्राको थालनी निबन्ध विधाबाट भए पनि औपचारिक रुपमा साहित्य यात्राको थालनी भने समीक्षा विधाबाट भएको हो । उनले साहित्यिक यात्राको सुरुवात निबन्धबाट गरे पनि वि.सं. २०४७ देखि हालसम्म उनले ३० वटा निबन्धहरु प्रकाशित गरिसकेका छन् । ती हुन्: 'डेरावाल' २०४७, 'रमला सायमीकोः सम्झनाको तरेली' २०५६, जेलमा बिताएको बिस दिन २०५७, काफल गेडी कुटुक्क २०५८, पिपल दनदन बलिरहेछ २०६१, जन्ती र मलामीको सङ्कट २०६६, हाम्रो गौरब २०६९, आदि हुन् । यी निबन्धहरुमा क्रमशः अधिकारीको आफ्नो बाल्यकालका तिता मिठा भोगाइ, पारिवारिक स्थिति, आफ्नो जन्मभूमिबाट टाढा भएर बस्नुपर्दाको पिडा, जन्मभूमिप्रतिको मोह, आफ्नो जन्मथलो हंसपुरको सुन्दरता, त्यहाँको विकटताले गर्दा जन्ती र मलामीको समेत संकट परेको अवस्था, हंसपुरको आर्थिक अवस्था सुधार गर्ने उपायहरु देशभक्ति, तत्कालीन राजनीतिक अवस्था, जेलको वास्तविक रुप, सामाजिक अवस्था र मानवतालाई विषयवस्तु बनाएका छन् । यात्रा संस्मरणात्मक, निबन्ध लेखनमा पनि उनको संलग्नता रही आएको छ । स्वदेशका र खास गरी काठमाडौं उपत्यका वरपरको भूगोल, संस्कृति, जन-जीवन, शैली आदिका बारेमा उनले निबन्धहरुमा उतारेका छन् र त्यस्ता रचनाहरु नयाँ पत्रिकामा स्तम्भ लेखनको रूपमा र अन्य राजधानी, समाचारपत्र र मासिक वार्षिक पत्रिकाहरुमा यदा कदा निस्कने गर्छन् । अहिलेसम्मको गणना गर्ने हो भने उनका तत् विषयसँग सम्बद्ध निबन्धहरु ५० जतिको संख्यामा छन् ।

साहित्यकार अधिकारीको साहित्यको अर्को विधा कविता विधा पनि हो । यो विधा धेरै फस्टाएको भने छैन । उनका कविताहरु विभिन्न समयमा प्रकाशित हुँदै आएका छन् । वि.सं. २०४५ मा 'शिवपुरी', २०४७ 'दसैं', २०५० 'वहुदलको जन्म', २०५० 'भक्तपुर' शीर्षकका १४ वटा कविता, २०५३ 'मनोकामना', 'मृत्यु जीवन' २०६३ गरी ३५ वटा जति कविता प्रकाशन भएका छन् । ती कविताहरुमा तत्कालीन भक्तपुरको अवस्था बहुदलीय व्यवस्थाको जन्मनुका कारणहरु, जीवनको भोगाइका सुखद दुखद क्षणहरु, सामाजिक, राजनीतिक, सांस्कृतिक अवस्थालाई विषयवस्तु बनाएको पाइन्छ ।

साहित्यकार अधिकारीको साहित्य सिर्जनाको प्रमुख क्षेत्रका रुपमा रहेको समालोचना क्षेत्र निकै उर्वर देखिन्छ । वि.सं. २०३८ सालमा 'सिद्धिचरण श्रेष्ठको काव्यकारिता' बारेमा समीक्षा लेखेर गोरखापत्रमा प्रकाशन गरेर समीक्षा एवं समालोचना क्षेत्रमा लागेका अधिकारीले हालसम्म छब्बिसवटा भन्दा बढी फुटकर समालोचना र ६ वटा समालोचनात्मक कृति प्रकाशित गरेका छन् ।

उनका फुटकर समालोचनाहरु विभिन्न पत्रिकाहरुमा प्रकाशित भएका छन् । 'छद्म नामका धनी श्याम प्रसाद शर्मा' २०४७, 'हृदयका फूलहरु' २०४७, 'बालकोसेली भित्रका कवि युद्धप्रसाद मिश्र' २०४८, युगधारा मिश्रका कवि जगदीश चन्द्र भण्डारी' २०४९/०५०, 'वादल धरती र आस्थाहरु' २०५१, 'साहित्यकार चूडामणि रेग्मी र उनका कृती र कृतिको अध्ययन' २०५३/५४, 'शङ्कैशङ्कामा रुमलिएका कवि केवलपुरे किसान' २०५४, 'प्रगतिवादी नेपाली कविता रेखाङ्कन र विश्लेषण २०५५, 'कृष्णसेन इच्छुक र काव्य भाव धारा' २०६०, 'नेपाली महाकाव्य परम्परामा नारायण गोदारेको राष्ट्रका विरेन्द्र महाकाव्य' २०६२, 'जनकको सृष्टि एक दृष्टि' २०६३, श्यामप्रसाद शर्माको पछिल्लो कृति जुत्ता बेच्ने पसलका बारे' २०६४, आनन्ददेव भट्ट जीवनीपरक अध्ययन', (आदेम अक्षरको अभिवादन) २०६४, 'सम्पादकीय (निसाना)' २०६४, 'प्रगतिवादी नेपाली साहित्यको परम्परा' २०६५, 'व्यङ्ग्य विनोदको भूमिका' २०६५, 'बालसाहित्य र यसको सिद्धान्त' २०६७, श्रृंखला मासिकबारे एक चर्चा २०३८, 'सम्बन्धका सूत्रधार शान्तदास मानन्धर' २०६९, 'पश्चिमाञ्चलमा प्रचलित बाल लोकगीत कविता' २०६९, 'हौचुर कान्छोसँगको भेट' २०६९, 'सेतो धरतीको भोगवादी दृष्टिकोण' २०७०, 'रुद्र खरेलको शब्दको म्वाङको ब्यङ्यचेतना २०७०, 'सकसको साङ्गः एक समीक्षण २०७०, 'सेतो धरतीले ल्याएको सुनामी' २०७१ आदि जस्ता समालोचनाहरु विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित भएपछि उनले ६ वटा समालोचनात्मक पुस्तककार कृति लेखेर प्रकाशित गरेको पाइन्छ । उनको पहिलो समालोचात्मक कृति 'श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन' २०४७ हो । अरु कृतिहरु क्रमशः 'आँखिझ्यालबाट हेर्दा श्यामप्रसाद शर्मा' २०६३, 'श्यामप्रसादको साहित्यिक योगदान' २०६८, 'श्यामप्रसादको जीवनी/ व्यक्तित्व' २०६९, 'श्यामप्रसादको प्रबन्धगत योगदान' २०६९, 'गुप्तवासको रहस्य' २०७० छन् । यस समालोचनात्मक रचनाहरुमध्ये एक दुइवटामा परम्परागत समालोचकीय पद्धतिको आभास पाइए पनि समग्रमा उनका समालोचनात्मक रचना र कृतिहरु अनुसन्धनात्मक, शोधमूलक, खोजमूलक, यथार्थवादी, प्रगतिवादी र वस्तुपरक भएको पाइन्छ ।

अधिकारीका ६ वटा समालोचनात्मक कृतिका साथै फुटकर समालोचनात्मक लेखहरु प्रकाशित हुँदै आइरहेका छन् । यी पुस्तककार कृतिहरुसँगै उनका समालोचनात्मक लेखहरु गहन र प्रौढ भएको अनुभव हुन्छ । अधिकारीले समालोचनाका साथै विभिन्न पुस्तकहरुको भूमिका पनि लेखेका छन् । अधिकारी संस्कृत भाषा साहित्यका प्रखर अध्येता हुन् । उनले संस्कृत साहित्यका बारेमा लेखेका एउटै समालोचनात्मक कृति 'संस्कृत साहित्यको दर्पण' यसको ज्वलन्त उदाहरण हो । त्यस्तै उनको पाठ्यपुस्तकको रुपमा सहलेखन गरेको अर्को अनिवार्य नेपाली हो । यी दुवै कृतिको

अध्ययनबाट पनि स्पष्ट हुन्छ । अधिकारी समीक्षा एवं समालोचनाका क्षेत्रमा छुट्टै पहिचान राख्ने कुशल, प्रगतिवादी र वस्तुनिष्ठ समालोचक हुन् ।

साहित्यकार अधिकारीको साहित्यको अर्को पाटो कथा विधा पनि हो तर यो विधा जुन रुपले अगाडि बढ्नु पर्ने हो त्यस रुपले बढ्न सकेको देखिँदैन । उनको पहिलो कथा 'पाना नं. ८४ बाट' २०४६ हो भने अन्य कथाहरु 'खरिदार लक्ष्मीभक्त' २०४७, बालकथा को पुस्तक 'हङ्बु र नोल्बु' २०६४, बालकथा 'कमला माईको कृपा' २०६८ का साथै उनका विभिन्न पत्रपत्रिकामा विभिन्न समयमा १५ वटा कथा प्रकाशन भएको पाइन्छ । यी कथाहरुमा बाल मनोविज्ञान, सामाजिक, आर्थिक, धार्मिक, नेपाली समाजमा आधारित विभिन्न परम्परा, रीतिरिवाजलाई विषयवस्तु बनाई सरल, सरस, मनोरञ्जनात्मक ढङ्गले प्रस्तुत गरेको पाइन्छ ।

अधिकारीको साहित्य यात्राको अर्को महत्त्वपूर्ण पाटो अनुवाद लेखन हो । उनी नेपाली साहित्यको अनुवादको क्षेत्रमा दक्षिण कोरियाली भाषामा अनुवाद गर्ने पहिलो अनुवादक हुन् । उनले 'हङबु र नोल्बु' नामक बालकथा (२०६४) प्रकाशित गराएका छन् । साथै नेपाली भाषा, साहित्य र संस्कृतिसँग सम्बन्धित लेख रचनाहरु कोरियाली भाषामा पनि अनुवाद गराएका छन् । यो बालमनोविज्ञानसँग सम्बन्धित कथा हो । यस कथामा नेपाली समाजमा विद्यमान सम्पत्तिको लागि आफ्नै दाजुभाइलाई गरिने शत्रुवत् व्यवहारको यथार्थ चित्रण गरिएको छ । दक्षिण कोरियाली भाषाको भए तापनि नेपालीमा अनुवाद गर्दा कथाकारले पूर्णतया नेपालीपनमा ढालेर  सरल, रोचक र कौतुहलपूर्ण भाषाको प्रयोग गरेका छन् । यो कथाले कुकर्मको फल सधैँ दुखद नै हुन्छ सुकर्म गर्नेले सधैँ सुख पाउँछ भन्ने सन्देश दिन खोजेको छ । दक्षिण कोरियाली भाषाबाट अनुदित यो पुस्तक नेपाली अनुवादको क्षेत्रमा एउटा उदाहरण बन्न सफल भएको छ ।

साहित्यकार अधिकारीले आफ्नो कलम विभिन्न विधामा चलाउने क्रममा सहलेखन पनि गरेका छन् । उनको सहलेखनको कृति 'अनिवार्य नेपाली' (पाठ्यपुस्तक) २०७१ हो । अनिवार्य नेपाली सरल व्याकरण, सहित्यकारहरुको साहित्यको समीक्षा र निबन्ध, कथा, सारांश जस्ता रचनात्मक लेखन अभ्यास गराउने समय सापेक्ष खोजपूर्ण प्रस्तुति भएको पुस्तक हो । अनिवार्य नेपाली (प्रवीणता प्रमाणपत्र तह) नर्सिङ र सामान्य चिकित्साको प्रयोजनको लागि लेखिएको पुस्तक हो ।

साहित्यकार अधिकारीको साहित्यिक यात्रा निबन्धबाट प्रारम्भ भएको हो । उनले सिर्जना गरेको विधाहरुमा कविता, कथा, निबन्ध, अनुवाद, यात्रा संस्मरण, समालोचना हुन् । ती मध्ये उनलाई साहित्यिक प्रतिष्ठा प्रदान गर्ने  समालोचना सिर्जना नै हो । जुन गुणात्मक र परिणात्मक

रुपले उच्च पनि छ । उनलाई कथा, कविता, निबन्ध, अनुवाद विधाले पनि चिनाएको देखिन्छ । उनका सबै खाले सिर्जनाहरु समान रुपले अगाडि बढेको पाइन्छ । अहिले आएर उनको समालोचनात्मक कृतिहरुको लेखन तीव्र रुपमा अगाडि बढेकोले उनी एक सफल र तीक्ष्ण बुद्धि भएका समालोचक बन्न सफल भएका छन् ।

अधिकारी आधुनिक नेपाली साहित्यका प्रगतिवादी धाराका बहुमुखी र विविधतापूर्ण योगदान गर्ने महत्त्वपूर्ण प्रतिभा हुन् । प्रायोगिक समालोचनाको साथै सैद्धान्तिक समालोचनाको क्षेत्रमा उनको योगदान प्रशस्त छ । प्रगतिवादी मान्यतालाई प्रस्तुत गर्न सक्षम उनका समालोचनात्मक रचनाहरुले उल्लेख्य भूमिका निर्वाह गरेका छन् । उनको लेखन छिरिलो नभएर सुगठित छ विश्लेषणात्मक छ, व्याख्यात्मक र मूल्याङ्कनात्मक छ । समाजमा विद्यमान दमन, शोषण, अन्याय, अत्याचार, रुढीवादी परम्परा, कुसंस्कार विरुद्धको बुलन्द आवाजलाई उनको लेखनले गति प्रदान गरेको छ । विचारहिन दृष्टिहीन परम्पराका विरुद्धमा बैचारिक गहन विश्लेषणमा अग्रसर भएका अधिकारी तुलनात्मक रुपमा २०४० पछिका उम्दा समालोचक ठहर्छन् । लेखनको निरन्तरता र प्रगतिवादको निष्ठा, कृतिहरुलाई न्यायोचित रुपले व्याख्या विश्लेषण गर्ने खुबी भएका अधिकारी जल्दाबल्दा समालोचकहरुको माझमा उच्चकोटिका समालोचकका साथै भाषिक अध्येता पनि हुन् । नेपाली समालोचनाको क्षेत्रमा उनको स्थान अतुलनीय छ ।

## ४.२ समालोचकीय दृष्टि र पद्धति

सम्बन्धित विषयमा संस्कारित, अनुभवी, परिपक्व सिद्धान्त निष्ट स्वतन्त्र, न्यायिक, कौशलयुक्त, प्रतिभाशाली साहित्यप्रेमी व्यक्ति प्रतिभाले साहित्यिक कृतिको गुण-दोषको परीक्षा तथा जाँच गरी निष्पन्न कृतिगत मूल्य निर्णय नै समालोचना हो । यिनै समालोचनाका लागि आवश्यक पर्ने सम्पूर्ण गुण भएका अधिकारीले आफ्ना समालोचकीय कृतिहरुमा व्यवहारिक समालोचना/ प्रयोगात्मक समालोचना पद्धतिलाई आत्मसात गरेको पाइन्छ । व्यवहारिक समालोचना पद्धतिमा स्रष्टा, कृति दुवैको अध्ययन गरिन्छ । धर्मराज अधिकारीले श्यामप्रसादः विश्लेषण मूल्याङ्कनमा व्यवहारिक समालोचना पद्धतिलाई अवलम्बन गरेको पाइन्छ । यस कृतिमा अधिकारीले श्यामप्रसादको जीवनी/ व्यक्तित्व र कृतित्वको मूल्याङ्कन गरेको हुँदा यस कृतिमा व्यवहारिक पद्धतिमा पर्ने जीवनी परक कृति परक र तुलनात्मक समालोचना पद्धति अपनाइएको पाइन्छ । साथै अधिकारीको 'आँखीझ्यालबाट हेर्दा श्यामप्रसाद शर्मा' कृतिमा श्यामप्रसादलाई विभिन्न व्यक्तिहरु मार्फत चिनाउने प्रयत्न गरेको हुनाले यो कृतिमा स्रष्टापरक समालोचना पद्धति अवलम्बन गरेको

पाइन्छ । उनको 'श्यामप्रसादको साहित्यिक योगदान' कृति श्यामप्रसादको निवन्ध, कविता, समालोचना, पत्र डायरी संस्मरण कृतिको समीक्षा गरिएको हुँदा यस कृतिमा कृतिपरक समालोचना पद्धतिलाई र प्रगतिवाद र प्रगतिवादी साहित्य परम्पराको वारेमा व्याख्या गरिएको हुँदा व्याख्यात्मक पद्धतिसमेत अपनाइएको पाइन्छ । 'श्यामप्रसादको जीवनी र व्यक्तित्वमा' श्यामप्रसादको जीवनी र व्यक्तित्वको विभिन्न पाटाको बारेमा चर्चा गरिएको छ । यो कृतिमा श्यामप्रसादको व्यक्तित्व जीवनीमा केन्द्रित भएको हुँदा यस कृतिमा स्रष्टापरक समालोचना पद्धतिलाई अपनाइएको पाइन्छ । उनको अर्को कृति श्यामप्रसादको प्रबन्धगत योगदानमा श्यामप्रसादको प्रबन्धलाई वर्गीकरण गरी ब्याख्या विश्लेषण गरिएको हुंदा यस कृतिमा विधागत, ब्याख्यात्मक, निर्णयात्मक समालोचना पद्धति अवलम्बन गरेको पाइन्छ साथै उनको 'गुप्तवासको रहस्य' कृतिमा श्यामप्रसादको गुप्तजीवनको रहस्योउद्घाटन गरिएको हुँदा यो कृति श्यामप्रसादसँग सम्बन्धित छ त्यसैले यस कृतिमा अधिकारीले स्रष्टापरक समालोचना पद्धतिलाई अपनाइएको छ । उनका संस्कृत 'साहित्यको दर्पण' र अनिवार्य नेपालीमा विश्लेषणात्मक, व्याख्यात्मक, निर्णयात्मक पद्धतिलाई अवलम्बन गरिएको छ । यस प्रकार समालोचना/ प्रयोगात्मक समालोचना पद्धति अन्तर्गत पर्ने स्रष्टापरक, कृतिपरक, व्याख्यात्मक विश्लेषणात्मक, विधापरक, निर्णयात्मक, तुलनात्मक समालोचना पद्धतिलाई अपनाइएको पाइन्छ । अधिकारीका यी कृतिहरु यिनै समालोचनात्मक पद्धतिका सेरोफेरोमा रहेर लेखिएको पाइन्छ । तसर्थ अधिकारी व्यवहारिक समालोचना क्षेत्रका स्थापित प्रतिभा हुन् ।

## ४.३ कृति विश्लेषणको आधार

साहित्यका प्रायः विधामा कलम चलाउँदै आएका धर्मराज अधिकारीका फुटकर र पुस्तकाकार कृतिहरुको चाङ लामो छ । उनले समालोचनात्मक कृति, कविता, कथा, निबन्ध, यात्रा संस्मरण, पाठ्यपुस्तक, अनुदित कृति आदि लेखेर प्रकाशित गराउँदै आएका छन् । यस अध्ययनको प्रयोजनलाई हेर्दा उनका कृतिहरुमध्ये यहाँ पुस्तकाकार रुपमा प्रकाशित कृतिहरुलाई मात्र अध्ययन र विश्लेषणको आधार बनाइएको छ । उनका यी पुस्तकाकार कृतिहरुमध्ये समीक्षा समालोचनासँग सम्बन्धित कृतिहरु ६ वटा छन् । प्रकाशनका मिति क्रमका आधारमा हेर्दा ती कृतिहरु यस प्रकार रहेका छन्: श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन (२०४७), आँखीझ्यालबाट हेर्दा श्यामप्रसाद शर्मा (२०६३), श्यामप्रसादको साहित्यिक योगदान (२०६८), श्यामप्रसादको प्रबन्धगत योगदान (२०६९), गुप्तवासको रहस्य (२०७०) हुन् । त्यसैगरी उनले अनुवाद गरेको कृति एक मात्र हङ्बु र नोल्बु (२०६४) हो भने पाठ्यपुस्तकसँग सम्बन्धित कृति दुईवटा छन्-संस्कृत साहित्यको दर्पण (२०७०) र

अनिवार्य नेपाली (२०७१) हुन् । उनका तिन थरी प्रकाशित र पुस्तकाकार कृतिहरुमध्ये उनको समालोचनात्मक कृतिहरुमा पाइन्छ ।

मार्क्सवाद र द्वन्द्वात्मक भौतिकवादी मान्यताका पक्षधर अधिकारीको समालोचनात्मक कृतिहरुको विश्लेषण यहाँ कृतिपरक अध्ययनका आधारमा गरिएको छ । उनका प्रकाशित कृतिहरुको सूची निम्नाअनुसार छः

| क्र.सं. | कृतिको नाम | प्रकाशन वर्ष | विधा | प्रकाशक | संस्करण |
|---|---|---|---|---|---|
| १ | श्यामप्रसादः बिश्लेषण र मूल्याङ्कन | २०४७ | समालोचना | नेपालमैत्री प्रकाशन | प्रथम |
| २ | आँखीझ्यालबाट हेर्दा श्यामप्रसाद शर्मा | २०६३ | समालोचना | साहित्य सेवा सदन | प्रथम |
| ३ | हङ्बु र नोल्बु | २०६४ | बालकथा | विवेक सिर्जनशील | प्रथम |
| ४ | श्यामप्रसादको साहित्यिक योगदान | २०६८ | समालोचना | गंगादास श्रेष्ठ | प्रथम |
| ५ | श्यामप्रसादको जीवनी/ व्यक्तित्व | २०६९ | समालोचना | माधुरी मानन्धर | प्रथम |
| ६ | श्यामप्रसादको प्रबन्धगत योगदान | २०६९ | समालोचना | साहित्य सेवा सदन | प्रथम |
| ७ | गुप्तवासको रहस्य | २०७० | समालोचना | माधुरी मानन्धर/ शारदा नापित | प्रथम |
| ८ | संस्कृत साहित्यको दर्पण | २०७० | पाठ्यपुस्तक | सनलाइट पब्लिकेसन | प्रथम |
| ९ | अनिवार्य नेपाली | २०७१ | पाठ्यपुस्तक | मकालु प्रकाशन गृह | दोस्रो |

धर्मराज अधिकारीको विभिन्न विधामा रचिएका फुटकर रचनाहरुको सूची यसप्रकार रहेको छ :

| विधा | शीर्षक | पुस्तक/ पत्रिका | साल |
|---|---|---|---|
| समालोचना | सिद्धिचरण र मेरो प्रतिविम्व | गोरखापत्र | २०३९ चैत्र १९ |
| शोध सारांश | श्यामप्रसाद शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन | उत्साह | २०४३ |
| उपन्यास | नूतनः पुरातन | प्रकाशक | २०४४ |

| | | | |
|---|---|---|---|
| कविता | त्यो सम्झना सुन्दर | पराग | २०४४ |
| कविता | शिवपुरी | विश्व उद्यान अङ्क-८ | २०४५ |
| कविता | भाइ तिहार | दायित्व-९ | २०४६ |
| कथा | पाना नं. ८४ बाट | विश्व उद्यान अङ्क-९ | २०४६ |
| समीक्षा | कृष्णप्रसाद पराजुली आस्थाका आयाम भित्र चाहार्दा | जनजागृति साप्ताहिक | २०४६ पुष १० |
| निबन्ध | डेरावाल | नौलोकोसेली-१० | २०४७ |
| कृति परिचय | हृदयका फूलहरु | युग सन्देश | २०४७ |
| कविता | दशैँ | नयाँ विहानी १।१ | २०४७ |
| समालोचना | छद्म नामका धनी श्यामप्रसाद शर्मा | लहर अङ्क - २३ | २०४७ |
| राजनीति | प्रजातान्त्रिक जनआन्दोलनमा प्रध्यापकको भूमिका | युग सन्देश साप्ताहिक वर्ष ७ अङ्क २१ | २०४७ जेठ ३० |
| समालोचना | बालकोसेली भित्रका कवि युद्ध प्रसाद मिश्र | आलोचना १।२ | २०४८ |
| समीक्षा | कथाकोसेली १ | नौलो कोसेली १२ | २०४९ |
| समालोचना | युग धारा भित्रका कवि जगदीश चन्द्र भण्डारी | उपासना चौथो, भेरी | २०४९।०५० |
| कविता | भक्तपुर-६ | स्मारिका | २०५० |
| कविता | बहुदलको जल | नौलो कोसेली-१३ | २५० |
| समालोचना | समसामूहिक नेपाली व्याकरण बारे | कान्तिपुर दैनिक | २६ भदौ २०५० |
| कृति परिचय | बादल धरती र आस्थाहरु | अस्मिता रजन अङ्क ७।३५ | २०५१ |
| कथा सङ्ग्रह | न्यायको युद्धको भूमिका लेखन ( सुवासचन्द्र अधिकारीको) | युगदेवी अधिकारी | २०५१ |
| प्रतिवेदन | अर्घाखाँचेली भाषिकाको अध्ययन | अनुसन्धान प्रतिवेदन | २०५१-२०५३ |
| कविता | मनोकामना | कुसुम १।१ | २०५३ |

| | | | |
|---|---|---|---|
| समालोचना | वैद्यको चौरासी ब्यञ्जन (ल ल ख कविता सङ्ग्रहको विवेचना) | समाचारपत्र दैनिक | २०५३ मंसिर १९ |
| समालोचना | साहित्यकार चुडामणि रेग्मी र उनका कृति र कृतिको अध्ययन | जनमत अङ्क ५४ | २०५३।५४ |
| समालोचना | शङ्कै शङ्कामा रुमलिलएका कवि केवलपुरे किसान | प्रेलेस वर्ष ४ पूर्णाङ्क १० | २०५४ |
| कृति समीक्षा | प्रगतिवादी नेपाली लेखनमा कविता रेखाङ्कन र मूल्याङ्कन | कम्युनिष्ट ३/३ | २०५५ |
| संस्मरण | रमला सायमीः सम्झनाको तरेलीमा | रमला स्मृति पुस्तक | २०५६ |
| निबन्ध | जेलमा बिताएका बीस दिन | झिसमिसे पूर्णाङ्क ३५, वर्ष २२ | २०५७ |
| कथा | खरिदार लक्ष्मीभक्त | नौलो कोसेली १८ | २०५७ |
| आत्मसंस्मरण | काफल गेडी कुटुक्क | शैक्षिक जागरण | २०५८ |
| समालोचना | कृष्णसेन इच्छुक र काव्य भावधारा | स्वर्णद्वार २८।६ | २०६० |
| कृति समीक्षा | भक्तपुरको नवदुर्गा गणः एक विहङ्गम दृष्टि | मजदुर दैनिक | २०६० असोज १ |
| निवन्ध | पिपल दनदन बलिरहेछ | खोपृङ अङ्क १२ | २०६१ |
| सह सम्पादन | स्वीस प्रजातन्त्रः द्वन्द्वको समाधान | | २०६२ |
| समालोचना | नेपाली महाकाव्य परम्परामा नारायण गोतारेको स्वराष्ट्रका विरेन्द्र महाकाव्य | जनमत २२।६ | २०६२ |
| समीक्षा | श्रृङ्खला मासिकबारे एक चर्चा | श्रृङ्खला मासिक | २०६२ |
| कविता | मृत्यु जीवन | मजदुर दैनिक | १५ मंसिर २०६२ |
| कविता | नगरकोट | मजदुर दैनिक | १ माघ २०६२ |
| कविता | वर्डफ्लु | मजदुर दैनिक | १४ चैत्र २०६२ |
| कविता | मृत्यु जीवन (डा. पुष्पराज चालिसे | पराग समूह | २०६३ |

| | | | |
|---|---|---|---|
| | स्मृति-ग्रन्थ) | | |
| समालोचना | जनकको सृष्टि एक दृष्टि | गरिमा २४।५ पूर्णाङ्क १८१ | २०६३ |
| सम्पादकीय | निसाना कविता सङ्ग्रहको सम्पादकीय | निसाना | २०६४ |
| समालोचना | श्यामप्रसाद शर्माको पहिलो कृति जुत्ता बेचे पसलमा बारे | संस्कृति अङ्क-६ | २०६४ |
| समालोचना | आनन्ददेव भट्ट जीवनीपरक अध्ययन ( आदेम अक्षरको अभिवादन) | ज्ञानगुन साहित्य प्रतिष्ठान | २०६४ |
| समीक्षा | सम्पादकीय (निसाना) | दिलसुन्दर दुर्गालक्ष्मी श्रेष्ठ | २०६४ |
| समालोचना | प्रगतिवादी नेपाली साहित्यको परम्परा | भृकुटी पू. १५ | २०६५ |
| समीक्षा | व्यङ्ग्य विनोदको भूमिका (नारायण गोतारेको) | सुमित्रा बाँस्कोटा | २०६५ |
| सह सम्पादन | निसान | कविता सङ्ग्रह | २०६५ |
| संस्मरण | जन्ती र मलामीको सङ्कट | सिद्धार्थ १६।३ | २०६६ |
| समालोचना | बालसाहित्य र यसको सिद्धान्त | सार्दुल स्मारिका १।१ | २०६७ |
| अन्तरङ्ग | जनकजीसँगको सानिध्य | जनकप्रसाद हुमागाई स्रष्टा एक द्रष्टा अनेक | २०६७ |
| बालकथा | कमला माईको कृपा | हाम्रो बाल बगैंचा ३।९ पू. ३२ | २०६८ |
| समीक्षा | श्रृङ्खला मासिकबारे एक चर्चा | श्रृङ्खला ३५।७ | २०६८ |
| प्रतिवेदन | मैथिल ब्राह्मणको संस्कारिक अध्ययन | अनुसन्धान प्रतिवेदन | २०६९ |
| समालोचना | शङ्कै शङ्का सङ्ग्रहको सापेक्ष स्वर | जनकवि केवलपुरे किसान स्मृति ग्रन्थ | २०६९ |
| निबन्ध | हाम्रो गौरव | गम्भीर समुन्द्र सेतु उ.मा.वि. | २०६९ |
| समीक्षा | सम्बन्धका सुत्रधार (शान्तदास मानन्धर-अङ्क १) | ज्ञानगुनका कुरा माघ १५९ | २०६९ |

| | | | |
|---|---|---|---|
| प्रतिवेदन | मेचे जातिको भाषिक एवं सांस्कारिक अध्ययन | अनुसन्धान प्रतिवेदन | २०६९ |
| राजनीतिक लेख | भीमदाइको अवसानले उठाएका तरङ्गहरु (भीम बहादुर तामाङ्को स्मृतिमा) | स्टार एक्सप्रेस | २०६९ |
| समालोचना | पश्चिमाअञ्चलमा प्रचलित बाल लोकगीत/ कविता | श्रृङ्खला ६४ | २०६९ |
| समीक्षा | हौचे कान्छोसँगको क्षण | श्रृङ्खला ६९ | २०६९ |
| समालोचना | सेतो धरतीको भोगवादी दृष्टिकोण | लोक भावना त्रै ७४ पू. २५ | २०७० |
| समालोचना | रुद्र खरेलको शब्दको भ्वाङको व्यङ्यचेतना | शब्द संयोजन १०।१२ पू. ११९ | २०७० |
| समालोचना | सकसको साङ्गः एक समीश्रण | संज्ञान २।२ | २०७० |
| संस्कृति | आशापुरी आस्थाको धरोहर | छिमेकी ३ | २०७० |
| समालोचना | पूर्विय महाकाव्यिक मान्यताको कसीमा महार्चन महाकाव्य | श्रृङ्खला ७८ | २०७० |
| समालोचना | सेतो धर्तीले भ्याएको सुनामी | दायित्व वर्ष २८ पू. ८९ | २०७१ |
| समालोचना | राम विनयका कवितामा जैविक चिन्तन | साहित्यिक मासिक | २०७१ |
| समालोचना | झिगाँ फिरिरिको अन्तरङ्गको आची खसालेर झिगाँ फिरिरि पुस्तकको भूमिका | आची खसालेर झिगाँ फिरिरि | २०७१ |
| व्याकरण-समीक्षा | अनुकरणात्मक शब्दहरुको अनुच्छेदात्मक लेखन | सूर्य - ४ | ने.सं. ११११ |
| सह सम्पादन | अरुणोदय, विश्व उद्यान झिसमिसे असिम | - | - |

यस अध्ययनमा फुटकर रचनालाई अध्ययन विश्लेषणभित्र समवेश गरिएको छैन । उनका पुस्तकाकार कृतिहरुको बारेमा मात्र तल क्रमशः व्याख्या, विश्लेषण गरिएको छ :

### ४.३.१ श्यामप्रसादः विश्लेषण र मूल्याङ्कनको अध्ययन

**श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन** धर्मराज अधिकारीको पुस्तककार रुपमा प्रकाशित पहिलो समालोचनात्मक कृति हो । यो वि.सं. २०४७ सालमा नेपाल मैत्री प्रकाशनबाट प्रकाशित भएको हो । अधिकारीले स्नाकोत्तर तहको आठौं पत्रको लागि तयार पारेको श्यामप्रसाद शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन सम्बन्धी शोधपत्रलाई श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन शीर्षकमा पुस्तकका रुपमा प्रस्तुत गरेका हुन् । यो पुस्तकमा १४४ पृष्ठ रहेको छ । यस पुस्तकमा उनले श्यामप्रसादको जीवनी, व्यक्तित्व र कृतित्वलाई पाँच परिच्छेदमा विभाजन गरी हेर्ने प्रयत्न गरेका छन् ।

पहिलो परिच्छेदको श्यामप्रसाद शर्माको जीवनीमा श्यामप्रसादको जन्म १९८६ मा भएको हो । उनी ब्राह्मण कुलमा जन्मेका, सानै छँदा आमाको मृत्यु भएको कारण धेरैजसो बाल्यकाल मावलीमा बितेको थियो । घरमै अक्षरारम्भ गरेका श्यामप्रसाद तीक्ष्ण बुद्धिका हुँदाहुँदै पनि आर्थिक र राजनीतिक कारणले गर्दा म्याट्रिकुलेशन सम्मको पढाइ अधुरै रहे तापनि स्वाध्यायनबाटै अंग्रेजीमा समेत दक्षता हासिल गर्छन् । राष्ट्रिय अन्तराष्ट्रिय राजनीतिक परिस्थितिबाट प्रत्यक्ष परोक्ष रुपमा प्रभावित उनी आर्थिक समस्या टार्न घण्टौं कराउँदै पत्रिका बेच्दा यसको अप्रत्यक्ष प्रभाव उनको लेखनमा पर्छ । गान्धीको जीवन शैलीबाट प्रभावित उनी प्रेमचन्द्र लगायतका महापुरुषको लेख रचना पढ्न थाल्छन् । फलस्वरुप विभिन्न लेख रचना, अनुवादको रचना २००५ सालदेखि गर्न थालनी गर्छन् । लेखनको साथै उनी सामाजिक राजनीतिक गतिविधिमा क्रियाशील हुन पुग्छन् । आफूलाई देशभक्त ठानी देशभक्तका नामबाट स्वास्थ्य रक्षा, गाउँको सफाइ आदि पुस्तकहरुको माध्यमबाट सन्देश फैलाउने काम गर्छन् । आर्थिक समस्याले घेरिएका श्यामप्रसादले पत्रपत्रिका सम्पादन र प्रकाशन गर्छन् । समाज र देशको निम्ति समर्पित श्यामप्रसाद देश र जनताका निम्ति लड्दा उनी तिन पटकसम्म जेल पर्छन् । उनको पहिलो विवाह सफल नभएपछि उनले दोस्रो विवाह गर्छन् र उनका दुइवटी छोरी जन्मन्छन् । यसै क्रममा उनी जागिर खाँदै विविध साहित्यिक पत्रपत्रिका समेत प्रकाशन गर्छन् र यसैको सिलसिलामा देश विदेशको भ्रमण पनि गर्छन् । यिनै कार्यहरु गरेवापत् उनलाई पुरस्कार सम्मान पनि गरिन्छ । उनको दाम्पत्य जीवन भने दुःखमय नै बित्छ । आफ्नी दोश्रो श्रीमती शशिकलासँग सम्बन्ध बिच्छेद भएपछि उनी गृहत्याग गरी अज्ञात जीवन बिताउँछन् भन्दै उनका प्रकाशित अप्रकाशित कृति विवरण समेत प्रस्तुत गरिएको छ ।

दोश्रो परिच्छेद श्यामप्रसाद शर्माको व्यक्तित्वमा पुड्को कद, लाम्चिलो, हँसिलो अनुहार भएका शर्मा सहयोगी, मिलनसार सुखमा नआत्तिने दुःखमा नमात्तिने टाइमटेबुल अनुसार काम गर्ने स्वभाव भएका शर्मा सामाजिक राजनीतिक क्षेत्रमा पनि सक्रिय रहेको थिए । गान्धीवादी चिन्तन र

मार्क्सवादबाट प्रभावित शर्माले सामाजिक पृष्ठभूमिमा राजनीतिक व्यक्तित्वको विकास गरेका थिए । अर्थिकभार कम गर्न पत्रकारितामा लागेका शर्मा मोफसलका पहिलो पत्रकार र विदेशमा नेपालीको प्रतिनिधित्व गर्ने प्रथम नेपाली पत्रकार हुने अवसर प्राप्त गर्छन् भनिएको छ (अधिकारी, २०४७: ३०) ।

अधिकारीले श्यामप्रसादको निजी व्यक्तित्व, सामाजिक व्यक्तित्व र पत्रकार व्यक्तित्व उनको महत्त्वपूर्ण र आकर्षक व्यक्तित्व हो भनेका छन् भने श्यामप्रसादका सृजनशील साहित्यिक व्यक्तित्वका पाटाहरुमा कवि, व्यक्तित्व, डायरी साहित्यकार व्यक्तित्व, सम्पादक व्यक्तित्व, निवन्धकार व्यक्तित्व, अनुवादक व्यक्तित्व पनि उत्तिकै प्रभावशाली व्यक्तित्व हो भनेर उल्लेख गरेका छन् साथै उनको द्रष्टा व्यक्तित्वमा सैद्धान्तिक द्रष्टा व्यक्तित्व, आलोचकीय द्रष्टा व्यक्तित्व, पथप्रदर्शक व्यक्तित्व, भाषण प्रवचन व्यक्तित्व पनि शर्मामा विद्यमान महत्त्वपूर्ण र गरिमामय व्यक्तित्व हो भन्दै अधिकारीले शर्माको बहुमुखी व्यक्तित्वका विविध पक्ष र आयाममाथि प्रकाश पार्ने प्रयास गरेका छन् । साथै शर्मा प्रगतिवादी साहित्यिक इतिहासका एक प्रमुख अंश र प्रेरणाका स्रोत हुन् । उनका विचार, कार्यशैली र गुणबाट प्रशस्त व्यक्ति प्रभावित भएको, उनलाई श्रद्धेय गुरु मानेको निष्कर्ष निकालेका छन् ।

तेस्रो परिच्छेद लेखक श्यामप्रसाद शर्माको कृतित्वको अध्ययनमा अधिकारीले शर्माको लेखन यात्रालाई तिन चरणमा विभाजन गरेका छन् । पहिलो चरण सुरुदेखि २००३ सम्म (पृष्ठभूमिकाल) यो काल उनको वैचारिक र साहित्यिक पृष्ठभूमिको निर्माणमा बितेको पाइन्छ र यसमा लेखकबाट उनको बाल्य शैशव किशोर अवस्थामाथि विहङ्गम दृष्टि दिइएको छ । अनि दोस्रो चरण २००४ देखि ११ सम्म र तेस्रो चरण २०१२ देखि २०२४ लाई मानी तिनलाई पनि विभिन्न उपचरणमा विभाजित गरेर उनको हिन्दी कविताको अनुवाद सन्देशलाई पहिलो साहित्यिक पाइला मानी विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कविता लेख-रचनाहरुद्वारा नै साहित्यिक जीवनको सुरुवात मानेर, दोश्रो चरणका उपचरणहरुमा क्रमशः सामाजिक चेतनाको प्रादुर्भाव, वैयक्तिक कुरालाई पनि सामाजिक परिप्रेक्ष्यमा हेर्ने क्षमताको विकास स्थिति मानिएको छ । र तेस्रो चरणमा राजनीतिक सचेतना, चिन्तन प्रक्रिया, सामाजिक अवबुद्धता र वैचारिक स्थिरताको क्रममा सैद्धान्तिक, आलोचनात्मक द्रष्टा व्यक्तित्वका रुपमा चर्चित हुँदै अझ तीव्र समाज बोध गर्दै मार्क्सवादी, भौतिकवादी मान्यतालाई दृढ रुपमा अँगाल्ने प्रगतिवादी साहित्यका प्रमुख संस्थापकका रुपमा मानिएको छ भने शर्माको फुटकर कवितामा, मनोरञ्जन गरौं, के फाइदा र !, सबै नजाती हुँदैनन्, सत्यको बाटो, सन्देश, कृषि उद्धार, यथार्थवाद नै लिऊँ, तिमी कतापट्टि, खिया लागेको प्रतिज्ञा,

मङ्सिर, म तिमीलाई ढाँटदिन, मानिसको खोलभित्रका बारेमा अधिकारीले सङ्क्षिप्त परिचय र भाव, भाषाशैलीको चर्चा र मूल्याङ्कन गरेका छन् । शर्माको फुटकर गीत, सम्पादकीय लेख, डायरी साहित्य, फुटकर डायरी साहित्यहरु, निबन्धहरु र सैद्धान्तिक लेख र अन्य आलोचना साहित्यमा लेखक कसरी बन्ने ‘साहित्य सम्बन्धी दुइचार कुरा’, ‘साहित्यका पात्र पात्रीहरु’, ‘पाँच जरुरी कुरा’ जस्ता आलोचनात्मक किताबको साथै फुटकर लेख र आलोचनाको साथै उनका अनुदित कृतिहरुको साथै साहित्य तर कृतिहरुको समेत परिचय र मूल्याङ्कन गरेका छन् भने भाषाशैलीको बारेमा समेत उल्लेख गरेका छन् ।

चौथो परिच्छेदलाई ‘साहित्यकार श्यामप्रसाद शर्माको मूल्याङ्कन’ भनेर नेपाली निबन्ध परम्परामा निबन्धकार श्यामप्रसाद शर्माको प्रवेशको चर्चा गर्दै पूर्ववर्ती, समवर्ती र उत्तरवर्ती निवन्धकारका सापेक्षमा प्रगतीवादी निबन्धकार श्यामप्रसाद शर्मा भनेर लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, रमेश विकल, कृष्णचन्द्रसिंह प्रधान, बालकृष्ण पोखरले, गणेशबहादुर प्रसाई, सरिता ढकाल, कृष्ण प्रसाद पराजुली आदि निवन्धकारहरुसँग तुलना गरेका छन् । हृदयचन्द्रसिंह र देवकोटामा जस्तो कलाभावको समन्वय नपाइए तापनि प्रगतिवादिताको चेत बढी र धेरथोर कलात्मक चेत पाइन्छ भने परिणाम र गुणस्तरका दृष्टिले श्यामप्रसाद शर्मा हृदयचन्द्रसिंह पछिका प्रगतिवादी निबन्धकार ठहरिन्छन् भनेर शर्माका निबन्धको मूल्याङ्कन र प्रगतिवादी समालोचकको रुपमा पनि श्यामप्रसादलाई प्रगतिवादी सिद्धान्तलाई अवलम्वन गर्दै सधैं जनसाहित्यको वकालत गर्ने, समाज र साहित्यलाई परस्पर सम्बन्धको रुपमा हेर्ने, सामाजिक यथार्थवाद र प्रगतिवादलाई मुख्य रुपमा हेर्ने, निर्णयात्मक निष्कर्षमा पुग्न सक्ने सृजनात्मक आलोचनाका अनुयायी वस्तुवादी सैद्धान्तिक आलोचक र साहित्य चिन्तनको गहिराइ खोतल्न सक्ने भए तापनि श्यामप्रसादका समालोचनात्मक प्रवृत्तिहरुमा पूर्णता नपाइने हुँदा श्यामप्रसादको यस क्षेत्रमा निजी वैशिष्ट्य रहेको, उक्त वैशिष्ट्यले गर्दा शर्मा प्रगतिवादी सैद्धान्तिक समालोचनाको क्षेत्रमा हृदयचन्द्र र कृष्णचन्द्र पछिका प्रमुख प्रतिभा ठहरिन्छन् भनेर अधिकारीले शर्माको मूल्याङ्कन गरेका छन् (पूर्ववत्: १३३) ।

पाँचौ परिच्छेदलाई उपसंहारको रुपमा लिएर शर्माको जीवनी, व्यक्तित्व, कृतित्व विवेचनाको निष्कर्ष दिइएको छ ।

प्रस्तुत पुस्तकमा साहित्यकार श्यामप्रसाद शर्माको जीवनी विवरण, कृति विवरण सहित व्यक्तित्वको विस्तृत अध्ययनका साथै उनका कृतित्वको विश्लेषण र मूल्याङ्कन गर्दै नेपाली साहित्यमा उनको स्थान र योगदानको निरुपण गर्ने प्रयत्न गरिएको छ ।

### ४.३.२ आँखीझ्यालबाट हेर्दा श्यामप्रसाद शर्माको अध्ययन

समालोचक अधिकारीको दोश्रो समालोचना कृतिको रुपमा प्रकाशित यो कृति वि.सं. २०६३ सालमा रमला स्मृति कोष, नक्साल र साहित्य सेवासदन कमलपोखरीबाट संयुक्त रुपमा प्रकाशित भएको हो । यो पुस्तक ७३ पृष्ठमा संरचित छ । यस पुस्तकलाई तिनवटा शीर्षकमा विभाजन गरी अन्त्यमा सन्दर्भ कृतिसूची समेत प्रस्तुत गरिएको छ । यो पुस्तक अधिकारीको अहिलेसम्म नजरमा परेका श्यामप्रसाद बारे ठुलो सानो चर्चा लेखन र अनुसन्धान गर्नेहरुका (११५ जना) को लेख रचनालाई आधार बनाएर तिनको सारसंक्षेप र टिपोटको रुपमा तयार गरिएको छ ।

पहिलो शीर्षक 'सम्मति' मा प्रगतिशील/ प्रगतिवादी मूर्धन्य लेखक श्यामप्रसादको अनुशासित संघर्षपूर्ण जीवनको संक्षिप्त परिचय दिदैं 'आँखीझ्यालबाट हेर्दा श्यामप्रसाद शर्मा' भन्ने यो ग्रन्थलाई 'श्यामप्रसाद वाङ्मय संक्षिप्त कोश' भन्न सकिने, श्यामप्रसादबारे जान्न चाहनेलाई यो ग्रन्थ सहायक सामग्री हुने, यो पुस्तकले नेपाली बौद्धिक समाजलाई वैज्ञानिक, वस्तुवादी, यथार्थवादी दिशामा हिड्न प्रेरित गर्ने भन्दै आलोचक अधिकारीलाई समालोचक यात्राको लागि शुभकामना दिँदै आनन्ददेव भट्टले यस पुस्ताको परिचय गराएका छन् ।

दोश्रो शीर्षक आफ्नै कुरामा यस ग्रन्थका लेखक धर्मराज अधिकारीले प्रगतिवादी धाराको एक प्रखर व्यक्तित्व श्यामप्रसादले साहित्यको सबै क्षेत्रमा कलम चलाए तापनि सैद्धान्तिक समालोचनामा सिद्धहस्त रहेको, बहुभाषी, जेल र भूमिगत रहँदा पनि साहित्य लेखनलाई निरन्तरता दिएको चर्चा गर्दै श्यामप्रसादबारे चर्चा, परिचर्चा, टिप्पणी समीक्षा हुँदै आएको उनीसँग अन्तवार्ताको लहरै चलाएको उनको मुख्य विधा निबन्धबारे बढी व्याख्या विश्लेषण गरिएको, उनको समग्र वस्तुनिष्ठ अध्ययन, विश्लेषण मूल्याङ्कन हुन बाँकी रहेको भन्दै यस पुस्तकमा श्यामप्रसादबारे भएका अवधारणा, टिपोट, समीक्षा, अन्तरङ्ग प्रसङ्ग आदि जे जति उपलब्ध भएका छन् तिनलाई सप्रमाण प्रस्तुत गरेको चर्चा गरिएको छ ।

तेस्रो शीर्षक 'आँखीझ्यालबाट हेर्दा' मा श्यामप्रसाद बारे विभिन्न व्यक्तिहरुले गरेका चर्चा-परिचर्चालाई क्रमशः प्रस्तुत गरिएको छ । श्यामप्रसादको योगदानको बारेमा चर्चा गर्नेमा सर्वप्रथम टंकप्रसाद आचार्य (२००६) हुन् । उनले जेलको कालकोठरीबाट श्यामप्रसादलाई लेखेको पत्रमा तत्कालीन देशको परिस्थिति सुधार्न राजनीतिमा शुद्धता हुनुपर्ने, सामाजिक आर्थिक परिवर्तनले राजनीति परिवर्तन हुने मार्क्सवादी र बी.पी.सँग सहमत नभएको र श्यामप्रसादबाट गरिनुपर्ने महत्त्वपूर्ण कार्यबारे जानकारी गराएका छन् (अधिकारी, २०६३:५) ।

कलानाथ अधिकारी (२०११) ले श्यामप्रसाद शर्माद्वारा लिखित 'बहिनीलाई चिठी' र 'लेखक कसरी बन्ने' कृतिबारे समिक्षात्मक टिप्पणी गरी यी दुई कृति भावमा गरिरिनेलाई मार्गदर्शन हुने बताएका छन् । गणेशबहादुर प्रसाई (२०१८) ले तँ - तिमी, तपाइँ हजुर निबन्ध देवकोटा, सम र हृदयचन्द्रका निबन्धको स्तरको भएको मूल्याङ्कन गरेका छन् । रामलाल अधिकारी (२०३३) ले नेपाली निबन्धयात्रामा श्यामप्रसादको भाषाशैली सरल, सरस, सुन्दर भएको र काम चाहने नाम नचाहने व्यक्तिको रुपमा श्यामप्रसादलाई चिनाएका छन् । कुमार बहादुर जोशी (२०३८) ले देवकोटा, सिद्धिचरण, केदारमान, गोपालप्रसाद आदि प्रगतिवादी साहित्यकारहरुभित्र शर्माको नाम समावेश गरेका छन् । भानुभक्त पोखरेल (२०४०) ले सिद्धान्त र साहित्यमा श्यामप्रसादलाई हृदयचन्द्रको बिडो थाम्ने निबन्धकार भनेका छन् । राजेन्द्र सुवेदी (२०४०) ले नेपाली निबन्ध संक्षिप्त अध्ययनमा हृदयसिंहले आरम्भ गरेका प्रगतिवादी र ब्यङ्ग्यात्मक प्रस्तुतीकरणलाई २००७ सालपछि उचाल्दै लगेका श्यामप्रसाद नेपाली निबन्ध साहित्यका निजात्मक फाँटका एक प्रतिनिधि भनेका छन् । रमेश विकल (२०४२) ले नेपाली साहित्यमा प्रगतिशील साहित्य र श्यामप्रसाद अन्योन्याश्रित रुपमा रहेका भन्दै श्यामप्रसादको उच्च मूल्याङ्कन गरेका छन् । अभि सुवेदी (२०४६) ले आत्मपरक निबन्धमा श्यामप्रसादको स्थान अद्वितीय रहेको, देवकोटा, हृदयचन्द्र, शंकर लामिछानेको दाँजोमा पाठकलाई गहिरो छाप छोड्नमा शर्माको निबन्ध सफल रहेको भनेका छन् । कृष्ण प्रसाद पराजुली (२०४६) ले 'तँ-तिमी, तपाइँ-हजुर का 'स्रष्टा र सिर्जना' शीर्षक लेखमा श्यामप्रसादको निजी व्यक्तित्वको चर्चा गर्दै साहित्यकारलाई साहित्य लेखनमा सघाउने शर्मा प्रतिनिधि निबन्धकार रहेको र तँ-तिमी, तपाइँ-हजुर निवन्धको विषयवस्तुको बारेमा भनेका छन् । गंगाप्रसाद उप्रेती (२०४६) ले श्यामप्रसाद जनसाहित्यको सिर्जनाकार भएको बताएका छन् । गोविन्द भट्ट (२०४६) ले नेपालको निर्माण गर्न साहित्यलाई सबल हतियार बनाउने श्यामप्रसाद जस्तो व्यक्ति कुनै पनि देशको लागि सम्माननीय व्यक्ति हुने बताएका छन् । जनकप्रसाद हुमागाइँ (२०४६) ले बहुआयामिक व्यक्तित्व भएका शर्माका रचनाहरु विभिन्न मुलुकमा प्रकाशित भएको भन्दै तँ-तिमी, तपाई-हजुरको वखान गरेका छन् । तारानाथ शर्मा (२०४६) ले 'पराजुलीप्रतिका मेरा धारणा' शीर्षकको लेखमा शर्मालाई कृष्णप्रसाद पराजुलीसँग दाँजेर हेरेका छन् । वादेपा (२०४६) ले श्यामप्रसादबारे प्रासङ्गिक टिप्पणी गर्दै नयाँ समाज पत्रिका २०१४ मा काम गर्ने श्यामप्रसादको शैक्षिक उपाधि नभए पनि अँग्रेजी, नेपाली राम्रो भएको अभिव्यक्ति दिएका छन् । शिव रेग्मी (२०४६) ले अतीतको पातो स्तम्भ अन्तर्गत, 'सेवा सदन र सेवा पत्रिका' शीर्षकमा शर्माले २००२ मा खोलेको 'सेवा सदन नामको संस्थाले जनचेतना फैलाउने काम गरेको भन्दै सेवा सदनको स्थापनाबारे जानकारी गराएका छन् ।

साप्ताहिक नेपाली आवाजमा गोविन्द वर्तमान २०४७ ले श्यामप्रसादको व्यक्तित्वको कदर गरेका छन् । गौरी प्रधान (२०४७) ले २३ वर्षे भूमिगत जीवन बिताएका शर्माको बालसाहित्यमा योगदान महत्त्वपूर्ण रहेको भनेका छन् । धर्मराज अधिकारी (२०४७) ले 'लहर' १३/२३ मा छदमनामका धनी श्यामप्रसाद शर्मा शीर्षकको लेखमा विभिन्न उपनामले साहित्य र वैचारिक लेखहरु लेखेको जानकारी दिएका छन् । वादल शर्मा (२०४७) ले श्यामप्रसाद भूमिगत हुँदा (२०४७) शीर्षकमा छापिएको लेखमा २०४७ पुस १३ गते सार्वजनिक भएका शर्माप्रति विभिन्न व्यक्तित्वले श्रद्धाशब्द अर्पण गरेको उल्लेख छ । मार्क्सवादी स्वतन्त्र अध्ययन मंच नेपाल (२०४७) ले विद्यार्थी साथीहरुसित दुई चार कुरा नामक श्याम प्रसादको कृतिको 'श्यामप्रसाद संक्षिप्त' र प्रकाशकीयमा श्यामप्रसादलाई बुझ्न विचारको पिँधमा पुग्नुपर्ने बताइएको छ । रामहरि पौडेल (२०४७) ले शर्माको कवि व्यक्तित्वमाथि प्रकाश पार्दै आफ्नो जीवनशैली र कृतित्व दुबैमा वैचारिक ह्रास र विचलन नआउनु उनको महानता भएको निष्कर्ष निकालेका छन् । विष्णु प्रभात (२०४७) ले श्यामप्रसादको भनाई 'चलन त्यसै चल्दैन चलाएपछि चल्छ' को ब्याख्या गर्दै साहित्यको माध्यमबाट नेपाली जीवनलाई नयाँ ज्योति दिने काममा अग्रसर रहेको श्यामप्रसाद प्रगतिवादी सांस्कृतिक क्षेत्रमा नेतृत्व दिनुपर्ने निर्बिकल्प व्यक्ति रहेको व्यक्त गरेका छन् (पूर्वबत् : ७२) । जनकप्रसाद हुमागाई (२०४८) ले 'मकहाँ भरे एकजना साथी आउँदै हुनुहुन्छ' भन्ने निबन्धमा भूमिगतबाट बाहिर आएका श्यामप्रसादको आगमनको उल्लेख गरेको चर्चा गरेका छन् । लीलासिंह कर्मा (२०४८) ले 'सुखानूभुतिको त्यो मन्दिर' शीर्षकको लेखमा श्यामप्रसाद शर्माबारेका विभिन्न अवधारणाहरुलाई प्रस्तुत गरेका छन् । विष्णु प्रभात (२०५१) ले 'प्रगतिशील लेखनः हिजो र आज' शीर्षकको लेखमा प्रगतिवादी लेखन र लेखक संघले गरेको कार्यको चर्चा गरेका छन् । कोमलप्रसाद पोखरेलले (२०५३) श्यामप्रसाद गहकिलो निबन्ध लेख्ने व्यक्तित्व भएको उनको तँ-तिमी, तपाइँ-हजुर सर्वोत्कृष्ट कृति भएको बताएका छन् । गंगाराम ढुंगेल (२०५३) ले प्रगतिशील लेखक संघ (२००९) को र श्यामप्रसादको योगदान अविष्मरणीय रहेको, लेखक कसरी बन्ने कृतिको समीक्षा गर्दै साहित्यको विविध विधामा कलम चलाई गुन लगाएको छन् भनिएको छ । रामप्रसाद ज्ञवाली (२०५३) ले श्यामप्रसादको निस्वार्थ भावनाको कदर गर्दै श्यामप्रसादका विविध व्यक्तित्वलाई प्रस्तुत र मूल्याङ्कन गरेका छन् । विश्वकुमार शर्मा (२०५३) ले 'गीति क्षेत्रको अर्को उपलब्धि मेरा गीतहरु तिम्रा स्वरहरु' शीर्षकको लेखमा श्यामप्रसादको गीतको बारेमा चर्चा गरेका छन् । जगदीशचन्द्र भण्डारी (२०५५) ले 'प्रगतिवादी नेपाली कविताः रेखाङ्कन र विश्लेषण' मा श्यामप्रसादका कवितामा प्रगतिवादी प्रवृत्ति र जनसंवेदना उमार्ने भाषिक प्रयास पाइन्छ भनिएको छ । नमिता चपाइँ (२०५५) ले श्यामप्रसादको 'महिला मुक्तिका कुरा' नामक पुस्तकबारे चर्चा गर्ने

क्रममा यस कृतिमा लेखकले उठाएको प्रश्नको उत्तरहरुको उल्लेख गरिएको छ । मदन (२०५६) ले श्यामप्रसाद शर्माको 'मेरी आमा' निबन्ध अध्ययन गरेपछि शीर्षकको समीक्षात्मक लेखमा लेखकले आफ्नी आमाको लगावको बारेमा लेखेको चर्चा गरेका छन् । केशव खनाल (२०५८) ले अपरेशन स्तम्भमा बितेको पचास वर्ष श्यामप्रसादको कलम अविश्रान्त जनताले हकहितको लागि चलेको प्रलेससँगको उनको संलग्नता एवं नेतृत्वदायी भूमिकाको बारे प्रकाश पारेका छन् । गोपीन्द्र पौडेल (२०५९) ले 'श्यामप्रसाद प्रलेसदेखि मुक्ति पुरस्कारसम्म' शीर्षकको लेखमा शर्माका प्रमुख वैचारिक तथा सिर्जनात्मक मोडहरुको बारे चर्चा गरेका छन् । जनकप्रसाद हुमागाइँ (२०६०) ले कवि केवलपुरे किसानको चर्चा गर्ने क्रममा उनीसँग भेटाउने व्यक्ति श्यामप्रसाद भएको, यी दुईबिच समानता रहेको उनले पनि श्यामप्रसादसँग मिलेर जनताका लागि काम गरेको, शर्माले दिएको निर्देशन फलदायी रहेको उल्लेख गरेका छन् । अच्युतरमण अधिकारी (२०६१) र र घनश्याम न्यौपाने (२०६१) ले श्यामप्रसादको जीवनी, व्यक्तित्वबारे चर्चा र मूल्याङ्कन गरेका छन् (पूर्वबत्: ५८) । निलबहादुर खड्का (२०६१) र पोषराज पौडेल (२०६१) ले श्यामप्रसादको निजी र बाह्य व्यक्तित्वको बारेमा लेखेका छन् । बद्री कोइराला (२०६१) ले तरुण (२०६१) कार्तिक पत्रिकाको 'फन्को मार्दा' स्तम्भ अन्तर्गत 'साहित्यबाट समाज सुधार चाहने साहित्यकार' शीर्षकमा श्यामप्रसादका विभिन्न चरण र संबद्ध कथनलाई प्रस्तुत गरेका छन् । राजेन्द्र सुवेदी (२०६१) ले जटिल जीवन र प्रतिकूल परिस्थितिका भुक्तभोगी श्यामप्रसादको जीवनीपरक अध्ययन गर्दै समालोचनाको क्षेत्रमा उनको प्रखरताको मूल्याङ्कन गरेर सिर्जनाका फाँटका उनी अत्यन्त आदरणीय इमान्दार व्यक्तित्व ठहर गरेका छन् । सिविन (CWIN) (२०६१) ले बालसाहित्यमा पुऱ्याएको योगदानको सम्मान गर्दै सम्मान प्रकट गरेको उल्लेख छ । गोविन्द भट्टले शर्माको चारित्रिक विशेषताको चर्चा गर्दै उनी अनुकरणीय भएको साहित्यको आधुनिक कालका एक महारथी एवं शिखर व्यक्तित्वका रुपमा स्थापित भएको टिप्पणी गरेका छन् । चूडामणि रेग्मी (२०६२) ले 'मैले साह्रै, मानेका श्यामप्रसाद' शीर्षकको लेखमा ५० वर्षको प्रगतिशील साहित्यको सर्वाधिक चर्चित व्यक्ति श्यामप्रसाद भएको उल्लेख गरेका छन् । 'वैचारिक निष्ठाका सगरमाथाः श्यामप्रसाद' शीर्षकको लेखमा जगत् प्रेक्षित (२०६२) ले श्यामप्रसाद महिला मुक्तिको बारेमा उठाएका गहन विषयमाथि टिप्पणी गर्दै जनताका शत्रुसँग मायाप्रेम र विवाह नगर्न अनुरोध गरेको उल्लेख गरेका छन् । झमक घिमिरे (२०६२)ले 'अक्षरका माध्यमबाट चिनिएका श्यामप्रसादका रचनाले भाषा, साहित्य, कर्म र मेहेनतका कुरा सिकाएको बारे "नाता सम्बन्ध बाहिरका आफन्त'' शीर्षकको लेखमा आफू श्यामप्रसादबाट प्रेरित भई साहित्य लेखन गरेको चर्चा गरेकी छिन् । आनन्ददेव भट्ट (२०६२) ले श्यामप्रसाद शर्मा शीर्षकको लेखनमा उनको जीवनी

यात्रालाई चार भागमा बाँडेर साहित्य र साहित्येतर रचनाहरुको विषयवस्तुबारे चर्चा गर्दै यस्ता व्यक्तिबाट हामीले सिक्नुपर्ने सुझाव दिएका छन् । गंगाप्रसाद उप्रेती (२०६२) ले आफ्नै कर्मले खरो उत्रेका शर्माबाट नेपालका स्थापित प्रगतिवादी स्रष्टा प्रेरित रहेको बताएका छन् । भैरव बि. रिसाल (२०६२) ले 'हालखबर र नयाँ समाज' दैनिकमा सम्पादकीय लेखेर दैनिक जीवन गुजारा गर्ने श्यामप्रसादको माध्यम कलम भएको, लेखकसँग विचारको बल भएको, श्यामप्रसादको आड भरोसा उच्च मनोबल भएको धारणा व्यक्त गरेका छन् (पूर्वबत्: ६५) । राजेश बान्तवा (२०६२) ले श्यामप्रसादद्वारा लिखित 'प्यारो दाजुको सम्झना' कृतिबारे जानकारी पस्केका छन् । रामप्रसाद ज्ञवाली (२०६२) ले 'व्यावहारिक प्रगतिवादी र गुणग्राही समीक्षात्मक दृष्टिको समन्वय' शीर्षकको लेखमा २०६० मा प्रकाशित श्यामप्रसादको 'सबैको प्यारो नामक कृतिमाथि प्रकाश पारेका छन् । विष्णु प्रभात (२०६३) ले प्रलेसको संक्षिप्त इतिहास नामक कृतिमा श्यामप्रसादको साहित्यमा रस, भाव, कला, द्वन्द्व सबै हृदयमा प्रभाव पार्ने हुन्छन् भन्दै प्रलेसको इतिहासको संक्षिप्त परिचय दिँदै यो संघ निर्माण गर्न उनको अमूल्य योगदान रहेको प्रस्तुत गरेका छन् ।

यसरी प्रस्तुत पुस्तक श्यामप्रसाद माथि उपर्युक्त व्यक्तिहरुबाट गरिएको टिप्पणी, उनका कृतिमाथिको समीक्षा, आलोचनाले शर्माको तस्वीर र खाका बनेको छ र अन्त्यमा सन्दर्भ कृतिसूची समेत प्रस्तुत गरिएको छ । श्यामप्रसाद र श्यामप्रसादको कृतिलाई विभिन्न दृष्टिबाट केलाइएको यो कृति निर्णयात्मक र वस्तुनिष्ठ छ ।

### ४.३.३ हङ्बु र नोल्बुको अध्ययन

वि.सं. (२०६४) श्रावणमा विवेक सिर्जनशील प्रकाशन प्रा.लि. अद्वैत मार्ग, काठमाडौंबाट प्रकाशित गरिएको 'हङ्बु र नोल्बु' दक्षिण कोरियाली लोक बालकथाको अनुवाद हो । यो पुस्तक चौबिस पृष्ठको छ । हङ्बु र नोल्बु बालकथामा दाजु नोल्बु लोभी कन्जुर थियो । भाइ हङ्बु सोझो र सिधा थियो । बाबुको मृत्युपछि नोल्बुले हङ्बुलाई सपरिवार घरबाट केही नदिइ निकालिदिन्छ । हङ्बुले धेरै मेहेनत, परिश्रम गर्दा पनि गरिबी निवारण नभएपछि दाजुकहाँ शरण लिन आउँदा दाजुले रित्तो हात फर्काउँछ । हङ्बुले परिवारको भोक टार्न अरुले भोग्ने सजाय समेत भोग्न तयार हुन्छ । यस्तै दुःख भोग्दै जाने क्रममा गौंथलीको घाइते बच्चालाई हुर्काउन मद्दत गर्छ । ती घाइते बचरा ठुला भएपछि तिनीहरुको आशिर्वादबाट धनी हुन्छ । भाइ धनी भएकोले दाजुलाई इर्ष्या लाग्छ र धनी हुनाको कारण सोध्छ । भाइले साँचो कुरा बताउँछ । दाजुले पंक्षीलाई घाइते बनाएर आफैले उपचार

गर्छ त्यसो गर्दा उसको सबै सम्पत्ति सखाप हुन्छ । अन्तिममा भाइको शरणमा जान्छ भाइले पनि शरण दिई बाँकी जीवन सुखमय वितेको कथासार छ (बाँस्कोटा, २०६४:६२)।

हङ्बु र नोल्बु बालकथा सजिलै अध्ययन गर्न र बुझ्न सकिने खालको छ । जसले समाजमा असल काम गर्छ, उसले अवश्य नै अन्तिम अवस्थामा जीवन राम्ररी व्यतित गर्छ भन्ने सन्देश यस कथाले दिएको छ । असल कर्मको फल असल हुन्छ भन्ने नेपाली उखानको उक्तिलाई पनि यस कथाले आत्मसाथ गरेको छ । सरल, रोचक र सरस भाषा र चित्र समेत भएकोले बालसुलभ मस्तिष्कमा यसले सजिलै अध्ययन गर्न सक्ने यो कथा कौतुहलपूर्ण र एकै बसाइमा पढिसक्ने छोटो, मिठो र सन्देशमूलक छ ।

यस प्रकार सकारात्मक सोच भएको बालमनोवैज्ञानिक यो कथा बाल मस्तिष्कका साथै युवा र बृद्ध मस्तिष्कमा पनि गहिरो सकारात्मक प्रभाव पार्ने यो कथा सफल भएको छ । साथै नेपाली समाजमा परम्परादेखि जरा गाडेको कुरीति, दाजुभाइले सम्पत्तिको लागि आफ्नो सम्बन्धलाई बिर्सने पैतृक सम्पत्तिका एक्लै रजाइँ गर्न चाहने परम्पराको तस्विर देखाउन पनि सफल भएको छ । कोरियाली भाषाबाट अनुवाद भएको यो कथा पूर्णतया नेपालीपनमा ढल्न सकेको छ ।

### ४.३.४ श्यामप्रसादको साहित्यिक योगदानको अध्ययन

**"श्यामप्रसादको साहित्यिक योगदान'** धर्मराज अधिकारीको तेस्रो समालोचनात्मक कृति हो । प्रस्तुत पुस्तक वि.सं. २०६८ मा प्रकाशक गङ्गादास श्रेष्ठबाट प्रकाशित भएको हो । यो ३३१ पृष्ठमा संरचित छ । श्यामप्रसादको साहित्यिक योगदान कृति अधिकारीको विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोध प्रबन्धको परिमार्जित रुप हो । प्रस्तुत पुस्तकलाई सात अध्यायमा विभाजन गरेर प्रत्येक अध्यायलाई शीर्षक दिएर विभिन्न उपशीर्षकमा विभाजन गरिएको छ र प्रत्येक अध्यायलाई विस्तृत रुपमा विश्लेषण गरिएको देखिन्छ ।

अध्याय एकलाई 'प्रगतिवादीको सैद्धान्तिक आधार तथा प्रगतिवादी नेपाली साहित्यको परम्परा' भनेर दुईवटा शीर्षकमा विभिन्न उपशीर्षक दिएर निष्कर्ष निकालिएको छ । 'प्रगतिवाद र यसको मान्यतामा प्रगतिवादको परिचय दिएर प्रगतिवादको इतिहासको चर्चा गरेर मार्क्सवादी दर्शनका दुई शाखाहरु द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको परिचय दिई मानव चेतनाको इतिहास पनि भौतिक विकास सँगसँगै अगाडि बढेको देखाएको छ । 'रुप र अर्न्तवस्तुमा' प्रगतिवादी कला-साहित्यको मुख्य मापदण्डको रुपमा रुप र अन्तर्वस्तुको सम्बन्धलाई उनको साथै रुप र अर्न्तवस्तुबिचको सम्बन्ध प्रगतिवादी कला-साहित्यको मापदण्ड हुने भएको चर्चा गरिएको छ ।

वर्गीय पक्षधरतामा मार्क्स, लेलिनको वर्गीय चिन्तनलाई प्रष्ट्याइएको छ । प्रगतिशील प्रगतिवादी साहित्यको उदाहरण सहित परिचय दिई साहित्यमा प्रगतिवाद उदयको चर्चा गरी प्रगतिवादी नेपाली साहित्यको परम्परा चरण विभाजन गरेर प्रत्येक चरणको विश्लेषण गर्दै अध्याय एकको निष्कर्ष निकालिएको छ । अध्याय दुईलाई 'श्यामप्रसादका कविता, गीत र बालगीतहरुको अध्ययन' भनेर श्यामप्रसादले प्रगतिवादी साहित्यिक मान्यतालाई आफ्ना कविता र गीतहरुमा अबलम्बन गरेको उल्लेख गर्दै उनका कविता/ गीतहरुका दुईवटा संग्रहको परिचय दिई केही कविताः केही गीत सङ्ग्रहमा परेकाका बिसवटा रचनाहरुको भाषाशैली, विषयवस्तु, बिम्ब प्रतीक अलङ्कारको उदाहरण सहित विश्लेषण गरी 'मेरा गीत तिम्रा स्वरहरु' कविता संग्रहमा भएका छयालीसवटा रचनाहरुको परिचय सहित भाषाशैली, विषयवस्तुः आदिको सो उदाहरण प्रस्तुत गर्नुका साथै शर्माका चारवटा पुस्तककार बालगीतका कृतिहरु क्रमशः मेरी सानी साथी, हामी हुन्छौँ बलियो, हाम्रो इच्छा, राम्रो नराम्रोका परिचय सहित भाषाशैली, छन्द, प्रतिक, विषयवस्तु, लय, बिम्ब प्रतीक अलङ्कार आदिको उदाहरण सहित बिश्लेषण गरिएको छ । अध्याय तिन 'श्यामप्रसादको निबन्धहरुको अध्ययन' मा श्यामप्रसादको निबन्धकार व्यक्तित्वको परिचय दिई उनको निबन्धलाई चार चरणमा विभाजन गरी उनका निबन्धहरु विपरीत बुद्धि, मेरो साथी को ?, देशभक्ति, यहाँ के भइरहेछ ? म साम्यवादी होइन, साम्यवाद के हो ? अगहकिलो लेख नगर्नेहरुसँग, कोट र जुत्ता, आइमाई साथी, बौलाहा रिमाल, चाऊ नेपाल आउँदा, एक घण्टा बिताउन, तँ-तिमी, तपाइँ हजुर, मेरी आमा अपाङ्ग को ?, फेरि अपाङ्गबारे, धनीको पनि ओड दिने, साथी बनाउन खोज्दा, हजुरबुबा हजुरआमाहरु, शान्ति र युद्धबारेका तर्कनाहरु, सबैका निम्ति घर, चुरोट र परमाणविक शस्त्रास्त्र, बालसाहित्य लेखन सिक्दा, मलाई रिस उठ्ने मानिस, सबैको प्यारो, साँच्चीकै सम्माननीयहरु, उनी कस्ती राम्री, मायापिर्ति, रमाइला-नरमाइला कुरा, मेरो धर्म, कुकुर साथी चरा साथीका साथै फुटकर निबन्धहरुका विभिन्न कोणबाट विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । अध्याय चार 'श्यामप्रसादका सैद्धान्तिक र प्रायोगिक समालोचनाहरुको अध्ययन' मा श्यामप्रसादका सैद्धान्तिक र प्रायोगिक समालोचनाहरुको परिचय दिँदै समालोचनासँग सम्बन्धित कृतिहरुलाई तिन चरणमा विभाजन गरी ती चरणहरुको परिचय दिँदै शर्माका सैद्धान्तिक समालोचनात्मक कृतिहरु लेखक कसरी बन्ने ?, साहित्यसम्बन्धी दुईचार कुरा, साहित्यका पात्रपात्रीहरु, जीवित साहित्यकारप्रति हाम्रो कर्तव्य, साहित्यमा सापेक्षता, साहित्यिक फाँटका मेरा केही धारणा' भित्र भएका रचनाहरुको विस्तृत विश्लेषण गर्दै फुटकर सैद्धान्तिक समालोचनात्मक रचनाको पनि विश्लेषण गरिएको छ साथै शर्माका प्रायोगिक समालोचनात्मक कृतिहरुलाई व्यक्तिसँग, प्रतिभा र कृतिसँग सम्बन्धित गरी तिन प्रकारमा छुट्याएर

पण्डित तारानाथ शर्मा र उनका कृतिहरु, लु स्युन, लेखनाथका विषयमा फुटकर विचार, सिद्धदासबारे केही कुरा, हो चि मिन्ह र उहाँको लेखन शैली, विश्वेश्वरका केही विशेषता, भक्तबहादुरको विचार पक्ष जस्ता व्यक्तिसँग सम्बन्धित लेखहरु र कृतिसँग सम्बन्धित लेखहरु क्रमशः वनबासिनी, गौरी, बहुविवाह प्रथा, मञ्जरी, विस्फोट, प्रगतिशील लेखक संघ, नवप्रतिभाको मूल्याङ्कन, अनुभवहरुको सजीव प्रस्तुति, ज्ञान बढाउने चाख लाग्दा लेखहरु, कुकुर साथीबारेका साथै भूमिकासँग सम्बन्धित रचनाहरु सम्मति, उज्यालो गाउँबारे, ठोरीको एलबम हेरेपछि, रुसमा नेपाली छवि, स्वादिलो र गुनिलो जोगी तरकारी, निकै राम्रा लघु कथाहरु, सहनी गर्नैपर्ने सङ्ग्रह, आनन्ददेव भट्टमा मेरो पनि अभिवादन जस्ता समालोचनात्मक कृतिहरु र लेखहरुको विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ (अधिकारी, २०६८:१-१७८) । अध्याय पाँच 'श्यामप्रसादको पत्र डायरी र संस्मरणहरुको अध्ययन' मा पत्र, डायरी र संस्मरण विधाको परिचय दिँदै पत्रसाहित्यका कृतिहरु बहिनीलाई चिठी भाग १/२ मा भएका पत्रहरुको क्रमशः विश्लेषण गर्नुका साथै भूमिगत काल अघिका फुटकर पत्रहरुको, भूमिगत कालका फुटकर पत्रहरु, भूमिगतकाल पछिका फुटकर पत्रहरुको परिचय साथै मूल्याङ्कन गर्दै, डायरी साहित्यका कृतिहरु, मेरा डायरीका पाना (१९४५-१९६६), मेरा डायरीका पाना १९९२ (२०६४) मेरा डायरीका पाना १९९३ भित्र भएका रचनाको चर्चा परिचर्चा गर्दै श्यामप्रसादका संस्मरण साहित्यका कृतिहरु फुटकर रचनाहरुको क्रमशः विश्लेषण गरिएको छ । अध्याय ६ 'प्रगतिवादी नेपाली साहित्यमा श्यामप्रसादको योगदान' मा श्यामप्रसादले गरेका योगदानका तिनवटा पक्षहरुलाई उपशीर्षक दिएर उनले सञ्चालन गरेका वैचारिक आन्दोलन र त्यस्तो आन्दोलनलाई सञ्चालन गर्न सिर्जना गरेका संस्थाहरुका संजालको सक्रियता, नेपाली साहित्यमा प्रगतिवादी लेखनको पृष्ठभूमि तयार पार्ने अगुवा स्रष्टा श्यामप्रसाद एकल एवं सामूहिक प्रयासको विवृचना र ती आन्दोलनलाई हाँक्ने माध्यमको रुपमा उनले स्थापना गरेका संघसंस्थाको विवेचना प्रस्तुत गरिएको छ । सातौँ अध्याय उनका सिर्जनाको विधागत मूल्याङ्कन सहित अन्तिम निष्कर्षमा केन्द्रित छ (पूर्वबत्: २०८-३१३) ।

'श्यामप्रसादका योगदान' पुस्तकका ६ अध्यायहरु श्यामप्रसादका योगदान सम्बन्धि सूचनाको प्रक्षेपण गर्ने प्रमुख खण्डहरु हुन् । यसरी सावधानीपूर्वक अध्यायहरुको संयोजन गरेर श्यामप्रसादका योगदानको सर्वाङ्गीण पक्षको सूचना प्रक्षेपण गर्न नेपाली प्रगतिवादीसाहित्यका जनकमानिएका श्यामप्रसादका साहित्यिक मान्यता सृजनाशैली र तिनले नेपाली साहित्यमा छोडेको प्रभाव एवं छापलाई सूक्ष्म किसिमले निरीक्षण गरी तत् विषयमा आधारित सूचना दिन यो कृति सक्षम भएको छ । साथै प्रगतिवादी चेतनाले युक्त नेपाली साहित्यका सबै पुस्ताका स्रष्टाहरुका लागि

श्यामप्रसादलाई चिन्ने आधिकारीक माध्यम यो पुस्तक भएको छ । मार्क्सवादी सिद्धान्त र साहित्यमा यसको प्रयोगका बारेमा अति सरल किसिमबाट व्याख्या गरिएको छ । प्रगतिवादी साहित्य परम्पराको आधिकारिकताको बारेमा यसमा स्पष्ट गरिएको छ । कृतिपरक अध्ययनका आधारमा गरिएको यो विश्लेषण नितान्त विश्लेषण र वस्तुनिष्ठ छ ।

### ४.३.५ श्यामप्रसाद शर्माको जीवनी/ व्यक्तित्वको अध्ययन

श्यामप्रसाद शर्माको जीवनी व्यक्तित्वको विविध पक्षको बारेमा लेखिएको यो पुस्तक धर्मराज अधिकारीको पाचौँ अनुसन्धात्मक कृति हो । वि.सं. २०६९ मा प्रकाशक माधुरी मानन्धर (मरुटोल, तहबहिल, काठमाडौं) बाट प्रकाशित भएको यो कृति ६४ पृष्ठमा संरचित छ । यस कृतिलाई श्यामप्रसादको जीवनी र व्यक्तित्वका विभिन्न आयामलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी प्रस्तुत गर्नुका साथै उनको संघर्षपूर्ण जीवनी र व्यक्तित्वका विविध आयामले अरुको निमित प्रेरणा दिने र त्यस्तो प्रेरणा मार्गदर्शक पनि बन्न सक्नेछ भन्ने निष्कर्ष समेत निकालिएको छ ।

श्यामप्रसादको जीवनीलाई ६ वटा शीर्षकमा विभाजन गरिएको छ । पहिलो शीर्षकलाई 'जीवनीमा श्यामप्रसाद' भनेर पाँचवटा उपशीर्षकमा राखेर श्यामप्रसादको जन्म १९८६ मा मकवानपुर जिल्लाको मन्थलीमा भएको बाबुको दोस्रो श्रीमतीबाट उनी जन्मेका आमाबाबुकै मृत्यु उनी सानै छँदा भएकोले आमाबाबुको स्नेहबाट वञ्चित भई मावली र घर गर्दै बाल्यकाल बितेको भन्दै जन्म र बाल्यकालको बारेमा, श्यामप्रसादले घरमा बाबुबाटै शिक्षा आरम्भ गरी आर्थिक अभाव र राजनीतिक कारण म्याट्रिकुलेसन सम्मको परीक्षा मात्र दिन पाएको चर्चा गर्दै शिक्षादिक्षाको निम्न वित्तिय आर्थिक हैसियत भएका परिवारमा जन्मेका श्यामप्रसादको आर्थिक अभावका कारण सङ्घर्षपूर्ण जीवन व्यतित गर्दै हालसम्मको आर्थिक अवस्थाको, नेपाली, हिन्दी, संस्कृत र अङ्ग्रेजी भाषाको साहित्य र साहित्यकारहरुको जीवनीको व्यापक अध्ययनले उनको जीवनमा पारेको प्रेरणा र प्रभाव, श्यामप्रसादको देवमञ्जरी देवीसितको विवाह असफल भएपछि शशीकलासँगको वैवाहिक जीवन पनि असफल भएको उनका दुई छोरी भएता पनि दुःखद रहेको उनको पारिवारिक जीवनको बारेमा विस्तृत रुपमा चर्चा गरिएको छ । दोश्रो शीर्षकलाई 'लेखनमा श्यामप्रसाद'भनेर तिन उपशीर्षक राखेर वाङ्मयको विविध क्षेत्रमा कलम चलाएका श्यामप्रसादको प्रसिद्धि सैद्धान्तिक समालोचनामा रहेको उनले साहित्य सामाजिक, सांस्कृतिक, राजनीतिक रुपान्तरणको लागि लेखेको उनले नेपाली साहित्यको प्रगतिवादी धारालाई फलाउने, फुलाउने, फैलाउने काम गरेको भन्दै उनको लेखन, श्यामप्रसादको राजनीतिक, साहित्यिक क्षेत्रका प्रेरक व्यक्तित्वहरु, लेख रचनाहरु

अनुवादनका प्रेरणाका स्रोतहरु, श्यामप्रसादको लेखन प्रेरणा र साहित्य लेखनको आरम्भको बारेमा, श्यामप्रसादले लेखेका प्रबन्धहरु, समाजसुधार सम्बन्धी पुस्तिका, उनका कृतिहरुमा पाइने विशेषताका बारेमा प्रबन्धात्मक लेखन भनेर श्यामप्रसादको साहित्य लेखनको बारेमा चर्चा गरिएको छ । तेस्रो शीर्षकलाई 'राजनीतिक वृत्तमा श्यामप्रसाद शर्मा' भनेर दुईवटा उपशीर्षकमा राखेर श्यामप्रसादको राजनीतिक जीवनको प्रारम्भ सामाजिक पृष्ठभूमिबाट भएको, उनमा १९९७ सालको सहिद काण्डको गान्धीको जीवनशैली, कृष्णलालको मकैको खेती, सुवर्णशम्सेरका छोराहरु बालसाथी हुनुले राजनीतिमा लाग्न उत्साहित भएको २००० देखि राणाविरोधी संघर्षमा लागेको २००७ पछि कम्युनिष्ट पार्टीमा सक्रिय कार्यकर्ता भई लागेर विभिन्न पदको जिम्मेवारी पाएको र २०२४ देखि भूमिगत रहेर पार्टीगत र साहित्यिक लेख रचना गरेको श्यामप्रसादको राजनीतिक अवस्था र यसरी राजनीति गर्दा उनी तिनपटक सम्म जेल परेको जेलमा पर्दा विभिन्न बौद्धिक व्यक्तिसँगको निकटताले गर्दा जेलमा बितेको समयलाई एउटा अवसरको रुपमा लिएको, जेलमा बस्दा साहित्य र राजनीतिक क्रियाकलापमा सक्रिय भइराखेको उनको जेलजीवनको बारेमा उल्लेख गरिएको छ । चौथो शीर्षकलाई 'पत्रकारितामा श्यामप्रसाद' भनेर दुई वटा उपशीर्षकमा राखेर श्यामप्रसादले २००४ सालदेखि पत्रिका प्रकाशन र सम्पादन कार्य गरेको विभिन्न पत्रपत्रिका सम्पादन र विकासमा शर्माले गरेको योगदान, पत्रपत्रिका क्षेत्रमा सम्बन्धित भएर स्वदेश तथा विदेशको विभिन्न ठाउँको भ्रमणहरु गरेको बारेमा उल्लेख गरिएको छ । पाचौं शीर्षकलाई 'भूमिगत जीवनमा श्यामप्रसाद' भनेर दुईवटा उपशीर्षक दिएर २०२४ सालदेखि भूमिगत जीवनमा प्रवेश गरेका श्यामप्रसादको भूमिगत जीवनले मचाएको खैलाबैला उनी भूमिगत रहँदा साहित्यिक, सामाजिक, आर्थिक स्वास्थ्य विषय लगायत अन्य विषयमा लेख रचना गरेको पार्टीगत हिसाबमा गरेका कार्यहरु गोपनियताको निम्ति गुप्तलिपी चलाएको आफ्नो विभिन्न नामहरु राखेको चर्चा गर्दै भूमिगत जीवनको र २०४७ पुष १३ गते श्यामप्रसाद भूमिगत जीवनबाट सार्वजनिक भएपछिको वाह्य आगमनको बारेमा चर्चा गरिएको छ । छैठौं शीर्षकलाई 'पुरस्कार-सम्मानमा श्यामप्रसाद भन्ने शीर्षक दिएर दुईवटा उपशीर्षकमा राखेर श्यामप्रसादले पाएका विभिन्न पुरस्कारको बारेमा दिएको छ । उनले पाएका प्रज्ञा पुरस्कार र मुक्ति पुरस्कारले उनलाई विवादमा पारेको उनले पाएका पुरस्कारबाट उनका सुवेच्छुकहरु खुसी भएका र उनले स्थापना गरेका सम्मान कोषहरुको बारेमा विस्तृत रुपमा उल्लेख गरिएको छ (अधिकारी, २०६९:३४) ।

श्यामप्रसादको व्यक्तित्वलाई पनि चारवटा शीर्षकमा विभाजन गरी विभिन्न उपशीर्षक दिइ विश्लेषण गरिएको छ । पहिलो शीर्षक 'व्यक्तित्वमा श्यामप्रसाद' भनेर ६ वटा उपशीर्षकमा राखेर

होचो कद, लम्चिलो हँसिलो अनुहार भएका श्यामप्रसादको मिलनसार, मेहेनती, स्वाभिमानी व्यक्तित्वको संक्षिप्त परिचय दिदैं समाज सेवामा समर्पित, सुन्दर, स्वस्थ्य र विज्ञान सम्मत समाजको निर्माणमा सक्रिय शर्माको सामाजिक व्यक्तित्व, विद्यार्थी जीवनदेखि नै राजनीतिमा लागेर लामो भूमिगत जीवनसम्म बिताएका राजनीतिक व्यक्तित्व जीवनमा आफूले गरेको भुलबाट शिक्षा पाउन पत्रकारिता क्षेत्र अँगालेर पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदान, उनको निष्ठावान् पत्रकार व्यक्तित्व, विभिन्न विचारधाराका विभिन्न व्यक्तिहरुलाई साहित्यिक, राजनीतिक र अन्य सरसल्लाह दिएर भविष्य निर्माणमा सहयोग पुऱ्याउने पथप्रदर्शक व्यक्तित्व, सन्देश, ज्वाला, कोसेली, सेवा, स्वास्नीमान्छे, जनमत र मसाल नवयुग, नयाँपत्रिका, प्रलेस आदि पत्रिकाको सम्पादन गर्ने सम्पादन व्यक्तित्वको बारेमा प्रस्तुत गरिएको छ । दोस्रो शीर्षक 'स्रष्टा व्यक्तित्वमा श्यामप्रसाद' भनेर सातवटा उपशीर्षकमा राखेर जनताको पीर, मर्का, विरह, वेदना र धुकधुकीलाई सरल भाषाको माध्यमबाट आफ्नो कविता र गीत मार्फत छाम्न सक्ने कवि गीतकार व्यक्तित्व, बालगीतको चारवटा सङ्ग्रह प्रकाशन गर्ने बालगीत व्यक्तित्व, उनको सर्वाधिक महत्त्वपूर्ण निबन्धकार व्यक्तित्व, ३६ वटा कृति लेखिएको फुटकर रचनाहरु २६ वटा भएको विभिन्न व्यक्तित्वमध्येको सशक्त व्यक्तित्व प्रबन्धकार व्यक्तित्व, नेपाली साहित्यमा विकासीत नभएको पत्रलेखन व्यक्तित्व, साहित्य भित्रकै उपविधा मानेको डायरी साहित्यकार, जीवन भोगाइका कठिन परिस्थितिका अनुभव अनुभूतिहरुसँग सम्बन्धित संस्मरण व्यक्तित्वको वारेमा विस्तृत उल्लेख गरी निष्कर्षमा पुग्ने प्रयास पनि गरिएको छ । तेस्रो शीर्षक 'द्रष्टा व्यक्तित्वमा श्यामप्रसाद' भनेर श्यामप्रसादको सैद्धान्तिक र प्रायोगिक समालोचनाको परिचय दिएर दुईवटा उपशीर्षकमा श्यामप्रसादको आधा दर्जन जति कृतिहरु सैद्धान्तिक समालोचनासँग संबद्ध रहेको, कठोर शैद्धान्तिक विषयलाई सरलभाषाशैलीमा प्रस्तुत गर्ने सैद्धान्तिक समालोचक व्यक्तित्व, व्यक्ति प्रतिभासँग र कृतिसँग सम्बन्धित प्रायोगिक समालोचक व्यक्तित्वको बारेमा चर्चा गरिएको छ । चौथो शीर्षक 'अनुवाद' भनेर अनुवादमा श्यामप्रसाद भन्ने उपशीर्षक दिएर श्यामप्रसाद अंग्रेजी, हिन्दी, नेपालभाषामा लेख्न र अनुवाद गर्न सक्षम भएको स्वाध्यायनबाट अंग्रेजी भाषामा निपूर्ण भएका शर्माले अंग्रेजीभाषाबाट थुप्रै कृतिहरु अनुवाद गरी प्रकाशन गराएको साथै हिन्दीबाट पनि फुटकर लेखरचना प्रकाशन गराएको, आफ्नो केही निबन्धलाई अंग्रेजीमा अनुवाद पनि गरेको र उनका रचनाहरु मैथिली र भोजपुरी भाषामा अनुवाद भएका साथै तामाङ र लिम्बुमा पनि अनुवाद भएका चर्चा गर्दै उनको अनुवादक व्यक्तित्वको निष्कर्षमा पुग्ने प्रयास पनि गरिएको छ (पूर्ववत्: ६१) ।

अन्त्यमा श्यामप्रसादको संघर्षपूर्ण सक्रिय जीवनयात्रा र असल कर्म धेरैको निम्ति अनुकरणीय बनेको छ । उनले नेपाली राजनीतिक क्षेत्र लगायत साहित्यिक क्षेत्रमा ठूलो योगदान पुऱ्याएका छन् । नेपाली साहित्य, राजनीति, पत्रकारिता, समाजसेवामा उनको योगदान महत्त्वपूर्ण र अनुकरणीय रहेको छ भनी निष्कर्ष निकालिएको छ ।

### ४.३.६ श्यामप्रसादको प्रबन्धगत योगदानको अध्ययन

शोधनायक धर्मराज अधिकारीको प्रस्तुत कृति श्यामप्रसादको प्रबन्धगत योगदानसँग सम्बन्धित पाँचौं कृति हो । साहित्य सेवा सदन (हात्तीसार काठमाडौं) बाट प्रकाशित यो कृति १७९ पृष्ठमा संरचित छ । यो कृतिका ३ वटा शीर्षकहरुमा पहिलो शीर्षकलाई विभिन्न उपशीर्षकहरुमा विभाजन गरिएको छ भने दोस्रो र तेस्रो शीर्षकलाई संक्षिप्त रुपमा विश्लेषण गर्ने प्रयास गरिएको पाइन्छ र अन्त्यमा निष्कर्ष निकालिएको छ ।

पहिलो शीर्षक ‘श्यामप्रसादका प्रबन्धहरुमा’ - श्यामप्रसादको प्रबन्धको परिचय दिँदै शर्माका व्यक्तिसँग सम्बन्धित कृति ‘शोभियत नेपालविद्हरु’, ‘खड्गमान काका’ कृतिभित्र सङ्ग्रहित लेखकहरु, राजनीतिबारे लेखिएका लेखहरु, अर्थनीति, पत्रकारिता, भाषाबारे, शिक्षाबारे, धर्मबारे, संस्कृतिबारे, जातजातिबारे, बालबालिकाबारे, महिलामुक्तिबारे, युवाबारे, विद्यार्थीबारे, किसान मजदुरबारे, बृद्धबृद्धाबारे, लेखिएका लेख रचनाहरुको संक्षिप्त परिचय दिदैं, यस रचनाहरुको विषयवस्तु बारे विस्तृत व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । साथै किसान, मजदुर, परिवार र नाताकुटुम्ब, प्रेम र प्रेमविवाह, साहित्यसंस्था र साहित्यिक आन्दोलन, अन्तर्वार्ता बानी, बेहोरा, देशप्रेम र शान्तिबारे लेखिएका रचनाहरुलाई पनि वर्गीकरण गरेर विश्लेषण गरिएको छ । दोस्रो अध्याय ‘प्रबन्धगत विषयक्षेत्रसँग सम्बन्धित धारणा’ मा श्यामप्रसादले वर्गसङ्घर्ष राजनितिको एउटा महत्त्वपूर्ण हतियार भएको, शत्रुहरुले हतियार लिएर मात्र हमला गर्दैनन् वैचारिक माध्यमलाई पनि हतियारको माध्यम बनाउँछन्, साम्यवाद यथार्थवाद हो, यसको सिद्धान्त छोप्नु होइन उघार्नु हो । शत्रुलाई निशाना बनाई अडाडि बढ, उत्तराधिकार तयार पार, मजदुर र गरिब किसान स्रोतका साथीहरुप्रति राम्ररी ध्यान देऊ, योजनात्मक रुपमा काम गर भन्ने जस्ता राजनीतिबारे, अर्थनीतिबारे, नेतृत्व, पत्रकारिता, भाषा, शिक्षा, स्वास्थ्य, धर्म, संस्कृति, जातजाति, महिला मुक्ति, महिला अधिकार, पैतृक सम्पत्ति, परिवार नाता कुटुम्ब, प्रेम र विवाह जस्ता विषय क्षेत्रमा रहेका विचार र धारणाहरुलाई उल्लेख गरिएको छ । तेस्रो अध्याय ‘प्रबन्धगत योगदान’ मा शर्माले प्रगतिवादी सिद्धान्त एवं मान्यताभित्रै रहेर प्रबन्धमा गरेको योगदानलाई कदर गर्दै उनले जाति,

भाषा, धर्म, शिक्षा, स्वास्थ्य, कार्यकर्ता, बालक, यवा, बृद्धबृद्धा, अपाङ्ग, महिला, ज्यामी, किसान, हली, खेताला, सामाजिक समस्या आदि विषयमा प्रबन्ध लेखेर समाजको विकासमा, साहित्य लेखनको क्षेत्रमा दिएको योगदानको महत्वलाई निष्कर्षका रुपमा प्रस्तुत गरिएको छ । अध्याय चार निष्कर्षमा शर्माले श्यामप्रसाद वैचारिक मान्यताको पक्षधर भएको, प्रजातान्त्रिक एवं प्रगतिशील साहित्यिक-सांस्कृतिक आन्दोलनका अग्रज लेखक पत्रकार, जनवादी साहित्यका प्रचारक राजनीतिक संगठनकर्ता भएको साथै उनले आफ्नो प्रगतिवादी मान्यता र धारणालाई अलिकति तलमाथि नपारी बिश्लेषण गरेको, भनी शर्माले उठाएका सानातिना कुराहरुलाई महत्वका साथ व्यवहारमा उतार्ने हो भने समाजमा विद्यमान सबै खाले शोषणबाट मुक्त हुन सकिन्छ (पूर्ववत्:१६८) । उनमा विद्यमान मौलिक तत्त्वलाई देश र जनताको हितको निम्ति प्रयोग गर्न सकिन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

हाम्रो समाजमा जे जस्ता समस्या छन्, त्यसका बारेमा लेखेर सुझाव, सल्लाह र निर्देशन दिएर समस्याका समाधान गर्न मार्गदर्शक बन्ने शर्माका प्रबन्धहरुको समग्र अध्ययन गरिएको प्रस्तुत प्रबन्ध पुस्तक जस्तो भव्य, सुन्दर, व्यापक र उपयोगी प्रबन्ध संसारमा विचरण गर्ने हो भने जो कोहीलाई पनि लाभान्वित बनाउन यो पुस्तक सक्षम रहेको छ।

### ४.३.७ गुप्तवासको रहस्यको अध्ययन

धर्मराज अधिकारीको प्रस्तुत कृति प्रकाशक माधुरी मानन्धर/ शारदा नापित ( तहबहिल/ कुरियागाउँ बाट) वि.सं. २०७० मा प्रकाशित सातौँ अनुसन्धात्मक कृति हो । यो कृति ८६ पृष्ठमा संरचित छ । जसमा 'सत्यको खोजीमा चलेको पाइला' भन्ने शीर्षक दिएर साहित्यकार शेषमाणि आचार्यले भूमिका लेख्नुभएको छ । यसलाई चार अध्यायमा विभाजन गरी श्यामप्रसादको भूमिगत जीवनको रहस्योद्घाटन गर्ने प्रयास गरिएको छ ।

यस पुस्तकको पहिलो अध्यायलाई 'गुप्तवास बेलाको गतिविधि' भन्ने शीर्षक दिएर नेपाली साहित्यका शीर्ष व्यक्तित्व श्यामप्रसाद शर्माको गुप्तवासका गतिविधिहरुलाई छोटकरीमा परिचय दिदैं बाह्रवटा उपशीर्षकमा विभाजन गरिएको छ । पहिलो उपशीर्षक राजनीतिक गतिविधि भनेर श्यामप्रसाद भूमिगत रहँदा कम्युनिष्ट सङ्गठनको विधान, २०२५ जारी गरेको, विभिन्न सङ्गगठन स्थापना गरेको, कडा भूमिगत जीवनमा पनि विभिन्न मान्छेसँग भेटघाट छलफल गरेको, गुप्त अक्षरहरुको प्रयोग गरेको श्यामप्रसादले विभिन्न उपनामहरु राखेर काम गरेको सो उदाहरण सहित प्रस्तुत गरिएको छ । दोस्रो उपशीर्ष 'अर्थनीति सम्बन्धी भन्ने रहेको छ जसमा आर्थिक स्रोत कसरी जुटाउने, आर्थिक अवस्था सुधार्ने उपायहरु, आम्दानी र खर्च बिचको सन्तुलन, चीनको अर्थनीतिको

चर्चा जनताबाट धागो टुक्रा र सियो पनि नलिने उनको नीतिको बारेमा प्रस्तुत गरिएको छ । तेस्रो उपशीर्षकलाई 'साहित्यिक गतिविधि' भनेर श्यामप्रसाद भूमिगत रहँदा राजनीति र साहित्यलाई सँगसँगै लगेको, साहित्य रसिलो मिठो भाषाबाट प्रस्तुत हुनुपर्छ भन्ने मान्यता, साहित्य सम्बन्ध विभिन्न धारणाहरु, कविता, निबन्ध र समालोचनाका बारेमा दिएका छुट्टाछुट्टै अभिव्यक्ति उनी राजनीतिक व्यक्तिभन्दा साहित्यिक व्यक्ति रहेको उल्लेख गरिएको छ । चौथो उपशीर्षकलाई 'सामाजिक क्रियाकलाप' भनेर श्यामप्रसाद गुप्तवासमा रहेको बेला गरेका सामाजिक कार्यहरु, बाटो, पुल, स्कुल आदि निर्माणको साथै विभिन्न व्यक्तिको व्यक्तिगत समस्या समेत समाधान गर्ने, जनचेतना फैलाउने जस्ता कार्यको बारेमा प्रस्तुत गरिएको छ । पाचौँ उपशीर्षक 'परिवार/ नाताकुटुम्ब बारे' मा श्यामप्रसाद भूमिगत रहँदा धेरै परिवारसँग निकट भई परिवारमा मेलमिलाप राख्ने परिवारको महत्वबारे बुझाउने प्रत्येक परिवारमा जाँदा एउटा पुस्तिका तयार पारेको बारे भनिएको छ । छैठौँ उपशीर्षक 'महिला र विचार पक्ष बारे' मा महिला र पुरुषको सम्बन्धको राम्रो बनाउने उपाय, परिवारमा पुरुषको जिम्मेवारी महिलाको बिचमा काम गर्दा ध्यान दिनुपर्ने कुराहरु, टोल छिमेकका मानिससँग छलफल गर्ने तरिकाहरु, नराम्रा बानी त्याग्दै राम्रो बानी अवलम्बन गर्ने विचार व्यक्त गरिएको छ । सातौँ उपशीर्षक 'प्रेम/ विवाह सम्बन्धमा' मा प्रेम र विवाहको बारेमा पार्टीभित्र चलाएको बहस, केटाकेटीबिच सम्बन्ध बढाउने प्रयासहरु, विवाहको समस्या समाधान गरेको बारे, प्रेमका विषयमा गलत धारणा शीर्षकको लेखलेखेको, जातीय बन्धन मुक्त, करकाप रहित विवाह गर्न अनुरोध गरेको कुरा प्रस्तुत गरिएको छ । आठौँ उपशीर्षक 'शिक्षाबारे' मा श्यामप्रसाद गुप्तवासमा रहँदा शिक्षाको बारेमा व्यक्त गरेको विचार अतिरिक्त समस्याको आधारमा अध्ययन र अनुसन्धान पढाउनु पर्ने विचार बालबालिकाको स्वास्थ्य महिला कलाकार तयार गर्ने सबैलाई संगीत र नित्यको शिक्षा दिनुपर्ने धारणाहरु प्रस्तुत गरिएको छ । नवौँ उपशीर्षक 'स्वास्थ्यबारे' मा स्वास्थ्य सम्बन्धी लेखहरु लेखेको, स्वास्थ्य सम्बन्धी समस्या समाधान गर्न सक्रिय रहेको स्वास्थ्यको बारेमा बालगीत समेत लेखेको शुद्ध सफा खाने कुरामा ध्यान दिन अनुरोध गरेको चर्चा गरिएको छ । दसौँ उपशीर्षक 'भाषा बारेको मत' मा सवै भाषालाई समान गर्नुपर्ने, सरकारको भाषानीतिमा भएको कमजोरी हटाउनु पर्ने, सबै भाषाको विकास हुनुपर्छ भन्दै भाषाको परिभाषा दिएको चर्चा गरिएको छ । एघारौँ उपशीर्षक 'धर्मसम्बन्धी विचार' मा श्यमप्रसादले गुप्तवासमा हुँदा रचना गरेका धर्मसम्बन्धी लेखको बारेमा, बालबालिकालाई धर्मको वारेमा सही मार्ग निर्देशन गर्नुपर्ने विचार, धर्ममा फुट ल्याउने गलत तत्त्वमाथि व्यङ्ग्य गरेको उल्लेख गरिएको छ । बाह्रौँ उपशीर्षक 'जातजाति र अन्य विषयबारे' मा शर्माले भूमिगत बस्दा जातजातिका बारेमा लेखेका लेखरचना,

जातीय भेदभाव हुनुहुँदैन, सबै जातिलाई समान व्यवहार गर्नुपर्ने, जातीय विभाजन ल्याएर देश टुक्राउने माथि व्यङ्ग्य गरेको र भूमिगत कालमा बालबालिका, युवा, बृद्धबृद्धा, अपाङ्गबारे धारणा प्रक्षेपण गरेको प्रस्तुत गरिएको छ (अधिकारी, २०७०:२४) ।

दोस्रो अध्यायलाई 'विभिन्न व्यक्तिहरुसँग साक्षात्कार' भन्ने शीर्षक दिएर २३ वर्षे लामो गुप्तवासमा श्यामप्रसादको सम्बन्ध विभिन्न व्यक्तिहरुसँग भएको परिचय दिदैं यस शीर्षकलाई तिनवटा उपशीर्षकमा विभाजन गरिएको छ । पहिलो उपशीर्षक 'संलग्न व्यक्तिहरुसँग साक्षात्कार' म श्यामप्रसाद गुप्तवासमा रहेको बेला विभिन्न व्यक्तिहरु क्रमशः माधुरी, मानन्धर, महेन श्रेष्ठ, अष्टलक्ष्मी शाक्य, पूर्णशोभा चित्रकार, महेशमान श्रेष्ठ, बैकुण्ठहरि श्रेष्ठ, शारदा नापित, शेषमणि आचार्य, रुद्रप्रसाद श्रेष्ठ, मदन मल्ल, रामकृष्ण भण्डारी, डा. महेश श्रेष्ठ, कृष्णमोहन श्रेष्ठ, भैरव रिसाल, मुकेस चालिसे, सुलोचना चालिसे, दुर्गामोहन श्रेष्ठ, चिरञ्जीवी राजोपाध्याय, गंगादास श्रेष्ठ, लीलाबहादुर थापा, श्यामकृष्ण श्रेष्ठ, तुलसीभक्त श्रेष्ठ, पदमकृष्ण श्रेष्ठ, तुलसी सायमी जस्ता व्यक्तिहरुले शर्माको भूमिगत जीवनको रहस्यको बारेमा भनेका कुराहरुलाई र उनी भूमिगत हुँदा बसेको थलोहरुको बारेमा विवेचना गरिएको छ । दोस्रो उपशीर्षक 'असंलग्न व्यक्तिहरुसँग साक्षात्कार' मा श्यामप्रसाद भूमिगत रहँदा भेटघाट नभएका तर प्रत्यक्ष-परोक्ष रुपमा संल्न व्यक्तिहरु क्रमशः आनन्ददेव भट्ट, गङ्गाप्रसाद उप्रेती, शारदा हुमागाई, नवराज शर्मासँग भएको श्यामप्रसादको बारेमा गरिएको अन्तर्वार्तालाई प्रस्तुत गरिएको छ । तेस्रो उपशीर्षक 'रुचिहीन व्यक्तिहरुसँग साक्षात्कार' मा श्यामप्रसादको भूमिगत जीवनसँग प्रत्यक्ष रुपमा जोडिएका तर अन्तवार्ता दिन तयार नभएका व्यक्तिहरु क्रमशः शान्तदास मानन्धर, झोछैं, सम्झना, कमलपोखरी सँगको कुराकानीलाई हुवहु प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायलाई गुप्तवासका बेलाका अन्तरङ्ग भन्ने शीर्षक दिएर श्यामप्रसाद लामो समयसम्म गुप्तवास बस्दा उनले गरेको कार्य र उनी गुप्तवास बस्दाको जिज्ञासाका बारेमा संक्षिप्त परिचय दिएर ६ उपशीर्षकमा विभाजन गरिएको छ । पहिलो उपशीर्षकलाई 'गुप्तवास बस्नुको कारण' भनेर पार्टीको कारण भूमिगत भएको, भूमिगत बस्दा बाग्मती अञ्चलको कमिटी सदस्य भएको उनको भूमिगत जीवनको बारेमा उठेका प्रश्न र उपशीर्षक 'गुप्तवासका बेलाका थलोहरुमा' श्यामप्रसाद गुप्तवास बस्दा उपत्यकाका तिन जिल्लामा बसेको कुरा उल्लेख गर्दै तेस्रो उपशीर्षकमा 'थलो मिलाउने व्यक्तिमा कुलमान सिङ रहेको पार्टी सङ्गठन भित्रको अर्थमन्त्री उनै भएकोले सम्पूर्ण व्यवस्था उनले फैलाउने कुरा उल्लेख गरिएको छ । चौथो उपशीर्षक 'जनताको बिचमा जाँदा' मा श्यामप्रसाद भूमिगत रहँदा विभिन्न साथीहरुकहाँ पाहुनाको रुपमा गएर बसेको, त्यहाँ बस्दा गरिने

छलफल र अन्य क्रियाकलापहरुको बारेमा र भूमिगत बस्दा उनी जहाँ बस्थे उनीहरुलाई पूर्णरुपले सहयोग गरेको कुरा प्रस्तुत गरिएको छ । चौथो उपशीर्षक 'उहाँलाई बोलाउन चाहेमा' मा उनलाई कसैले बोलाउन चाहेमा समितिसँग मात्र गर्नुपर्ने, एक तहमाथिकाले स्वीकृत गरेपछि मात्र जान पाउने उनलाई सबैले आफूकहाँ बारबार आउन अनुरोध गर्ने, भेटघाटका नियम पालना गर्नुपर्ने कुराको चर्चा गरिएको छ । छैठौँ उपशीर्षक नियम 'भेटघाटमा उठाउने गरेको प्रसङ्गमा श्यामप्रसादबारे उठाउने गरेको प्रश्न र जिज्ञासाका बारेमा श्यामप्रसादले दिएको अन्तरवार्तालाई प्रस्तुत गरिएको छ ।

अध्याय चारलाई निष्कर्ष भनेर श्यामप्रसादले गुप्तवासको सम्झना (२०५५) नामक कृतिमा गुप्तवास सम्बन्धी कुराहरु लेखेको गुप्तवास रहँदा बढी सक्रियता राजनीतिमा रहेको, निबन्ध, बाल कविता, गीत, चिठीपत्र र अनुदित रचना भूमिगत कालमै बढी लेखेको, उनका यस्ता रचनामा जनताका समस्याहरुलाई विषयवस्तु बनाएको, कडा भूमिगत जीवनलाई अनुशासनबद्ध ढङ्गबाट अघि बढाएको, पार्टीप्रति प्रतिबद्ध ठुलो जनसमूह उनको कुशल व्यवहार प्रशिक्षण परिचालन र नियमबाट फलदायी भएको, जनताको ठुलो हिस्सा उनको नीति निर्देशनबाट परिचालित भएकोले २३ बर्षे लामो गुप्तवास जनताको बिचमा बिताएर बाहिर निस्कदा उनले गरेको राजनीतिक योगदानको सही अर्थमा मूल्याङ्कन भने हुन नसकेको निष्कर्ष निकालिएको छ (पूर्ववत्: ८५) ।

गुप्तवासको रहस्य पुस्तकले श्यामप्रसाद शर्माको २३ वर्षे लामो भूमिगत जीवनको रहस्यलाई उद्घाटित गर्न सफल भएको छ । नेपाली राजनीति र साहित्य क्षेत्रमा यति लामो समयदेखि सक्रिय रुपमा लागे तापनि श्यामप्रसादको ओझेलमा परेको व्यक्तित्वलाई जनसमक्ष ल्याउन र उनको बारेमा लेखिएको यो पुस्तक पढ्ने पाठकलाई शयामप्रसादको संघर्षपूर्ण, अनुशासित जीवनबाट प्रेरित गर्न सफल देखिन्छ । मार्क्सवादी, द्वन्द्वात्मक, भौतिकवादी सिद्धान्तका पक्षपाति अधिकारीले यस पुस्तकलाई श्यामप्रसादको नदेखिएको जीवनको एउटा पक्षलाई उनको इतिहासलाई वैज्ञानिक समीक्षा र द्वन्द्वात्मक अध्ययन गरेका छन् ।

### ४.३.८ संस्कृत साहित्यको दर्पणको अध्ययन

धर्मराज एक कुशल प्राध्यापकको साथै संस्कृतका प्रकाण्ड विद्वान् पनि भएको हुँदा सबैभन्दा कठिन मानिने भाषा संस्कृत भाषको पाठ्यपुस्तक लेखेका छन् । **संस्कृत साहित्यको दर्पण** अधिकारीको आठौँ प्रकाशित कृति हो । यो पुस्तक अधिकारीले वि.सं. २०७० सालमा सनलाइट पब्लिकेशन कीर्तिपुर, काठमाडौंबाट प्रकाशित गरेका हुन् । त्रिभुवन विश्वविद्यालयको स्नाकोत्तर तह

दोस्रो वर्षको मूल नेपाली विषय अन्तर्गतका पाठ्यक्रमलाई ध्यानमा राखी त्यसको उपयुक्त सन्दर्भ सामाग्री तयार पार्ने उद्देश्यले प्रस्तुत कृतिको रचना गरिएको देखिन्छ ।

'संस्कृति साहित्यको दर्पण' शैक्षिक प्रयोजनको लागि लेखिएको पुस्तक हो । यो पुस्तक 'संस्कृत साहित्यको आर्षयुग, संस्कृत कलात्मक महाकाव्य परम्परा, संस्कृत नाटकको परम्परा र संस्कृत गद्य साहित्यको परम्परा गरी पाँच अध्यायमा विभाजन गरेर लेखिएको छ । प्रत्येक अध्यायलाई शीर्षक दिइएको छ र ती पाँचवटा शीर्षकहरुलाई पनि विभिन्न उपशीर्षकमा बाँडिएको छ । यस साहित्यको दर्पणमा पहिलो, दोस्रो र तेस्रो अध्यायलाई निकै विस्तृत रुपमा विश्लेषण गर्ने प्रयास गरेको देखिन्छ भने चौथो र पाँचौ अध्यायलाई संङ्क्षिप्त रुपमा विश्लेषण गरेको देखिन्छ । पहिलो अध्यायलाई 'संस्कृत साहित्यको इतिहास र वैदिक' युग भनेर संस्कृत भाषा सबैभन्दा पुरानो, आर्य सभ्यता र संस्कृतिसँग जोडिएको देवभाषा वाङमयमा राजनीति, अर्थशास्त्र, गणित, ज्योतिष जस्ता विषयमा यस भाषाको उपयोग भएको प्राचीन आर्यहरुको बोलचालको भाषा भएको महान् हस्तीहरुले काव्य रचना गरेका विश्वकै सबैभन्दा महत्त्वपूर्ण भाषा संस्कृत भाषा हो भनेर संस्कृत भाषाको संक्षिप्त परिचय दिएको छ र यस शीर्षकलाई दुई उपशीर्षकमा विभाजन गरिएको छ । वैदिक 'वाङ्मय/ साहित्य' मा वेदमा प्रयोग हुने भाषा वैदिक आर्य भाषा हो वेद आर्यहरुको सर्वप्राचीन ग्रन्थ भएको, वेद चार प्रकारको भएको भन्दै वेदको संङ्क्षिप्त परिचय दिएको छ । त्यसको साथै संहिता, उपनिषद् ब्राह्मण वाङ्मय, वेद संहितामा काव्य र शिल्पपक्ष, उपनिषद्को साहित्यिक परिचय र ब्राह्मण वाङ्मयमा साहित्यको बारेमा छोटकरीमा चर्चा गरिएको छ । दोस्रो उपशीर्षक 'वैद्धिक संवादसूक्त' भनेर वैदिक संवाद सूक्त भनेको ऋग्वेद हो भन्दै सवै वेदको मुख्य श्रोत ऋगवेद भएको, यो मन्त्रको वेद हो भनेर परिचय दिँदै उषः सूक्तको भावसौन्दर्य र नासदीय सूक्त र सृष्टिदर्शनको संङ्क्षिप्त परिचय र उदाहरण दिइएको छ ।

दोस्रो अध्यायलाई 'संस्कृत साहित्यको आर्षयुग' भनेर संस्कृत वाङ्मय वैदिक र लैंगिक गरी दुई भागमा विभक्त भएको रामायण र महाभारत वैदिक र लैंगिक संस्कृत युगका प्रतिनिधि रचना भएको, यी ग्रन्थ सम्पूर्ण दृष्टिले मूल ग्रन्थ भएको चर्चा गर्दै यस शीर्षकलाई रामायण, महाभारत तथा पौराणिक वाङ्मय परिचय भन्ने उपशीर्षक दिइएको छ, जस अन्तर्गत रामायणको परिचय दिई रामायणको रचना वाल्मीकिले गरेका हुन् भन्दै उनका कृतिहरुको छलफलका साथै रामायण रचना ६००-१००० वर्षको अवधिलाई आधार मानेर गरेको भए तापनि यसको टुङ्गो नभएको, रामायण महाकाव्यको ७ काण्ड ५०० सर्ग र २४००० श्लोक भएको भन्दै रामायणको संङ्क्षिप्त कथावस्तुको बारेमा उल्लेख गर्दै, महाभारत रामायण पछिको बृहत रचना भएको भन्दै महाभारतको परिचय दिई

यो पौराणिक वाङ्मय भएको र यसको रचनाकालको बारेमा समेत चर्चा गरेको पाइन्छ यसका साथै रामायणको वर्षा वर्णन, भागवत् गीताको दोस्रो अध्यायको वर्णन र पश्चवर्ती साहित्यलाई अवदान भनेर रामायण र महाभारतको दुवै ग्रन्थ एक अर्काका उपजीव्य भएको कुरा उल्लेख गरिएको छ ( अधिकारी, २०७०:५०) ।

तेस्रो अध्यायलाई 'संस्कृत कलात्मक महाकाव्य परम्परा' भन्ने भनेर महाकाव्यको परिचय दिएर भारतीय विद्वान् डा. शम्भुनाथ सिंहले गरेको महाकाव्यको वर्गीकरणलाई रेखाचित्रद्वारा देखाइएको छ । साथै पद्यकाण्य, दृश्यकाव्य र श्रव्यकाव्यलाई रेखाचित्रमा देखाउँदै यस शिर्षकलाई पाँच उपशीर्षकमा विभाजन गरिएको छ । पहिलो उपशिर्षकलाई महाकाव्यको परम्परा र विकास भनेर महाकाव्यलाई उद्‌भव, युग, अभ्युत्थान युग, ह्रासयुग गरी तिन भागमा बाँडेर यस युगको क्रमश परिचय दिदैं यस युगका रचनाकारहरु पाणिनी, व्याडि, काव्यायन, अश्वघोष, महाकवि कालिदास भीम/ भीमक, भर्तुमेंठ, भातृगुप्त, भारविः कुमारदास, माघ, रत्नाकार, शिवस्वामी, अभिनन्द, शङ्ककुक, क्षेमेन्द्र, मंखक हरिचन्द्र, हेमचन्द्र,माधव भट्ट, चण्ड, विल्वमङ्गल, वाग्भट श्रीहर्षका परिचय दिदैं उनीहरुको कृतिको संक्षिप्त जानकारी दिनुका साथै १३, १४, १५, १६, १७ औं शताब्दीमा रचित काव्यहरुको तालिका र निष्कर्ष समेत प्रस्तुत गरेको छ । दोस्रो उपशीर्षकलाई 'अश्वघोष र कालिदासका कलात्मक महाकाव्य' भनी अश्वघोष र कालिदासको परिचय दिदैं उनीहरुले लेखेका काव्यहरुको मूल मर्म र शैलीयुक्त अलङ्कार विम्व प्रतिक प्रस्तुति पदविन्यासको चर्चा र उदाहरण दिएर कलात्मक महाकाव्य परम्परामा अश्वघोष र बढी कालिदासको विशिष्ट स्थान रहेको कुरा प्रष्ट्याइएको छ । तेस्रो उपशीर्षकलाई 'कालिदासको महाकाव्यकारिता र कुमार सम्भवम् महाकाव्यको विवेचना' भनेर कालिदासको महाकाव्यकारिताको वर्णन गर्दै कुमार संम्भवम् र रघुवंशमा विद्यमान विशेषताहरुलाई आठ भागमा विभाजन गरेर उदाहरण सहित प्रस्तुत गरी कुमारसम्भवम् महाकाव्यको परिचय दिइएको छ । चौथो उपशीर्षकलाई 'भारवि माघ र श्रीहर्षका शास्त्रीय महाकाव्य' भनेर शास्त्रीय महाकाव्यको परिचयका साथै शास्त्रीय महाकाव्यका रचयिता भारवि, माघ र श्रीहर्षको परिचय र काव्यको उदाहरण सहित चर्चा गरिएको छ । पाचौं उपशीर्षकलाई 'काव्य परम्पराको सिर्जनात्मक एवं निर्माणात्मक युग' भनेर महाभारतले सिर्जना गरेको संस्कृत महाकाव्य परम्परालाई अश्वघोष, कालिदास हुँदै भारवि, माघ, श्रीहर्ष सम्मको अवधि संस्कृत काव्यको निर्माणात्मक युग रहेको भन्ने चर्चा गरिएको छ ।

चौथो अध्यायलाई 'संस्कृत नाटकको परम्परा' भन्ने शीर्षक दिएर नाटकको परम्पराको थालनी ऋग्वेद, यजुर्वेद देखि भएर क्रमिक रुपमा विकशित हुँदै गएको नाट्य शास्त्रका आदि प्रवर्तक

आचार्य भरतमुनि भएको चर्चा गर्दै यस शीर्षकलाई तिन उपशीर्षकमा विभाजन गरिएको छ । पहिलो उपशीर्षकलाई ‘भास कालिदास र शुद्रकका कलात्मक नाट्यधारा’ भन्ने शीर्षक दिएर नाटककार भासको परिचय दिई भासले १३ वटा नाटक लेखेका छन् । उनका नाटकमा सरलता, सहजता, संवेद्यता भावको विचित्रता, मनोवैज्ञानिकता, सुन्दरता जस्ता गुणहरु पाइन्छन् भन्दै नाटककार अश्वघोष कालिदास, शुद्रकको परिचय सहित उनीहरुको नाटकहरुका उदाहरणहरु प्रस्तुत गरिएको छ । दोस्रो उपशीर्षकलाई ‘भवभूति, श्रीहर्ष र विशाखदत्तका शास्त्रिय नाट्यधारा’ भनेर नाटककारहरु भवभूति यशोबर्मा हर्षबर्द्धन/ श्रीहर्ष/ हर्ष, विशाखदत्त, भट्टनारायण, मुरारी राजशेखरका नाटकहरुसमेत सङ्क्षिप्त परिचय दिइएको छ । तेस्रो उपशीर्षक भाई स्वप्नवासवदत्तम् नाटकको ‘विवेचना’ भने शीर्षक दिएर र यस नाटकमा प्रयोग भएको छन्द भाषाशैलीको बारेमा सो उदाहरण चर्चा गरिएको छ ।

पाँचौं अध्यायलाई ‘संस्कृत गद्य साहित्यको परम्परा’ भन्ने शीर्षक दिएर संस्कृत गद्य साहित्य परम्परा लामो रहेको छ । उपनिषद्हरुमा पनि गद्यको प्रयोग भएको, संसकृत गद्य साहित्यमा बृहत् काथाका बारेमा सर्वप्रथम दण्डीको काव्यादर्शनमा उल्लेख भएको संस्कृत साहित्यमा गद्यको दुई धारा भएको भन्दै संस्कृत गद्य साहित्यको चर्चा गरिएको यस शीर्षकलाई दुई उपशीर्षकमा विभाजन गरिएको छ । पहिलो उपशीर्षकलाई ‘नैतिक कथा साहित्यः बृहत कथा पञ्चतन्त्र र हितोपदेश भन्ने शीर्षक दिएको छ जसमा बृहत् कथा गुणाढ्यले लेखेको हुन भन्दै बृहतकथाको संरचना, कथावस्तुको चर्चा गर्नुका साथै हितोपदेश, पञ्चतन्त्र कथाको क्रमश परिचयका साथै भाषाशैली संरचना र कथावस्तुको बारेमा सो उदाहरण उल्लेख गरिएको छ । दोस्रो उपशीर्षकलाई दण्डी र वाणको गद्यकाव्य धारा भन्ने शीर्षक दिएर दण्डी र वाणको कृति सहित परिचय दिदैं ६ वाणको, हर्षचरित र कादम्बरी कृतिबारे सङ्क्षिप्त चर्चा गरिएको छ ।

परिशिष्टमा संस्कृत साहित्यबारे छोटकरीमा जानकारी दिएको पाइन्छ ।

संस्कृत साहित्यको दर्पण शैक्षिक प्रयोजनको लागि लेखिएको पुस्तक हो । यो पुस्तक स्नाकोत्तर तहको स्तर बुझेर त्यसै अनुरुप लेखिए तापनि संस्कृत साहित्यको बारेमा जान्न चाहने मानिसको लागि साँच्चै नै दर्पण नै सावित भएको छ । संस्कृत जस्तो कठिन भाषा साहित्यको बारेमा विस्तृत अध्ययन अनुसन्धान गरी सरल, सहज भाषामा लेखिएको यो पुस्तक बुझ्नलाई कुनै समस्या नपर्ने बुझिन्छ । यस पुस्तकमा दिएका संस्कृत साहित्यको वैदिक युग, आर्षयुगमा रचिएका उपनिषद् वेद रामायण, भावत, महाभारत जस्ता पौराणिक ग्रन्थले यस्ता ग्रन्थहरुको विस्तृत जानकारी दिन सफल देखिन्छ भने महाकाव्य नाटक र गद्य साहित्य परम्पराले संस्कृत साहित्यको

विकासक्रम र संस्कृत साहित्य विकास गर्ने विभिन्न हस्तिहरुको बारेमा अवगत गराउन पनि सफल देखिन्छ ।

### ४.३.९ अनिवार्य नेपालीको अध्ययन

प्रस्तुत पुस्तक प्रमाणपत्र तह (नर्सिङ र सामान्य चिकित्सा) का लागि अनिवार्य नेपाली विषयको पाठ्यक्रमलाई आधार बनाएर सोही पाठ्यक्रमको प्रयोजनको लागि लेखिएको देखिन्छ । धर्मराज अधिकारीले यो पुस्तक नेपाली भाषा साहित्यकी विदुषी प्राध्यापक सुमित्रा बाँस्कोटासँग मिलेर लेखेका हुन् । नेपाली भाषाका अनुभवी तथा लगनशील दुई जना प्राज्ञको बुद्धि र विवेक खर्च गरेर तयार पारिएको प्रस्तुत पुस्तकले नेपाली भाषाप्रति रुचि राख्ने पाठकलाई निकै प्रभाव र सहयोग गरेको कुरा एक वर्षमै दोस्रो संस्करण प्रकाशित भएबाट जानकारी लिन सकिन्छ । यो पुस्तक प्रथम पटक वि.सं. २०७० मा (मकालु प्रकाशन गृह डिल्लीबजार काठमाडौं) बाट प्रकाशित भएको देखिन्छ । यस पुस्तकमा तिनवटा खण्ड छन्- व्याकरण खण्ड, वोध र अभिव्यक्ति खण्ड र कृति र समीक्षा खण्ड हुन् । व्याकरण खण्डमा चारवटा एकाइ रहेका, बोध र अभिव्यक्ति खण्डमा तीनवटा एकाइ र कृति र कृति समीक्षा खण्डमा कविता, नाटक, कथा, निबन्ध र उपन्यास खण्डहरु छन् भने अन्तमा नमुना प्रश्नपत्र प्रस्तुत गरिएको छ । यसको दोस्रो संस्करण वि.सं. २०७१ भाद्रमा मकालु प्रकाशन गृह डिल्लीबजार काठमाडौंबाटै प्रकाशित भएको पाइन्छ ।

प्रस्तुत ‘अनिवार्य नेपाली’ मा व्याकरणका नेपाली वर्ण र वर्णविन्यास, शब्द शब्दवर्ग तथा शब्द निर्माण, वाक्य तत्त्व र वाक्यान्तरण, प्राविधिक शब्दहरुको शब्दार्थ परिचय, अभ्यासका साथै बुँदाटिपोट, संक्षेपीकरण, अनुच्छेद लेखन, निबन्ध लेखन र कृति र कृति समीक्षा प्रस्तुत गरिएको छ । प्रस्तुत ‘अनिवार्य नेपाली’ दोस्रो संस्करणमा दिएका व्याकरण खण्ड, बोध र अभिव्यक्ति खण्ड र कृति र कृतिसमीक्षा खण्डका एकाइहरुमा के के छन् संक्षिप्त रुपमा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

पहिलो खण्डलाई ‘व्याकरण’ भनेर यस अन्तर्गत चारवटा एकाइहरु राखिएका छन् । पहिलो एकाइलाई नेपाली वर्ण र वर्णविन्यास भन्ने शीर्षक दिएको छ । यसमा नेपाली वर्णहरुको परिचय दिदैं नेपाली स्वर र व्यञ्जन वर्णहरुको वर्गीकरण गर्दै देवनागरी लिपिका विशेषता, कथ्य र लेख्य नेपाली भाषामा भिन्नता, नेपाली अक्षरहरुको संरचना, नेपाली वर्ण विन्यास ह्रस्वदीर्घ हलन्त सम्बन्धी नियम र अपवाद, तत्सम शब्द, प्रत्यय, उपसर्ग, पद र पदवियोग साथै लेख्य चिन्हहरुको प्रयोग चर्चा गरिएको देखिन्छ । दोस्रो एकाइलाई शब्दवर्ग शब्द रुपायन तथा शब्द निर्माण भन्ने शीर्षक दिएको छ । यसमा शब्दवर्ग, शब्द रुपायन, शब्दनिर्माणको परिचय दिँदै शब्दवर्गको पहिचान सम्बन्धी अभ्यास,

शब्द रुपायन, शब्द रुपावलीको परिचय अभ्यासका साथै व्याकरणात्मक कोटिहरु लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष, वाच्य, अर्थ/ भाव, शब्दनिर्माण व्युत्पादनको परिचय, व्यत्पादन रुपायनमा फरक छुट्याउने अभ्यास, उपसर्गद्वारा शब्दनिर्माण, उपसर्ग आधार तत्त्व चिन्ने अभ्यास र समास विग्रहको परिचय र प्रकारको उल्लेख गरिएको छ । एकाइ तीनलाई वाक्यतत्व र वाक्यान्तरण शीर्षक दिई यस अन्तर्गत क्रियापदको परिचय प्रकार, कालको परिचय, पक्षहरु काल र पक्षको तालिका, भाव र भावका प्रकार, वाच्य र वाच्यको प्रकार, सङ्गति, कारक र कारक विभक्ति, वाक्य र यसका प्रकार, करण, अकरण र उक्ति परिवर्तन, वाक्य विश्लेषण संश्लेषण र आदरार्थी परिवर्तनको बारेमा उल्लेख गरिएको छ । एकाइ चारलाई केही प्राविधिक शब्दहरुको शब्दार्थ ज्ञान र अभ्यास शीर्षक दिई मानविकी, सामाजिक शास्त्र, कानुन, कृषि, व्यवस्थापन, वन चिकित्सा इन्जिनियरिङ विज्ञान प्रविधि शिक्षा र सञ्चार क्षेत्रका शब्द र अर्थहरुको परिचय दिइएको छ ।

दोस्रो खण्डलाई बोध र अभिव्यक्ति भनेर यस अन्तर्गत तिनवटा एकाइहरु राखिएका छन् । पहिलो एकाइलाई बोध, बुँदा टिपोट, सङ्क्षेपीकरण र अनुच्छेदलेखन शीर्षक दिई बोधको परिचय बोध प्रश्नको उत्तर दिने तरिका, बुँदाटिपोट, संक्षेपीकरण, विस्तृतीकरण, अनुच्छेद लेखनको तरिकाको सोदाहरण चर्चा गरिएको छ । दोस्रो एकाइलाई पत्ररचना शीर्षक दिई चिठी, निवेदन, निमन्त्रणा, विज्ञापन, समवेदनापत्र लेखनको उदाहरणसहित परिचय दिइएको छ । तेस्रो एकाइलाई निबन्धलेखन शीर्षक दिई निबन्धको परिचय दिँदै निबन्धको प्रकार, निबन्धलेखनमा ध्यानदिनुपर्ने कुराहरु टिप्पणी, प्रतिवेदन लेखनको नमुना सहित उल्लेख गरिएको छ ।

तेस्रो खण्डलाई कृति र कृति समीक्षा भनेर यस अन्तर्गत पाँचवटा उपखण्डहरु राखिएका छन् । पहिलो उप खण्डलाई कविता खण्ड भनिएको छ । यसमा कविताको परिचय दिदैं कवि शिरोमणि लेखनाथ पौड्यालको 'नैतिक दृष्टान्त', लक्ष्मीप्रसाद देवकोटाको 'वन', सिद्धिचरण श्रेष्ठको माग्नेको गित, गोपाल प्रसाद रिमालको पविर्तन, माधवप्रसाद घिमिरेको 'यही हो मेरो देश' भूपि शेरचनको 'मेरो देश' कविताको विश्लेषण र कविहरुको संक्षिप्त परिचय दिइएको छ । दोस्रो उपखण्डलाई नाटक खण्ड भनिएको छ । यसमा नाटककारहरु बालकृष्ण समको 'नालापानी', 'रणदुल्लभ' एकाङ्की, विजय मल्लको बहुलाकाजीको सपना नाटकको विवेचनाका साथै नाटककारहरुको संक्षिप्त परिचय दिएको छ । तेस्रो उपखण्ड कथा खण्डमा कथाकार गुरुप्रसाद मैनालीको 'छिमेकी' विश्वेश्वरप्रसाद कोइरालाको सिपाही, भवानी भिक्षुको 'हारजित', इन्द्रबहादुर राईको 'रातभरि हुरी चल्यो', रमेश विकलको 'मधुमालती'को मूल सन्देशका साथै कथाकारहरुको परिचय दिइएको छ । चौथो उपखण्डलाई निबन्ध खण्ड भनिएको छ । यसमा निबन्धकार लक्ष्मीप्रसाद

देवकोटाको 'भलाद्मी', 'वीरहरु' श्यामप्रसाद शर्माको 'आइमाई साथी', भैरव अर्यालको 'महापुरुषको सङ्गत' निबन्धको भाव, सन्देश र कविको परिचय दिइएको छ । पाँचौ उपखण्डमा उपन्यासकार पद्मावती सिंहको 'समानान्तर आकाश' उपन्यासको परिचय दिदैं औपन्यासिक प्रवृत्ति, उपन्यासको शीर्षक सार्थकता र विवेचना गरिएको छ (अधिकारी, २०७१:२३२) ।

अनिवार्य नेपाली शैक्षिक प्रयोजनका लागि लेखिएको पुस्तक हो । यो पुस्तक प्रमाणपत्र तहको स्तर बुझेर त्यसै अनुरुप लेखिए तापनि माथिल्ला तहका लागि पनि यो पुस्तक अति नै उपयोगी छ । यस पुस्तकमा दिइएका उदाहरणहरु सरल र सहज भएकाले बुझ्नलाई कुनै समस्या नपर्ने देखिन्छ । त्यसैले यस पुस्तकले स्नातक तह र स्नातकोत्तर तहसम्म पनि प्रशस्त सहयोग गर्न सकेको पाइन्छ । यस पुस्तकमा दिइएका बोध, बुँदा टिपोट, सङ्क्षेपीकरण, अनुच्छेद लेखन, पत्ररचना, निबन्ध लेखन, टिप्पणी लेखन, प्रतिवेदन लेखनले विभिन्न शीर्षकमा स्वतन्त्र रुपमा लेख्ने कलाको विकास गरेको पाइन्छ भने व्याकरणले शुद्ध लेखनका साथै भाषिक समस्या समाधान गर्न र कृति र कृति समीक्षाले विभिन्न कथाकार, निबन्धकारहरुको बारेमा जानकारी लिने र व्याख्या विश्लेषण र विवेचना गर्ने कला आदि समस्याको समाधान गर्न र विकास गर्न सफल देखिन्छ ।

## ४.४ भाषाशैली

शोधनायक अधिकरीको भाषा वस्तुपरक भए पनि सरल तथा मीठासयुक्त छ र सरल नेपाली शब्दका साथै आगन्तुक शब्दको प्रयोग, पारिभाषिक शब्दको प्रयोग संस्कृत शब्दको प्रयोग नेपाली शब्दको स्पष्टीकरण दिने क्रममा आवश्यकता अनुसार कोष्ठभित्र अंग्रेजी शब्द पनि उनले दिएका छन् । सरल नेपाली प्रयोग हुँदाहुँदै आलङ्कारिक भाषाको प्रयोग पनि कहीकाहीँ उनले गरेको देखिन्छ । उनका समालोचनामा तत्सम, तत्भव शब्दका साथै निरंकुश, तानशाह, भूगोल, लोकतान्त्रिक जस्ता पारिभाषिक शब्दहरुको राम्ररी प्रयोग भएको छ । आगन्तुक शब्दहरुमा हिन्दी, अंग्रेजी, फारसी स्रोतका शब्दहरुको पनि उचित प्रयोग भएको देखिन्छ । समालोचकको भाषा जटिल नभएर सरल तथा सुबोध देखिन्छ । यसो हुनुमा समालोचक शिक्षक भएको र स्तरअनुसारको भाषाशैली प्रयोग गरेको पाइन्छ । यस प्रकार अधिकारीले यी समालोचनात्मक पुस्तकहरुमा संस्कृत तत्सम, तद्भव, आगन्तुक, झर्रा नेपाली, अङ्ग्रेजी शब्दको उचित प्रयोग भएको देखिन्छ । समालोचक अधिकारीको भाषाशैली सरल, सहज र स्वभाविक भएर पनि आकर्षक भएको छ ।

## अध्याय पाँच

# धर्मराज अधिकारीको साहित्यिक योगदानको मूल्याङ्कन

धर्मराज अधिकारी कथा, कविता, निबन्ध, समीक्षा-समालोचना संस्कृत साहित्यको दर्पण, पाठ्यपुस्तकका लेखक हुन् । उनले समालोचना क्षेत्रमा विशेष सफलता प्राप्त गरेका छन् भने पाठ्यपुस्तक कथा क्षेत्रमा पनि उनले दिएको योगदान महत्त्वपूर्ण छ ।

धर्मराज अधिकारी प्रगतिवादी नेपाली साहित्यको इतिहासमा समालोचना विधाबाट प्रवेश गरेका हुन् । वि.सं. २०३८ देखि समालोचना लेखनमा निरन्तर लागिरहेका अधिकारीका अहिलेसम्म प्रकाशित समालोचनात्मक कृतिहरु श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन, आँखीझ्यालबाट हेर्दा श्यामप्रसाद शर्मा, श्यामप्रसादको साहित्यिक योगदान, श्यामप्रसादको जीवनी व्यक्तित्व, श्यामप्रसादको प्रबन्धगत योगदान, गुप्तवासको रहस्य भाषा विज्ञान, अनिवार्य नेपाली छन् र फुटकर रुपमा प्रकाशित समालोचनात्मक कृतिहरु ५० को हाराहारीमा छन् । उनका समग्र समालोचनात्मक कृतिहरुको मूल्याङ्कन गर्दा निम्न बुँदाहरु प्रवृत्तिको रुपमा देखा पर्छन् ।

- उनी प्रगतिवादी समालोचक हुन् ।
- वस्तुनिष्ठ समालोचक हुन् ।
- कृतिको सामाजिक मूल्यलाई हेरेर यथार्थपरक समालोचना गर्ने समालोचक हुन् ।
- उनको लेखन छिरलो नभएर सुगठित छ विश्लेषणात्मक छ व्याख्यात्मक र मूल्याङ्कनात्मक छ ।
- समाजका होची अर्गेलीहरु र तिनबाट निस्कने विषम भावले उब्जाएका सामाजिक दोहन शोषणहरुका विरुद्धको बुलन्द आवाजलाई उनको लेखनले गति प्रदान गरेको छ र त्यस्ता चरित्रहरुप्रति न्याय गरेको छ ।
- निर्बैयक्तिक समालोचक अधिकारी तुलनात्मक रुपमा २०४० पछिका उम्दा समालोचक ठहर्छन् ।

राज्यले उत्पन्न गरेको होची अर्घेलीका विरुद्धको जनआवाज र चाहनालाई केन्द्रमा राखेर कृतिको व्याख्या विश्लेषण गर्न रुचाउने, समाजमा विद्यमान कुप्रथा कुरीती कुसंस्कार र कठिन परिस्थितिहरुमा लेख्न चाहने, चिन्तनका फाँटमा फैलिएका ह्रासोन्मुख मूल्य एवं मान्यताको जरो उखेली उधिन्याउँदै नयाँ मूल्य र मान्यताको स्थापनाको निम्ति अग्रसर हुने हरेक व्यक्ति र कृतिको

मूल्याङ्कन गर्दा समय, वर्ग, विचार र व्यवहारलाई आधार बनाउनुपर्छ भन्ने समयको सामाजिक, राजनीतिक, आर्थिक अवस्थाको अध्ययन गर्नुपर्ने धारणा राख्ने अधिकारीको मूल्याङ्कन वर्तमान लेखकहरुको सूचीमा सूचीकृत हुन्छ । अहिले पनि लेखनलाई निरन्तरता दिइराखेका उनको मूल्याङ्कन गर्ने बेला भएको छैन । तथापि लेखनका निरन्तरता प्रगतिवादप्रतिको निष्ठा कृतिहरुलाई नयायोचित रुपमा व्याख्या विश्लेषण गर्ने, निष्पक्ष मूल्याङ्कन गर्ने, तटस्थताको समालोचकीय धर्मलाई अवलम्बन गरी नयाँ परम्पराको थालनी गर्ने खुबी जस्ता विशेषताले गर्दा उनी चल्तीका जल्दाबल्दा समालोचकहरुको माभ्फ पृथक र उच्चकोटीका ठहर्छन् ।

प्रगतिवादी समालोचनाका क्षेत्रमा धर्मराज अधिकारीको योगदान अहिलेसम्म पनि निरन्तर रुपमा रहेको छ । उनका समालोचना बाहेकका अरु विधाहरुमा रहेको योगदान त्यति उम्दा देखिँदैन । यद्यपि साहित्यका विभिन्न विधामा उनले दिएको योगदानलाई कम आँक्न मिल्दैन । मूल तहः उनी समालोचक हुन् । चालीसको दशकदेखि समालोचना लेखनको क्षेत्रमा क्रियाशील अधिकारीको मूल्याङ्कन गर्नुपर्दा उनी प्रगतिवादी समालोचकहरुका माभ्फ सशक्त देखिन्छन् । जगदीशचन्द्र भण्डारी, तारकान्त पाण्डे, जितेन्द्रदेव गिरीहरुकै हाराहारीमा उनको नाम आउँछ । उनी निरन्तर लेखनमा छन् । उनको मूल्याङ्कन गर्नेबेला अभ्फै भइसकेको छैन । तथापि समालोचकीय योगदानका बारेमा भन्नुपर्दा उनी जीवनधर्मी समालोचक हुन् । समसामुहिक विषयवस्तु माथि केन्द्रिकृत भएर शैद्धान्तिक र व्यवहारिक समालोचनाका क्षेत्रमा योगदान गरिरहेका उनको योगदानलाई वर्तमान लेखकको साक्ष मानिन्छ ।

# अध्याय छ
# उपसंहार

## ६.१ सारांश

धर्मराज अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वक शीर्षकको शोधपत्रलाई जम्मा पाँच परिच्छेदमा विभाजित गरी सङ्गठित गरिएको छ ।

शोधपत्रको पहिलो परिच्छेदमा परिचय छ, भने दोस्रो परिच्छेदमा धर्मराज अधिकरीको जीवनीको अध्ययन रहेको छ । त्यस्तै परिच्छेद तिनमा अधिकारीको व्यक्तित्वको अध्ययन गरिएको छ । परिच्छेद चारमा अधिकारीको कृतित्वको अध्ययन गरिएको छ भने शोधपत्रको पाचौँ परिच्छेदमा अध्ययनको उपसंहार सारांश र निष्कर्षको प्रस्तुति रहेको छ । परिच्छेद एकमा शोत्रपत्रको विषय, परिचय, शोधको समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा सीमा र अध्ययनको औचित्य शोधविधि र शोधपत्रको रुपरेखा चर्चा गरिएको छ । परिच्छेद दुईमा धर्मराज अधिकारीको जीवनी चर्चा गरिएको छ । यसभित्र पृष्ठभूमि, बाल्यकाल, शिक्षादीक्षा, चूडाकर्म, विवाह, जन्मस्थान, मातापिता, पारिवारिक स्थिति, बसोबास आजीविका, आर्थिक अवस्था, जागिरे जीवन, प्रेरणा र प्रभाव, प्रथम प्रकाशित रचना र कृति, राजनीतिक अवस्था, जेलजीवन, अविस्मरणीय घटना, समाजसेवा, रुचि तथा स्वभाव, खानपान, सम्मान पुरस्कार तथा भ्रमण, साहित्यिक संघसंस्थाको स्थापना, संलग्नता, जीवन दर्शनको बारेमा चर्चा गरिएको छ । धर्मराज अधिकारीको जीवनीको बारेमा विस्तृत रुपमा विश्लेषण गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा धर्मराज अधिकारीको व्यक्तित्वको अध्ययन गरिएको छ । व्यक्तित्व अन्तर्गत आन्तरिक व्यक्तित्व र बाह्य व्यक्तित्वको चर्चा गरिएको छ । आन्तरिक व्यक्तित्वमा अधिकारीका गुण, स्वभाव, आचरण र प्रवृत्तिको चर्चा गरिएको छ । त्यस्तै बाह्य व्यक्तित्वमा शारीरिक व्यक्तित्व, व्यवसायिक, साहित्यिक, कवि, निबन्धकार, अनुवादक संस्मरण, कथाकार, समालोचक, भाषिक, सामाजिक, राजनीतिक, सम्पादन पथप्रदर्शक व्यक्तित्वको बारेमा विश्लेषण गरिएको छ । चौथो परिच्छेदमा धर्मराज अधिकारीको कृतित्वको अध्ययन गरिएको छ । जसमा 'श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन' कृतिको अध्ययन, यो धर्मराज अधिकारीको पहिलो अनुसन्धानात्मक कृति हो । यस कृतिलाई श्यामप्रसादको जीवनी, व्यक्तित्व, कृतित्वको अध्ययन, मूल्याङ्कन र उपसंहार गरी पाँच परिच्छेदको छुट्टाछुट्टै विश्लेषण गरिएको छ । अधिकारीको दोस्रो कृति 'आँखीभ्यालबाट हेर्दा श्यामप्रसाद शर्मा' को अध्ययनमा श्यामप्रसादको बारेमा भएका कामहरु

उनी बारेको अवधारणा टिपोट, समीक्षा, अनतरङ्ग, प्रसङ्गलाई विभिन्न व्यक्तिहरुले गरेका टिकाटिप्पणीलाई चर्चा गरिएको छ । यस कृतिमा सानै उमेरदेखि अनेक संकट र संघर्ष गर्दै आएका श्यामप्रसादको साहित्यिक जीवन र भूमिगत जीवनलाई विभिन्न व्यक्तिहरु मार्फत मूल्याङ्कन गर्न र गुण अवगुणलाई केलाउन खोजिएको छ । 'होङ्बु र नोल्बु' कथामा नेपाली समाजमा जसको शक्ति उसको भक्ति भन्ने उक्तिलाई सार्थक पार्ने थुप्रै कार्यहरु छन् । ती मध्येको दाजुभाइमा बाडिने अंश पनि एक हो । त्यही परम्परालाई यसमा देखाइएको छ भने नराम्रो कामको फल नराम्रो नै मिल्छ राम्रो कामको फल राम्रै मिल्छ भन्ने कुरालाई पनि होङ्बु र नोल्बु दाजुभाइको चरित्र मार्फत देखाइएको छ । शरणमा आउनेलाई शरण दिनुपर्छ यो महान कार्य हो भन्ने सन्देश दिन खोजिएको छ । 'श्यामप्रसादको साहित्यिक योगदान' मा प्रगतिवादीको सैद्धान्तिक आधार तथा प्रगतिवादी साहित्यको परम्परा, श्यामप्रसादको कविता, गीत र बालगीतहरुको, श्यामप्रसादको निबन्धहरु, उनका सैद्धान्तिक प्रायोगिक समालोचना पत्र, डायरी संस्मरणको अध्ययन गरि श्यामप्रसादले प्रगतिवादी साहित्यमा पुऱ्याएको योगदानको विस्तृत विश्लेषण गरिएको चर्चा गरिएको छ । धर्मराज अधिकारीको चौथो अनुसन्धानात्मक कृति 'श्यामप्रसादको जीवनी' व्यक्तित्व मा श्यामप्रसादको जीवनी, लेखन, राजनीति, भूमिगत जीवन र श्यामप्रसादको व्यक्तित्व, निजी सार्वजनिक, सामाजिक, राजनीतिक, पत्रकार, पथप्रदर्शक, सम्पादन, स्रष्टा व्यक्तित्व, द्रष्टा व्यक्तित्व र अनुवादक व्यक्तित्वलाई विभिन्न दृष्टिकोणबाट देखाइएको चर्चा गरिएको छ । श्यामप्रसादको जीवनी र व्यक्तित्व प्रत्येक मानवको लागि प्रेरक हुने बताइएको छ । अधिकारीको अर्को अनुसन्धात्मक कृति 'श्यामप्रसादको प्रबन्धगत योगदानमा श्यामप्रसादको कृतिहरुलाई २३ भागमा वर्गीकरण गरि विश्लेषण गरिएको छ । श्यामप्रसादका प्रबन्धगत धारणाहरुलाई प्रस्तुत गरी प्रबन्धगत योगदानको चर्चा गरिएको छ । श्यामप्रसादको निबन्धहरु नितान्त व्यावहारिक, ज्ञानमूलक भएकोले उनको निबन्धहरुको बारेमा अध्ययन गर्ने जो कोही लाभान्वित हुने बताइएको छ । 'गुप्तवासको रहस्य धर्मराज अधिकारीको खोजमूलक कृति हो । यस कृतिमा श्यामप्रसादको २३ वर्षे लामो रहस्यमय भूमिगत जीवनको विभिन्न पक्षहरुलाई जनता समक्ष प्रस्तुत गरिएको छ । श्यामप्रसाद भूमिगत रहँदा उनका राजनीति, अर्थनीति, साहित्यिक, सामाजिक, महिला शिक्षा, स्वास्थ्य, धर्म, जातजाति बारेको गतिविधिलाई र उनीसँग भूमिगत रहँदा साक्षात्कार व्यक्तिहरुको अर्न्तवार्ता र उनीसँगकै अन्तरङ्गलाई देखाइएको छ । अधिकारीको पाठ्यपुस्तक सम्बन्धी पुस्तक 'संस्कृत साहित्यको दर्पण' मा संस्कृत साहित्यको परिचय, संस्कृत साहित्यको आर्षयुग, संस्कृत कलात्मक महाकाव्य परम्परा, संस्कृत नाटकको परम्परा, संस्कृत गद्यसाहित्यको परम्पराको चर्चा गरिएको छ । अधिकारीको दोस्रो

पाठ्यपुस्तक अनिवार्य नेपाली मा नेपाली वर्णहरुको, परिचय, नेपाली अक्षरहरुको संरचना, वर्णविन्यास, शब्दवर्ग, शब्द रुपायन तथा शब्दनिर्माण, समास विग्रह, वाक्यतत्व र वाक्यान्तरण, प्राविधिक शब्दहरु, बोध बुँदा टिपोट संक्षेपिकरण, पत्र रचना, निवन्ध लेखन, कृति समीक्षा, को बारेमा चर्चा गरिएको छ । यो प्रविणता प्रमाणपत्र तहको लागि रचना गरिएको पाठ्यपुस्तक हो ।

अन्तिम तथा पाचौँ परिच्छेदमा शोधकार्यका परिच्छेदगत सारांश अथवा प्रत्येक परिच्छेदमा समावेश गरिएका कुराहरुको उपसंहार तथा निष्कर्ष उल्लेख गरिएको छ । विभिन्न कोणबाट गरिएको अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष

वि.सं. २०१८ साल कार्तिक १९ गतेका दिन लुम्बिनी अञ्चलको अर्घाखाँची जिल्लाको हंसपुर गा.वि.स. वडा नं २ मा पर्ने दहपोखरीमा जन्मेका धर्मराज अधिकारी स्व. पण्डित श्री विष्णुप्रसाद र शोभना अधिकारीका चौथो सन्तान जेठो छोरा हुन् । पण्डित विष्णुप्रसाद संस्कृतका प्रकाण्ड विद्वान र आर्युवेदका ज्ञाता थिए । छोरी छोरी माथिका एउटा छोरा भएको कारण अधिकारी सबैको आँखाका तारा भएका थिए । त्यसैले उनको बाल्यकाल सुखमय वातावरणमा बितेको देखिन्छ । उनको अक्षराम्भ उनकै पिताबाट भएको हो । घरमै शिक्षक राखेर तीन वर्षको उमेरदेखि नै पढ्न थालेका अधिकारीले मास्किङ मिडिल स्कुलमा चार पास गरेपछि कपिलवस्तु जिल्लाको तौलिहवा सदरमुकाममा पर्ने तौलेश्वर नाथ संस्कृत मा.वि. बाट प्रथम श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेका हुन् । क्याम्पसस्तरको अध्ययनको लागि दाङको जनता क्याम्पसमा भर्ना भई त्यहीबाट आई.ए. पास गरेर अधिकारी उच्चशिक्षाको लागि काठमाडौँ आएर बाल्मीकि क्याम्पसमा भर्ना भई बी.ए. र किर्तीपुर बहुमुखी क्याम्पसबाट एम.ए, विस्तार क्याम्पसबाट एक वर्षे बी.एड. प्रथम श्रेणीमा पास गरे । वि.सं. २०६६ मा आएर त्रि.वि. बाट विद्यावारिधि गरेको देखिन्छ । अध्ययनको क्रममा विभिन्न ठाउँमा बसोबास गर्दै आएका अधिकारी हालको बसोबास महालक्ष्मी नगरपालिका १७ इमाडोल बोजोपोखरीमा छ । उनको विवाह वि.सं. २०४८ सालमा लक्ष्मीदेवी शर्मासँग विवाह भएको थियो । उनका दुई छोरीहरु उच्चशिक्षा हासिल गरिरहेका छन्।

धर्मराज अधिकारीको जागिरे जीवन २०३८ देखि सुरु भएको हो । विभिन्न माध्यामिक स्कुल र कलेजहरुमा अध्यापन गराउँदै आएका अधिकारी हाल सानोठिमी क्याम्पस र पाटन संयुक्त क्याम्पसमा अध्यापनरत छन् । त्यसको साथै पि.टि.ए. कर्मचारी प्रशिक्षण केन्द्रक स्रोत व्यक्ति, बेलाबेलामा ट्रेनिङ्ग सम्बद्ध कक्षा लिँदै आएका छन् । त्यसको अलावा अंग्रेजी, फ्रेन्च र स्पेनिस

भाषाको टुरिष्ट गाइड समेत गर्दै आएका छन् । साथै नेपाल बाल साहित्य समाजको सदस्य, युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठान सदस्य, नागार्जुन साहित्य प्रतिष्ठानको आजीवन सदस्य, पि.टि.ए. को स्रोत व्यक्तिका रुपमा रहेर निरन्तर कार्य गरिरहेका छन् ।

आफ्नै पिता र रा.वि.से. शिक्षक यादव प्रसाद ढुङ्गानाका साहित्यिक प्रेरणा पाएर साहित्यिक क्षेत्रमा हात हालेका अधिकारीले कथा, कविता, निबन्ध, बालकथा, यात्रा संस्मरण, समीक्षा - समालोचना विधामा कलम चलाउँदै आएका अधिकारीले विशेषतः समीक्षा-समालोचना लेखेका छन् । विद्यार्थीदेखि नै राजनीतिमा लागेका अधिकारी तिन पटकसम्म जेल परे र आफ्नो राजनीतिक क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष रुपमा लागि परे तर पनि उनको राजनीतिक जीवन भने त्यति सफल रहेको पाइँदैन । लेखनसँग सँगै उनले प्राध्यापन पेसा र समाजसेवा समेत समान रुपले अगाडी बढाएको पाइन्छ । 'जीवन एक अनुभव' निबन्धबाट लेखन सुरु गरेका अधिकारीले वि.सं. २०३८ सालमा गोरखापत्रमा प्रकाशित सिद्धिचरण श्रेष्ठको काव्यकारिता भन्ने समीक्षा पहिलो प्रकाशित रचना हो । उनका श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन, आँखिझ्यालबाट हेर्दा श्यामप्रसाद शर्मा, हङ्बु र नोल्बु (बालकथा), श्यामप्रसादको साहित्यिक योगदान, श्यामप्रसादको जीवनी/ व्यक्तित्व, श्यामप्रसादको प्रबन्धगत योगदान, गुप्तवासको रहस्य, संस्कृत साहित्यको दर्पण, अनिवार्य नेपाली जस्ता समालोचनात्मक कृतिहरु प्रकाशनमा छन् साथै निबन्ध, कथा, कविता, यात्रा संस्मरण, भाषिक, वैचारिक लेख रचनाहरु प्रकाशित हुँदै आएका छन् । अधिकारी प्रगतिवादी समालोचक हुन् । समाजमा विद्यमान कुरिति, कुसंस्कार, समाजका होची अर्गेलीहरु र तिनबाट उब्जने सामाजिक दोहन सोषण, राजनीतिक उतारचढाव, विकृति र विसङ्गतीका विरुद्धमा उनले सशक्त ढङ्गले कलम चलाएका छन् ।

अधिकारीले लेखन, अध्यापन, समाजसेवाका साथै विभिन्न पत्रपत्रिकाहरुको सम्पादन पनि गरेका छन् । नयाँ ठाउँ घुम्न अत्यन्तै रुचाउने अधिकारीले नेपालको धेरैजसो ठाउँ, भारत र भुटानको समेत भ्रमण गरेका छन् । सादा जीवन उच्च विचारका धनी अधिकारीले साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न संघसंस्थाहरुले सम्मान/ पुरस्कारबाट पुरस्कृत गरेका छन् । साहित्यिक, पथप्रदर्शक, सामाजिक, राजनीतिक जस्ता विवध व्यक्तित्वका धनी अधिकारी बहुप्रतिभाशाली व्यक्तित्व हुन् ।

धर्मराज अधिकारीको लेखनको स्रोत श्यामप्रसाद जस्तो महान स्रष्टा र उनको ओझेल परेको व्यक्तित्व, उनका साहित्यका विविध पाटाहरु, कम्युनिष्ट आन्दोलन, ने.क.पा. माओवादीद्वारा सञ्चालित दश वर्षे युद्ध, मार्क्सवादी, चिन्तनदृष्टि, राजनीतिक वातावरण, सामाजिक परिवेशहरु

एवम् संस्कृतका प्रकाण्ड विद्वान हुनु देखिन्छ । उनका साहित्यिक कृतिको भाषाशैली सरल, सहज र स्पष्ट देखिन्छ । नेपाली समीक्षा-समालोचना लेखनको इतिहासमा अधिकारीको योगदान महत्त्वपूर्ण रहेको छ ।

निचोडमा धर्मराज अधिकारी नेपाली साहित्यको प्रगतिवादी फाँटका एक विशिष्ट प्रतिभा ठहरिन्छन् र नेपाली साहित्यका विविध फाँटमा कलम चलाए तापनि उनको प्रमुख योगदान चाहिँ प्रायोगिक समालोचना क्षेत्रमा रहेको देखिन्छ । लेखनको निरन्तरता प्रगतिवाद प्रतिको निष्ठा, कृतिहरुलाई न्यायोचित रुपमा व्याख्या विश्लेषण गर्ने निष्पक्ष मूल्याङ्कन गर्ने, तटस्थताको समालोचकीय धर्मलाई अवलम्बन गरी नयाँ परम्पराको थालनी गर्ने अधिकारी चल्तीका जल्दाबल्दा समालोचकहरुको माझमा पृथक उच्च कोटीका प्रगतिवादी प्रायोगिक समालोचक ठहरिन आउँछन् ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी, धर्मराज (२०४७), **श्यामप्रसादः विश्लेषण र मूल्याङ्कन,** काठमाडौं : नेपाल मैत्री प्रकाशन ।

...................... (२०६३), **आँखीभ्यालबाट हेर्दा श्यामप्रसाद शर्मा,** काठमाडौंः समला स्मृति कोष तथा साहित्य सेवा सदन ।

......................(२०६४), (अनु) **हड्बु र नोल्बु** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

......................(२०६८), **श्यामप्रसादको साहित्यिक योगदान**, काठमाडौंः गङ्गादास श्रेष्ठ ।

......................(२०६९), **श्यामप्रसादको जीवनी/ व्यक्तित्व**, काठमाडौंः माधुरी मानन्धर ।

......................(२०६९), **श्यामप्रसादको प्रबन्धगत योगदान**, काठमाडौंः साहित्य सेवा सदन ।

......................(२०७०), **गुप्तवासको रहस्य,** काठमाडौंः माधुरी मानन्धर/ शारदा नापित ।

......................(२०७०), **संस्कृत साहित्यको दर्पण**, काठमाडौंः सनलाइट पब्लिकेसन ।

अधिकारी, धर्मराज र सुमित्रा बाँस्कोटा (२०७१ दोस्रो संस्करण), **अनिवार्य नेपाली,** काठमाडौंः मकालु प्रकाशन गृह ।

चापागाईं, निनु, (२०५४), **मार्क्सवादी सौन्दर्य चिन्तन,** ललितपुरः मृदुल चापागाइँ ।

चैतन्य, (२०५४), **मार्क्सवादी कलादृष्टि र समीक्षा,** काठमाडौंः चिन्तन प्रकाशन ।

ढकाल, घनश्याम (२०५४), **मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना,** पोखराः विजय ढकाल ।

प्रभात, विष्णु (२०४७), **"गरिब लेखकको धनी व्यक्तित्व",** दृष्टि साप्ताहिक पृष्ठ ६ ।

प्रसाद, शिव, **'श्यामप्रसाद विश्लेषण र मूल्याङ्कन' गोरखापत्र** (२०४७ माघ १९) पृ ख ।

बराल, ऋषिराम (२०४९), **प्रगतिवाद,** विराटनगरः हाम्रो साहित्य सदन ।

.................... (२०५२), **मार्क्सवाद र उत्तरआधुनिकतावाद,** विराटनगरः सरिता बराल ।

बाँस्कोटा, सुमित्रा, **हङ्बु र नोल्बु दक्षिण कोरियाली भाषाको अनुवाद, दायित्व मासिक,** (वर्ष २१ पूर्णाङ्क ६०, २०६४ फागुन) पृ ६२ ।

.................., **"धर्मराज अधिकारी साहित्यिक अक्षरहरुमा"**, **जनमत साहित्य मासिक,** (वर्ष २५, अङ्क १०, साहित्यिक अङ्क १३५ २०६५ कात्तिक) पृ ६५ ।

भुसाल, घनश्याम, (२०६४), **आजको मार्क्सवाद र नेपाली क्रान्ति,** काठमाडौँ: नेपाल अध्ययन केन्द्र ।

रावल, भीम, (२०४७), **नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास,** काठमाडौँ: पैरवी प्रकाशन ।

शर्मा, तारानाथ, (२०३९), **नेपाली साहित्यको इतिहास,** काठमाडौँ: रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज, **नेपाली गद्य र भाषा साहित्य,** काठमाडौँ: नवीन प्रकाशन ।

सुवेदी, राजेन्द्र, (२०६१), **नेपाली समालोचना, परम्परा र प्रवृत्ति,** काठमाडौँ: ग्लोबल प्रकाशन ।

................ (२०६२), **नेपाली समालोचनाः परम्परा र प्रवृत्ति,** वारणसी: भूमिका प्रकाशन ।

# परिशिष्ट

## प्रश्नावली

प्रश्न १ : धर्म सर, तपाइँको जन्म कहिले र कहाँ भएको हो?

उत्तर : मेरो जन्म वि.सं. २०१८ साल हंसपुर गा.वि.स. २ दहपोखरी, अर्घाखाँचीमा भएको हो ।

प्रश्न २ : तपाइँको माता पिताको बारेमा बताइदिनुहोस् न ।

उत्तर : मेरो माताको नाम शोभना अधिकारी हो । पिताको नाम विष्णु प्रसाद हो । पेसाले आमा कृषक र बुबा पुरेत्याइँका साथै आर्युवेद ज्ञाता र ज्योतिष समेत भएकाले आयुर्वेदिक उपचार गर्नुहुन्थ्यो । बुबा समाजसेवाका कामहरु पनि गर्नुहुन्थ्यो ।

प्रश्न ३ : तपाइँको बाल्यकाल कसरी बित्यो?

उत्तर : तिन दिदीपछि जन्मेको रहरको छोरो भएकोले प्रशस्त पारिवारिक माया पाएँ । बुबा संस्कृतका प्रकाण्ड विद्वान भएकाले बुबाले संस्कृतका अक्षरहरु घोकाउनु हुन्थ्यो । छोरा विद्वान बनोस् भन्ने रहर भएकोले तिन वर्ष देखिनै पढाउन सुरु गर्नुभयो । त्यसैले मेरो बाल्यकाल खेल्नमा भन्दा बढी पढ्नमा नै बित्यो ।

प्रश्न ४ : तपाईको शिक्षादीक्षा बारे खुलाइदिनुहुन्छ कि?

उत्तर : बुबा छोरालाई पढाउनुपर्छ भन्ने विचारको हुनुहुन्थ्यो । त्यसैले तिन वर्षदेखि घरमा शिक्षक राखेर पढाउन थाल्नुभयो । स्कुल टाढा भएकोले तिन वर्षसम्म मामाघरमा बसेर पढेँ । चार र पाँच मिडिल स्कुलमा पढेँ । ६ देखि एस.एल.सी. सम्म क तौलेश्वरनाथ संस्कृत मा.वि.मा. पढेँ । २०३४ सालमा एस.एल.सी. फस्ट डिभिजनमा पास भएपछि २०३६ सालमा दाङको जनता क्याम्पसबाट आई.ए. पास गरेँ । त्यसपछि काठमाडौं आएर बाल्मीकि क्याम्पसबाट वि.ए. पास गरेँ । कीर्तिपुर बहुमुखी क्याम्पसबाट एम.ए. उच्च प्रथम श्रेणीमा पास गरेँ । विस्तार क्याम्पसबाट एक वर्षे बी.एड. पनि गरेँ । २०६६ मा आएर त्रि.वि. बाट विद्यावारिधि हासिल गरेको छु ।

प्रश्न ५ : तपाइँले साहित्यिक प्रेरणा कहाँबाट पाउनुभयो?

उत्तर : बुबा संस्कृतको विद्वान भएकोले बुबाको संस्कृतका श्लोकहरुबाट म सानैदेखि प्रभावित थिए । मेरो गाउँघर र स्कुलमा हुने साहित्यिक कार्यक्रमले पनि मलाई

साहित्य तर्फ लाग्न प्रेरणा मिलेको हो । पछि रा.वि.से. शिक्षक यादव प्रसाद ढुङ्गानाको प्रेरणा पाएर साहित्य लेखन सुरुवात् गरेँ ।

प्रश्न ६ : तपाइँको पहिलो साहित्यिक रचना कुन हो?

उत्तर : मेरो पहिलो साहित्यिक रचना 'जीवन एक अनुभव' निबन्ध हो । पहिलो प्रकाशित रचना चाहिँ २०३८ सालमा गोरखापत्रमा प्रकाशित सिद्धिचरण श्रेष्ठको काव्यकारिता बारे लेखिएको समीक्षा हो । पहिलो प्रकाशित पुस्तक चाहिँ २०४७ सालमा प्रकाशित श्यामप्रसादः विश्लेषण मूल्याङ्कन हो ।

प्रश्न ७ : तपाइँको जीवनको उद्देश्य के हो?

उत्तर : जे प्राप्त हुन्छ र जति प्राप्त हुन्छ त्यति नै चित्र बुझाउने अभावमा पनि भावको अनुभूति गर्ने अनावश्यक महत्वकांक्षा नराखेर जे गर्दैछु ठिकै गर्दैछु भनेर खुसी भएर समाजसेवाका विभिन्न कार्यहरु गर्नु नै मेरो उद्देश्य हो ।

प्रश्न ८ : तपाइँ आस्तिक कि नास्तिक?

उत्तर : आस्तिक तर कोरा एवं अदृश्य शक्ति (ईश्वर) को कल्पना गरेर त्यसैसँग तर्सेर सर्वस्व ठानेर हिड्ने होइन । जीवनप्रति सकारात्मक सोच नै मेरो आस्तिकी हो । मान्छेप्रति दया, माया, सहयोग, सहानुभूति व्यक्त गर्न छाडेर ईश्वरको पछि लाग्ने र उसैप्रति समर्पित बनेको ढ्वाङ रचेर मानव मात्रलाई अन्याय गर्ने पक्षमा म छैन ।

प्रश्न ९ : साहित्य सिर्जनामा केलाई महत्व दिनुहुन्छ?

उत्तर : कुनै पनि बाबु आमाका निम्ति आफ्ना सबै सन्तान बरोबर नै हुन्छन् । साहित्यिक व्यक्तित्वका निम्ति पनि उसका सबै खाले रचना समान लाग्छन् । तथापि मेरो सिर्जनामा समालोचना विधा मोहक बनेको छ ।

प्रश्न १० : तपाइँको जीवनको सुखद दुःख क्षण कुन हो?

उत्तर : मेरो विद्वान पितालाई मैले प्रज्ञाको शिखर चुमेको क्षण (पि.एच.डि. गरेको) भन्न नपाउँदा सधैँ दुःखका काँडाले च्वास्स च्वास्स घोच्छ । छ छ वर्षसम्म दिउँसै बत्ती बालेर खोज्दा पनि भेट्न नसकेको नदिइएको मेरा शोधनायक तथा सिङ्गो नेपाली साहित्यकै शिखर पुरुष श्यामप्रसादलाई भेटेको दिन सबैभन्दा सुखद क्षण हो ।

प्रश्न ११ : आफ्नो रचनाको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?

उत्तर : मूलतः म प्रगतिवादी समालोचक हुँ यसै धारमा रहेर मैले कुनै पनि कृति र कृतिको जीवनधर्मी र वस्तुगत विश्लेषण र मूल्याङ्कन गर्ने काम गरेको छु। अतः म चालीसको दशकदेखि निरन्तर यस क्षेत्रमा आस्थापूर्वक वैचारिक स्खलन विना लागिरहेको हुँदा निष्ठावान् समालोचक हुँ भन्ने वर्ग गर्छु। अगि मूल्याङ्कनको हकदार अरु विद्धतगणः।